
छैटौँ गैरआवासीय नेपाली
विश्व सम्मेलन तथा गैरआवासीय
नेपाली संघ-अन्तर्राष्ट्रिय
महाधिवेशन- २०७० (२-५ कात्तिक) मा
सहभागी सबैमा

## हार्दिक स्वागत गर्दछौं ।



गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्

10TH ANNIVERSARY 2003-2013

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को विश्व सम्मेलन विशेषांक

# ग्लोबल नेपाली

Issue 15, October 2013

अंक १५, कात्तिक २०७०

# एनआरएन अभियान
# एक दशक




छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा गैरआवासीय नेपाली संघ-अन्तर्राष्ट्रिय महाधिवेशन २०७०

२-५ कात्तिक, २०७०
काठमाडौं, नेपाल

## Event Partners

Sanima Bank
सबल अनि विश्वसनीय

IMPERIAL DEVELOPERS

KANTIPUR MEDIA GROUP

NPBCL
नेपाल पूर्वाधार विकास कम्पनी लिमिटेड

Best Remit
quick & easy

## Platinum Partners

TBI GROUP
partner in every step

MELBOURNE INSTITUTE OF TECHNOLOGY

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
Service with a personal touch...

Global IME Bank

## Silver Partners

Kumar Panta
R.C. - Europe
NRNA - ICC

Kul Acharya
IPP
NRNA NCC - UK

Prabhu Money Transfer

Prabhu Management

## Supporters

Narendra B. Bhat
R.C. - Middle East
NRNA-ICC

4 Nations International
Pioneer in Education & Migration Services

Sathi

Rakshi

NRN Myanmar

NRN China

NRN Qatar

NRN Russia

NRN Canada

NRN Korea (South)

NRN Australia

NRN Malaysia

NRN Japan

NRN Investment Limited
Kathmandu, Nepal

City Express Money Transfer

Sayapatri

Sonam Lama
Member, USA
NRNA - ICC

Commerz and Trust Bank Nepal Ltd.

NRN Hongkong

NRN Germany

Nepal Global Services

Subinprara Infotech Inc.
New York, USA

RightWAY
Create success. Together



# राष्ट्रपतिको कार्यालय

राष्ट्रपति भवन, महाराजगञ्ज
काठमाडौं, नेपाल ।

राष्ट्रपतिको कार्यालय
शीतल निवास, काठमाडौं

पत्र संख्या :-
चलानी नं. :-



## शुभकामना सन्देश

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैर-आवासीय नेपाली संघले संयुक्त रुपमा नेपालमा आयोजना गर्न लागेको छैटौं गैर-आवासीय नेपाली विश्व सम्मेलन (6th NRN Global Conference) को अवसरमा स्मारिका प्रकाशन गर्न लागेकोमा खुशी व्यक्त गर्नु भएको छ ।

सम्माननीय राष्ट्रपतिले प्रवासमा रही नेपाली दाजुभाइ दिदीबहिनीहरूले पसिना चुहाएर देशको आर्थिक उन्नतिमा सघाउ पुऱ्याउन गर्नुभएको प्रयत्नको लागि धन्यवाद दिनु भएको छ । छैटौं विश्व सम्मेलनमा सहभागी सबैले असल काम गरेर नेपालको शिर उच्च राख्न र संघले नेपालको निर्यात व्यापार, पर्यटन, पूर्वाधार विकास र लगानी प्रवर्द्धनमा समेत नेतृत्वदायी भूमिका निर्वाह गर्ने विश्वास प्रकट गर्नुका साथै रोजगारीको सिलसिलामा विभिन्न मुलुकमा जाने नेपाली श्रमिकहरूको कल्याण र हितमा समेत काम गर्ने अपेक्षा गर्नु भएको छ ।

सम्माननीय राष्ट्रपतिले स्मारिकामा प्रकाशित हुने लेख रचनाहरू मार्फत गैर-आवासीय नेपालीहरूको चिन्ता, चासो तथा उपलब्धी सम्बन्धमा नेपालका नीति निर्माता तथा सम्बद्ध सबैको लागि जानकारीमूलक र उपयोगी हुने विश्वास व्यक्त गर्नुहुँदै सम्मेलनको सफलताको लागि शुभकामना व्यक्त गर्नु भएको छ ।

आज्ञाले,

(वासुदेव दाहाल)
सह-सचिव

मितिः- २०७० आश्विन १७ गते बिहिबार ।

अध्यक्ष
मन्त्रिपरिषद्

काठमाडौं, नेपाल



## शुभकामना

नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघले संयुक्त रुपमा आयोजना गरेको **छैटौं गैरआवसीय नेपाली विश्व सम्मेलन**को अवसरमा **स्मारिका** प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई खुसी लागेको छ ।

विश्वव्यापीकरणको प्रभावस्वरुप वर्तमान समयमा एक देशबाट अर्को देशमा आवतजावत गर्ने कार्यले तीव्रता पाएको छ । नेपालबाट प्रत्येक वर्ष थुप्रै नेपालीहरु रोजगारी, उच्च शिक्षा, व्यापार, व्यवसाय तथा पर्यटनका लागि विदेश भ्रमण गरिरहेका छन् । यसरी भ्रमण गर्ने नेपालीहरु विदेशमा रहेर नेपाली राष्ट्रियता र पहिचानलाई प्रवर्द्धन गर्दै गैरआवासीय नेपालीका रुपमा परिचित रहेका छन् । विदेशमा रहेका नेपाली मूलका गैरआवासीय नेपालीहरुको अधिकार गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ ले सुनिश्चित गरेको छ भने गैरआवासीय नेपालीहरुको हकहित प्रवर्द्धनका लागि गैरआवासीय नेपाली संघले प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ भन्ने मलाई लाग्दछ ।

यसै सन्दर्भमा गैरआवसीय नेपाली संघले आयोजना गरेको छैटौं गैरआवसीय नेपाली विश्व सम्मेलनको अवसरमा **स्मारिका** प्रकाशन गर्नु प्रशंसनीय कार्य हो । प्रस्तुत प्रकाशन संघका गतिविधि, योजना, लगायत विविध लेखरचना तथा गैरआवासीय नेपाली सम्बन्धी महत्वपूर्ण जानकारी प्रवाह गर्न सहयोगी हुने विश्वास लिएको छु । यसप्रकारका क्रियाकलापले भविष्यमा पनि निरन्तरता प्राप्त गरुन् भन्ने कामनाका साथ छैटौं गैरआवसीय नेपाली विश्व सम्मेलन तथा प्रस्तुत प्रकाशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

आश्विन, २०७०

(खिलराज रेग्मी)



नेपाल सरकार

परराष्ट्र मन्त्री

परराष्ट्र मन्त्रालय
सिंहदरवार
काठमाण्डौ नेपाल।

## शुभकामना सन्देश

***गैरआवासीय नेपाली र नेपाल : समृद्धिका साझेदार*** भन्ने नाराका साथ आगामी कात्तिक ४–५, २०७० मा काठमाडौंमा आयोजना हुन गइरहेको छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलनको अवसरमा एक स्मारिका प्रकाशन हुन लागेकोमा खुसी व्यक्त गर्न चाहन्छु ।

नेपाली मन र मुटु बोकेर संसारभरि फैलिएका गैरआवासीय नेपालीहरू हाम्रा सद्भावना राजदूत पनि हुन् । नेपाली अस्तित्व र पहिचानलाई संसारभरि उजिल्याउन उनीहरूले खेलेको भूमिका आफैंमा प्रशंसनीय छ ।

नेपालको सर्वाङ्गीण विकासमा गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, अनुभव र पूँजी परिचालन गर्न तथा उनीहरूको नेपालसँगको सम्बन्धलाई घनीभूत बनाउन नेपाल सरकारले महत्वपूर्ण कदमहरू चाल्दै आएको कुरा सबैलाई विदितै छ । गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ ले गैरआवासीय नेपालीहरूलाई गैरआवासीय नेपाली परिचयपत्र उपलब्ध गराउने, विदेशी मुद्रामा नेपालमा लगानी गर्न पाउने, निश्चित मात्रामा जग्गा खरिद गर्न पाउने लगायत विभिन्न सेवा, सुविधा र सहुलियतहरू उपलब्ध गराएको कुरा स्मरणीय छ । साथै गैरआवासीय नेपाली अभियानलाई कसरी सार्थक र उपलब्धिमूलक बनाउन सकिन्छ, यसमा नेपाल सरकार, निजी क्षेत्र र गैरआवासीय नेपालीहरू स्वयम्ले केकस्तो भूमिका निर्वाह गर्नुपर्छ भन्ने कुरा परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानमार्फत अध्ययन गराइएको छ । त्यसबाट प्राप्त हुने सुझावहरूको कार्यान्वयनबाट यस अभियानले नयाँ उचाइ प्राप्त गर्ने मेरो अपेक्षा छ ।

साथै गैरआवासीय नेपालीहरूलाई आर्थिक कूटनीतिको एउटा महत्वपूर्ण साझेदारका रूपमा लिई विभिन्न नीतिगत तथा संस्थागत व्यवस्था गरिएको कुरा पनि म निवेदन गर्न चाहन्छु ।

आम नेपाली जनताले गैरआवासीय नेपालीहरूबाट धेरै आशा गरेका छन् । संक्रमण कालबाट गुज्रिरहेको मुलुकको तीव्र विकास र समृद्धिको एउटा महत्वपूर्ण साझेदारका रूपमा उनीहरूलाई हेर्न चाहेका छन् । नेपाली जनताका यी अपेक्षाहरूलाई साकार बनाउन उहाँहरू ठोस योजना र कार्यक्रमका साथ आउनुहुनेछ र यो विश्व सम्मेलन त्यसैको एउटा कडी हुनेछ भन्ने मलाई विश्वास छ ।

विश्वव्यापीकरणको लहरसँगै नेपालीहरू संसारका कुनाकाप्चासम्म पुगेका मात्र छैनन्, त्यहाँ आर्जन गरेको ज्ञान, सीप, पूँजी र प्रविधिलाई स्वदेशमा भित्र्याएर एउटा शान्त, समृद्ध र आधुनिक नेपाल निर्माण गर्ने सपनालाई मलजल पनि गरेका छन् । उनीहरूका ती अनुभव र ती कथाहरूसमेत समेटेर प्रकाशन हुन लागेको स्मारिकाले गैरआवासीय नेपाली अभियानलाई संस्थागत र स्मरणीय बनाउन टेवा पुऱ्याउनेछ र सम्पूर्ण गैरआवासीय नेपाली तथा राष्ट्रवासीहरूका लागि पठनीय सन्दर्भ-सामग्री बन्नेछ भन्ने कुरामा म विश्वस्त छु ।

स्मारिका प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु ।

माधवप्रसाद घिमिरे
परराष्ट्र मन्त्री

FOR NEPALI BY NEPALI    नेपालीका लागि नेपाली

# Non-Resident Nepali Association (NRNA)

# गैरआवासीय नेपाली संघ



Ref:

## शुभकामना सन्देश

यो स्मारिका छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा गैरआवासीय नेपाली संघको दशौं बार्षिकोत्सबका अवसरमा संघका विश्वभर सम्पन्न विविध गतिविधिहरुलाई समेटेर प्रकाशन गरिएको हो । गैरआवासीय नेपालीहरुले गरेका विविध कार्यक्रम, राष्ट्र उत्थानमा गैरआवासीय नेपालीहरुको भूमिका र सम्भाव्यता एवं यस क्षेत्रका समस्याहरुलाई स्मारिकामा केहि हदसम्म समाबेश गरिएको छ । स्मारिका प्रकाशन एवं अन्य गतिविधिहरुमा यहांहरुबाट हामीलाई प्राप्त सुझाव एवं मार्ग निर्देशनप्रति हार्दिक आभार प्रकट गर्दछु । स्मारिका प्रकाशनका लागि सहयोग गर्नु हुने मित्रहरु, हामीलाई लेख रचना तथा गतिविधिहरु संप्रेषण गरी प्रकाशन कार्यमा सहयोग पुऱ्याउनु हुने सबै जना धन्यवादका पात्र हुनुहुन्छ ।

बिश्व अहिले एक ग्रामको अबधारणाबाट अघि बढी रहेको छ । जहाँ अवसरहरु छन् त्यहि मानव आप्रवास बढ्छ । नेपाली समुदाय पनि रहर होस् वा बाध्यताले अहिले विश्व भरि छरिएर रहेको छ । विकासोन्मुख राष्ट्रको आर्थिक विकासमा त्यस देशका गैरआवासीय नागरिकहरुको अहम भूमिका रहेको हामीले देखेका छौं । नेपाली समुदाय त्यसको अपबाद हुन सक्दैन । गैरआवासीय नेपालीहरुले आफुसंग सिमित साधन र श्रोत हुँदा समेत राष्ट्र निर्माणको काममा होस्टेमा हैसें गर्दै आएका छन् । बिदेसमा भर्खरै स्थापित हुन संघर्ष गरि रहेको नेपाली समुदायको राष्ट्र निर्माणका काममा आगामी दिनहरुमा अझ बढी भूमिका रहने कुरामा द्विविधा छैन । गैरआवासीय नेपाली अभियान बिश्व भरि छरिएर रहेको नेपाली समुदायलाई जन्मभुमी प्रतिको आफ्नो कर्तब्यबाट बिमुख नभई आ-आफ्नो क्षेत्रबाट सक्दो योगदान गराउने उदेश्यले अभिप्रेरित छ ।

छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा गैरआवासीय नेपाली संघको दशौं वार्षिकोत्सवका अवसरमा नेपालमा रहनु हुने तथा विश्वभैर छरिएर बस्नु भएका समस्त नेपाली समुदायमा हादिर्क शुभकामना ब्यक्त गर्दछु ।

जीवा लामिछाने
अध्यक्ष,
अन्तर्राष्ट्रिय समन्वय परिषद,
गैरआवासीय नेपाली संघ ।

NRNA Secretariat, FNCCI Building, Pachali Shahid Shukra FNCCI Milan Marg Teku, P O Box 269, Kathmandu, Nepal
Tel: (+977-1) 4215247 / 4262255, Fax: (+977-1) 4262255, Email: nrn@nrn.org.np, Website: www.nrn.org.np




नेपाल उद्योग वाणिज्य महासंघ

Federation of Nepalese Chambers of Commerce & Industry

P.O. Box: 269
Sahid Sukra
FNCCI Milan Marg, Pachali
Teku, Kathmandu, Nepal
Tel.: 4262061, 4262218, 4266889
Fax: 977-1-4261022, 4262007
E-mail: fncci@mos.com.np
http://www.fncci.org

FNCCI


## शुभ-कामनाका दुई शब्द

गैर आवासीय नेपाली अभियानको शुरुवातसंगै गैर आवासीय नेपाली संघसँग महासंघको गहिरो सम्बन्ध रही आएको छ । गैर आवासीय नेपालीहरुलाई नेपालमा संस्थागत रुपमा स्थापित गर्ने कुरामा नेपाल उद्योग वाणिज्य महासंघले अहम् भूमिका निर्वाह गर्दै आएको कुरामा कसैको पनि विमती नहोला । मुलुकले यतिखेर राजनीतिक स्थायित्व, शान्ति, कानूनी राज, द्रुत आर्थिक विकास खोजेको छ । समृद्ध नेपाल सवै नेपालीको चाहना हो । यसका लागि ठूलो मात्रामा पूँजी, नयाँ ज्ञान, प्रविधि, नयां कार्यशैली र अग्रगामी सोँचको आवश्यकता छ । संसारका विभिन्न देशहरुमा रहेर ज्ञान, शीप, पूँजी, अनुभव, बहुसांस्कृतिक सँस्कार हासिल गरेका गैर आवासीय नेपाली समुदाय माफ म यस अवसरमा नेपालको निजी क्षेत्रसंग सहकार्य गर्दै मुलुकको आर्थिक विकासको साझेदारको रुपमा आउन आव्हान गर्दछु ।

नेपाल सरकार, यस महासंघ र गैरआवासीय नेपाली संघको संयुक्त आयोजनामा कार्तिक ४ र ५ गते काठमाडौंमा छैठौं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा गैरआवासीय नेपाली संघ-अन्तराष्ट्रिय महाधिवेशन २०७० (6$^{Th}$ NRN Global Conference & NRN International Convention 2013) आयोजना हुन लागेको छ । यस अवसरमा म विदेशमा बसेर मातृभूमिको अवस्थाप्रति चिन्तित, नेपालमा संक्रमणको अन्त्य तथा नेपाल र नेपालीको समृद्धिको चाहना राख्ने तपाई सम्पूर्ण गैर आवासीय नेपालीहरुमा हार्दिक शुभकामना प्रकट गर्दछु ।

यस सम्मेलनले समृद्ध नेपाल निर्माणमा गैर आवासीय नेपालीहरु तथा गैर आवासीय नेपाली संघको भूमिकालाई अझ गहन बनाउने मेरो आशा छ । सम्मेलनमा सामूहिक लगानी, वैदेशिक रोजगार, गैर आवासीय नेपालीको अभियानलाई ठोस उपलब्धीमूलक बनाउने जस्ता विषयमा हुने छलफल र गैर आवासीय नेपाली सम्बन्धी ऐन नियम, दोश्रो पुस्ताका गैर आवासीय नेपालीहरुको सहभागिता लगायतका विषयमा हुने अन्तरक्रिया गैरआवासीय नेपाली विश्व सम्मेलन तथा गैर आवासीय नेपाली संघ-अन्तर्राष्ट्रिय महाधिवेशन २०७० **"गैर आवासीय नेपाली र नेपालः समृद्धिका साझेदार"** को मुख्य नारालाई साकार पार्ने दिशामा साँच्चिकै एक महत्वपूर्ण प्रयास हुने विश्वास मैले लिएको छु ।

गैर आवासीय नेपालीहरुको कुम्भ मेलाको रुपमा पहिचान बनाएको विश्व सम्मेलनमा यो संघ र गैर आवासीय नेपाली अभियान मुलुकको आर्थिक सामाजिक विकासका दिशामा अझ बढी अग्रगामी योजना तथा कार्यक्रम लिएर आउन सफल हुने विश्वास नेपाल उद्योग वाणिज्य महासंघले लिएको छ । नेपालको हरेक विकास प्रयासमा विभिन्न देशहरुमा वसोवास गर्नु भएका तपाई गैर आवासीय नेपाली दाजुभाई दिदीबहिनीहरुबाट अझ बढी सहयोग र सहकार्य हुने र यसका लागि नेपालको निजी क्षेत्रको प्रतिनिधिमुलक संस्था नेपाल उद्योग वाणिज्य महासंघ आफ्नो तर्फबाट पूर्ण सहयोगका लागि प्रतिवद्धता जाहेर गर्दै यस कार्यमा नेपाल सरकारबाट समेत पूर्ण सहयोग रहने विश्वास लिएको छु ।

अन्त्यमा, विश्व सम्मेलनले मुलुकको आर्थिक सामाजिक विकासमा गैरआवासीय नेपालीहरुको भूमिका, सम्भाव्यता एवं चुनौतीहरुलाई राम्रैसंग चिरफार गर्न सकोस भन्ने कामनाका साथ सम्मेलनमा भागलिन विश्वका विभिन्न मुलुकबाट पाल्नु भएका सम्पूर्ण गैरआवासीय नेपाली समुदायमा पुनः हार्दिक शुभ–कामना व्यक्त गर्दछु । तपाईहरुको नेपाल बसाई सुखमय वनोस भन्ने कामना समेत गर्दछु । साथै नेपालीहरुको महान पर्वहरु बडा दशै, तिहार तथा छठका अवसरमा हार्दिक शुभकामना समेत प्रकट गर्दछु ।

भवदीय,

(सुरज वैद्य)
अध्यक्ष

२०७०/६/१८



नेपाली भेषभुषासहित एकताको सन्देश प्रस्तुत गर्दै जापानका गैरआवासीय नेपाली ।


**गैरआवासीय नेपाली**
**संघद्वारा प्रकाशित**

गैरआवासीय नेपाली संघ, सचिवालय
टेकु, काठमाडौं
फोन नं. ९७७-०१-४२१५२४७, ४२६२२५५



*यस न्युजलेटरमा प्रकाशित सामग्री, लेख तथा अन्तर्वार्ता साभार गरी पुनः प्रकाशन गर्न सकिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदछौं ।*

**प्रधान सम्पादक**
डा. हेम राज शर्मा

**सामग्री संयोजन**
सम्झना पौडेल

**डिजाइन**
सानुबाबु तामाङ

**कभर डिजाइन**
भानु भट्टराई



आउटलाइन मिडिया

काठमाडौं, नेपाल
फोन नं. ०१-४१०२१०३



**सम्पादकीय** ७

आवरण

संगठित यात्राको एक दशक ८

डायस्पोरा र मूल देश १०
*जुगल भूर्तेल*

सम्मेलन

योजना बनाउँदै अघि बढ्दै १२

परोपकार

समाज कल्याणमा समर्पण १५

कल्याणकारी समाज, कल्याणकारी राज्य २०
*रवीन्द्र मिश्र*

हिसाब-किताब गर्ने बेला भएको छैन २१
*आनी छोइङ डोल्मा*

लगानी

विदेशको कमाइ स्वदेश भित्रिंदै २२

नेपाल प्रवर्द्धन

विश्वभर पहिचान २६

विश्वमा नेपाललाई चिनाउने एनआरएन ३०
*कर्ण शाक्य*

नेपाली डायस्पोरा

विश्वमा स्थापित हुंदै ३२

अबको पुस्ता झन् सवल हुन्छ ३५
*कुलचन्द्र गौतम*

नागरिकता निरन्तरता

नेपाल जोड्ने कडी ३७

दोहोरा नारिकताको प्रश्न ४०
*प्रा.डा. सूर्यप्रसाद सुवेदी*

वैदेशिक रोजगार

सुधारमा सबैको ध्यान ४२

रेमिट्यान्स र एनआरएन ४४
*सरू जोशी श्रेष्ठ*

कार्यदल गतिविधि ४५

राष्ट्रिय समन्वय परिषद् गतिविधि ४९

अन्तर्राष्ट्रिय समन्वय परिषद्का गतिविधि ५२

फोटो-फिचर ५८

# दशकको यात्रा

क्षमताको विस्तार र अवसरहरू खोज्दै विदेशिएका नेपालीहरूलाई नेपालसँगको अपनत्व कायम राख्न दश वर्षे गैरआवसीय नेपाली अभियान धेरै हदसम्म सफल भएको छ । अभियानको प्रारम्भदेखि नै गैरआवासीय नेपाली संघले नेपालको समृद्धिका लागि आर्थिक र बौद्धिक लगानी भित्र्याउने, सीप र क्षमताको उपयोग गर्ने कुरामा जोड दिँदै आएको छ । नेपाल सरकारले प्रतिवद्धता गरेअनुसार गैरआवासीय नेपाली सम्बन्धी ऐन ल्याएर लगानीको लागि बाटो खुलाएको छ । नेपालको सञ्चार, शिक्षा, जलविद्युत्, बैंक तथा वित्तीय, पर्यटन लगायतका क्षेत्रमा एनआरएनहरूले लगानी गरिसकेका छन् । अहिलेसम्मका हाम्रा प्रयत्नहरू नेपालको सम्पूर्ण विकासका लागि पर्याप्त होइनन् भन्नेमा हामी निश्चिन्त छौं । देशको अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको रेमिटेन्सलाई उत्पादनशील क्षेत्रमा लगाउन सकियो भने वैदेशिक रोजगारमा बगेका पसिनाको सार्थकता हुनेछ ।

लगानीको साथमा यस अभियानले गरेको सामाजिक सेवा र कल्याणतर्फ पनि मूल्यांकन गरिनुपर्छ । सम्पदा संरक्षण, शिक्षा, स्वास्थ्य, वृद्धाश्रम निर्माण, खानेपानी, छात्रवृत्ति लगायतका परियोजना र परोपकारी कार्यले हाम्रो गतिशीलता र सक्रियतालाई चिनाइराख्ने छ । नेपाललाई विश्वसामु चिनाउन नेपाली हाउसको सस्थापन, नेपाली मेला आदिको आयोजनाले धेरै सहयोग गरेका छन् । आगामी दिनहरूमा यस्ता क्रियाकलाप बढाउन सकियो भने नेपालको पर्यटन विकासमा धेरै सहयोग मिल्नेछ ।

विदेशमा स्थापित हुँदैगरेको पहिलो पुस्ताका गैरआवासीय नेपालीहरूबाट नेपालमा बस्ने आम नेपाली र सरकारले गरेको अपेक्षा पूरा गर्नु चुनौतीपूर्ण छ । संघले लाखौं संख्यामा वैदेशिक रोजगारीमा रहेका नेपालीको समस्या पहिचान गरी समाधानका लागि सरकारलाई सुझाव दिंदैआएको छ । यसले भोलिका दिनमा पनि निरन्तरता पाउने नै छ ।

गैरआवासीय नेपाली अभियानलाई दलीय तथा अन्य गुटबाट मुक्त राख्नु र स्वस्थ सस्थाको रूपमा विकसित गर्न अर्को चुनौती हो । व्यक्तिविशेष राजनीतिक दर्शनबाट प्रभावित हुनसक्छ तर सिंगो अभियानलाई भने राजनीतिमुक्त राख्न नसके र निःस्वार्थ संस्थाका रूपमा विकसित गर्न नसके हामीमाथि नै प्रश्नचिन्ह उठ्न सक्छ । यस अभियानको आर्थिक र सैद्धान्तिक दीर्घायित्वबारे पनि बेलैमा सोचिनु पर्छ । अर्कातिर, आन्तरिक लगानी समेत विकर्षित भइरहेको र विकास दुरूह हुँदै गएको देशमा पूँजी र क्षमता भित्र्याउनैपर्ने दायित्वको भारी हामीमा छ ।

अफ्रिकादेखि अमेरिका हुँदै सबै महाद्वीपका ११० भन्दा बढी देशमा छरिएर रहेका गैरआवासीय नेपालीहरू एकतावद्ध गर्दै नागरिकता निरन्तरताको विषयलाई सम्बोधन गरी दोस्रो पुस्ताका गैरआवासीय नेपालीहरूलाई पनि नेपालसँग भावानात्मक रूपमा जोड्न सक्यौं भने देशको आर्थिक, सामाजिक समृद्धि र उत्थानका लागि प्रशस्त सम्भावना रहेका छन् ।

गैरआवासीय नेपालीका यस्तै सम्भावना र गतिविधिलाई नेपाली डायस्पोरा, नेपाल सरकार, नेपालको व्यावसायिक क्षेत्र लगायत सरोकारवाला समक्ष पुऱ्याउने कडीका साथ विगत दुई वर्षदेखि परिमार्जित प्रकाशित हुने यस 'ग्लोबल नेपाली' ले कतिसम्म उद्देश्य हासिल गऱ्यौं त्यसको मूल्यांकन गर्न हामीले पाठकलाई नै छाडेका छौं ।

यसको प्रकाशनमा सहयोग गर्ने लेखक, संवाददाता तथा सम्पूर्ण गैरआवासीय नेपाली समुदायप्रति हामी ऋणी छौं । एनआरएनको गतिशीलतालाई पछिल्ला वर्षमा अझ बढाउन सञ्चारको पाटोबाट सघाउने पत्रकार भगिरथा योगी, सरोज दाहाल, एनआरएन काठमाडौं सचिवालय, मिडिया कार्यदल साथीहरूप्रति पनि आभारी छौं । छैटौं विश्व सम्मेलनमा प्रकाशन हुने यस स्मारिकाका साथ अहिलेको सम्पादन समूहले विदा लिएको छ । विश्व सम्मेलनपछि आउने सम्पादक मण्डलले यसलाई अझै परिस्कृत रूपमा प्रकाशन गर्न सक्नेछ भन्ने विश्वास सहित शुभकामना ।




पहिलो विश्व सम्मेलन ।



# संगठित यात्राको एक दशक

सन् २००३ अगष्टको लण्डन बैठकपछि औपचारिक सूत्रमा बाँधिएका विदेशमा बस्ने नेपालीहरूको एकता यात्राले एक दशक पूरा गरेको छ । यो अवधिमा गैरआवासीय नेपाली (एनआरएन) संघको सञ्जालभित्र विश्वका विभिन्न ६५ मुलुकमा बसोबास गर्ने नेपालीहरू औपचारिक रूपले अटाएका छन् । २००३ को अक्टोबर ११ देखि १४ सम्म काठमाडौंमा सम्पन्न पहिलो विश्व सम्मेलनमा ३२ मुलुकमा बसोबास गर्ने २१० जना नेपाली सहभागी थिए । आउँदो ११ औं सम्मेलनमा ६५ मुलुकबाट आउने एक हजार भन्दा बढी नेपालीको उपस्थितिले अनेकता भित्रको एक विश्वको झल्को दिँदै छन् ।

सहभागी तथा प्रतिनिधिहरू अहिलेको तुलनामा कम रहे पनि पहिलो विश्व सम्मेलन गैरआवासीय नेपालीको यात्रालाई प्रष्ट गति दिन एक महत्वपूर्ण कोशेढुंगा सावित भएको थियो । त्यसयता हरेक २/२ वर्षमा आयोजना हुने क्षेत्रीय र विश्व सम्मेलनले विश्वभर छरिएर बसेका नेपालीहरूलाई एक थलोमा ल्याएर भावी कार्ययोजना तय गर्दै आएको छ । एक दशकको इतिहासमा गैरआवासीय नेपालीहरूले विभिन्न अभियानबाट मातृभूमिसँग सदैव जोडिने तथा नेपालको दिगो हित प्रवर्द्धन गर्ने दर्जनौं सार्थक प्रयत्न थालनी गरिसकेका छन् ।

गैरआवासीय नेपाली तथा विदेशीहरूबाट समेत लगानी आकर्षण गरी मातृभूमिको आर्थिक विकासमा योगदान गर्ने विषयमा संघले स्थापनादेखिनै आवाज बुलन्द पार्दै आएको छ । संघका विभिन्न विश्व तथा क्षेत्रीय सम्मेलनहरूका घोषणापत्रहरूमा उल्लेख सामूहिक लगानीको अवधारणाले समेत पछिल्लो समय मूर्तता पाएको छ । विश्वभरबाट सामूहिक लगानी रकम संकलन गरी स्थानीय साझेदारसँग मिलेर लमजुङस्थित २७ मेगावाटको दोर्दीखोला जलविद्युत् आयोजना निर्माण शुरू भइसकेको छ । दोर्दीखोलाको शुरूवात विदेशमा बस्ने सबै नेपालीहरूको स-सानो बचत समेत मातृभूमिको हितमा लगाउने सपनाको पहिलो साकार रूपको रूपमा लिइएको छ ।

सन् २००५ अक्टुबरमा गैरआवासीय नेपाली सम्बन्धी अध्यादेश जारी भएको थियो । संसद् नभएकाले ६ महिनापछि त्यो स्वतः खारेज भएकोमा २००७ मा पुनःस्थापित प्रतिनिधिसभाले त्यसलाई संशोधन सहित ऐनको रूपमा पारित गऱ्यो । एनआरएन अभियानलाई कानूनी मान्यता दिन स्थापनाकालदेखि उठाउँदै आएको प्रस्ताव ऐनबाट एक हदसम्म सम्बोधन भएको थियो । "ऐन आएपछि स्वदेशमा लगानी गर्ने उत्साह सबैमा थपिएको हो" संघका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतो भन्नुहुन्छ ।



"विदेशमा बस्ने हरेक नेपालीले कमाइको २/३ प्रतिशत मात्र स्वदेशमा लगानी गर्ने हो भने ठूलो कायापलटको आधार बन्छ" अर्थ मन्त्रालयका वरिष्ठ आर्थिक सल्लाहकार चिरञ्जीवी नेपाल भन्नुहुन्छ, "राज्य र गैरआवासीय नेपाली संघले यसलाई नीतिगत रूपमै अघि बढाउन आवश्यक छ ।" पूर्व अर्थ सचिव रामेश्वर खनाल गैरआवासीय नेपालीहरूको इतिहास लामो नभए पनि अहिलेसम्म आएको लगानी सराहनीय रहेको बताउनुहुन्छ । संघले गैरआवासीय नेपालीको लगानी विस्तारसँगै विदेशी नागरिकलाई समेत मातृभूमिमा उद्योग व्यवसायका लागि आकर्षित गर्न नियमित पहल गर्दै आएको छ । आर्थिक कूटनीति विस्तारका लागि नेपालीको संख्या बढ्दै गएका मुलुकहरूमा कूटनीतिक नियोग स्थापनाका लागि पहल गर्ने लगायतका निर्णय विभिन्न सम्मेलनमा औपचारिक रूपमै गरिएका छन् । मातृभूमिको हितमा आर्थिक लगानी मात्र होइन, बौद्धिक लगानी समेत प्रवर्द्धन गर्नुपर्छ भन्नेमा समेत गैरआवासीय नेपालीहरू सक्रिय छन् ।

एनआरएन सञ्जाल मार्फत विश्वभर नेपाली कला र संस्कृतिको प्रवर्द्धन गरी पर्यटन विकासमा जोड दिने पहल संघको स्थापनादेखि नै हुँदै आएको छ । विभिन्न मुलुकमा बनेका नेपाल हाउसदेखि वर्षेनि हुने नेपाल मेला तथा लगानी प्रवर्द्धनका लागि भइरहेका पहल त्यही चिन्तनको सकारात्मक परिणाम हो ।

परोपकार गैरआवासीय नेपालीको पहिचान बनिसकेको छ । आफ्नो गाउँठाउँमा सानातिना सामाजिक कार्य गर्नेदेखि विभिन्न सामूहिक प्रयत्नका ठूला परियोजना समेत परोपकार अन्तर्गत सञ्चालित छन् । हालसम्ममा व्यक्तिगत र सामूहिक गरी गैरआवासीय नेपालीहरूको तर्फबाट एक अर्ब रूपैयाँ भन्दा बढीका परोपकारका काम भइसकेका छन् ।

त्यसको फलस्वरूप अहिले विभिन्न जिल्लामा एनआरएनको सहयोगमा शिक्षा, स्वास्थ्य, बृद्धाश्रम, अस्पताल, किरियापुत्री भवन, बाटोघाटो तथा खानेपानी निर्माण लगायतका परोपकारी कार्यहरू सञ्चालन भइरहेका छन् । विदेश बस्ने नेपालीलाई स्वदेशसँग जोड्ने तथा यहाँ हुनेहरूलाई पनि आफन्त परदेश गएर कमाउँदा सबैले लाभ पाएको अनुभूति दिलाउने भएकाले सामाजिक कार्यको खुला प्रशंसा हुने गरेको छ ।

गैरआवासीय नेपाली अभियानको शुरूवातदेखिकै अर्को एक प्रमुख मुद्दाको रूपमा आप्रवासी कामदारको हित रहेको छ । वैदेशिक रोजगारीमा जानुपूर्व जीवन तथा स्वास्थ्य बीमा गर्नुपर्ने, कामदारको कल्याणका लागि कल्याणकारी कोष स्थापना गर्नुपर्ने, गैरआवासीय नेपालीको पहिचानका लागि परिचयपत्रको व्यवस्था गरिनुपर्ने लगायतका विषयहरू कार्यान्वयनमा आइसकेका छन् । संघले वैदेशिक रोजगारीमा जाने नेपालीहरूको लागि सूचना पुस्तिका छपाइ गरी सबै गाविस र नगरपालिकामा निःशुल्क उपलब्ध गराउँदै छ ।

विदेशमा अध्ययनमा तल्लीन युवापुस्ता मातृभूमिको नयाँ सम्भावना र भविष्यको आधार रहेको गैरआवासीय नेपाली संघका अभियन्ताहरूको भनाइ छ । उनीहरूले त्यहाँ सिक्ने अत्याधुनिक सीप र प्रविधिले मुलुकको समृद्धिको ढोका खोल्ने उनीहरू बताउँछन् । संघको स्थापनाकालदेखि नै नेपालमा बौद्धिक लगानी प्रवर्द्धन गर्नेबारे बहस शुरू भएको हो । त्यस यता नेपालीहरू विदेश जानु 'ब्रेन ड्रेन' नभइ 'ब्रेन गेन' रहेको यथार्थ स्मरण गर्दै विदेशमा सिकेको सीप स्वदेश भित्र्याउनेबारे नियमित चर्चा हुन थालेको हो । "कुनै पनि मुलुकबाट बाहिरिने जनशक्ति नै भोलि त्यो देशको विकासको आधार बनेका हुन्छन्" संयुक्त राष्ट्र संघका पूर्व सहायक महासचिव कुलचन्द्र गौतम भन्नुहुन्छ, "आफ्ना नागरिकले विदेशमा सिकेको सीप, ज्ञान र प्रविधि कुनै पनि विकासोन्मुख मुलुकका लागि अत्यन्त ठूलो पूँजी हो ।"

गैरआवासीय नेपाली अभियानले पूरा गरेको एक दशक यात्राले संरचनागत रूपले मात्र बलियो संस्थाको स्थापना भएको छैन, भावनात्मक एकता र भ्रातृत्वका दृष्टिले यो झनै जिवन्त छ । विश्वभरका नेपालीहरूको सुख-दुःख बिसाउने साझा चौतारीको रूपमा गैरआवसीय नेपाली संघ स्थापित भएको छ । यसले अर्काको मुलुकमा पुग्नुपरे पनि सामूहिक भाइचाराबाट विमुख हुनुपरेको छैन । तर, अब संस्था फराकिलो भएसँगै यसमा एकता र सक्रियताका लागि नयाँ ढंगको ऊर्जा र थप रचनात्मक चिन्तन जरूरी पर्नेमा संस्थापकहरू एकमत छन् ।

गैरआवासीय नेपाली संघले उठाएको संविधानसभा निर्वाचनमा विदेशमा बस्ने नेपालीले पनि मतदान गर्न पाउनुपर्ने मागमा समेत पछिल्लो समय निर्वाचन आयोगले सम्भावित प्रक्रियाका बारे अध्ययन गरेको थियो। तर मतदान प्रक्रियाबारे तत्काले टुंगो लागिनसेकाले आसन्न संविधानसभाको दोस्रो निर्वाचनमा भने भारत बाहेकका देशमा बसोबास गर्ने ३० लाख हाराहारी नेपालीले मतदान गर्न नपाउने भएका छन् । संविधानसभापछिका निर्वाचनमा भने विदेशमा बस्ने नेपालीहरूको मताधिकार सुरक्षित गर्ने उपाय पत्ता लगाउने निर्वाचन आयोगका अधिकारीहरूले बताएका छन् ।

विदेशमा बस्ने नेपालीलाई मातृभूमिसँग भावनात्मक रूपले जोडिराख्न संघले लण्डन बैठकदेखि नै नेपाली नागरिकताको निरन्तरताबारे बहस शुरू गरेको हो । पछिल्लो समय नेपाली नागरिकताको निरन्तरताको मुद्दामा सबै राजनीतिक दलका प्रमुख नेताहरूले ऐक्यवद्धता जनाइसकेकाले नयाँ संविधान जारी भएसँगै यसको प्राप्ति हुने अपेक्षा गरिएको छ । गैरआवासीय नेपालीको दोस्रो पुस्ता हुर्कंदै जाँदा उनीहरूलाई नेपालसँग जोड्ने सबैभन्दा बलियो कडी नागरिकताको निरन्तरता नै हो । ●

## १० वर्षमा के के ?

- ६५ देशमा एनआरएन सञ्जाल ।
- नेपाली नागरिकताको निरन्तरताका लागि सबै प्रमुख दल सहमत ।
- एनआरएन ऐन आएपछि लगानीमा सहज ।
- सामूहिक लगानीमा २७ मेगावाट दोर्दीखोला जलविद्युत आयोजना सुरू ।
- वैदेशिक रोजगारीका समस्या पहिचान गरी समाधानका लागि सरकारसँग निरन्तर सहकार्य
- विभिन्न क्षेत्रमा परोपकारी योगदान ।
- नेपाल प्रवर्द्धनका लागि विश्वभर अभियान सञ्चालन ।
- विदेशमा अन्तर्राष्ट्रिय स्तरको ख्याति कमाउन नेपालीहरू सफल ।

# डायस्पोरा र मूल देशः पारस्परिक सम्बन्धका आयामहरू



डा. जुगल भूर्तेल

विदेशी समाजसँग जति घुलमिल हुन सक्यो विदेशमा उति नै सम्भावनाका ढोका खुल्दै जान्छन्, प्रगतिको बाटो चौडा हुँदै जान्छ र अन्ततः विदेशिनुको मुख्य कारण पारिवारिक समृद्धिको प्राप्ति पनि सहज हुन्छ । तर ती सबै आकर्षणका वावजुद प्रवासी समुदायले 'मेल्टिङ पट' मा पग्लिएर पराई जीवनलाई पूर्ण रूपले आत्मसात गर्न नसक्ने नै रहेछ । त्यसैले भूमण्डलीकरणको तीव्रताले राष्ट्रका सीमाहरू कमजोर हुने सम्भावना बढे पनि आफ्नो छुट्टै परिचयलाई जीवन्त राख्ने मान्छेको चाहनालाई भने आश्चर्यजनक रूपले झन् उजागर गरिदिएको छ । डायस्पोराहरूको अस्तित्व र परिचयको सर्वोच्च स्वरूप तिनको मूल देश हो, जसको शान्ति र समृद्धिमा मात्र डायस्पोराको इज्जत, सम्मान र सुरक्षा सुनिश्चित हुन्छ ।

मातृभूमि छाडेर विदेशिने प्रवृत्ति जति बढ्दैछ उति नै संसारभरि आ-आफ्ना मातृभूमिलाई समृद्ध र सुदृढ पार्न सहयोग गर्ने उद्देश्यले राष्ट्रिय र अन्तर्राष्ट्रिय सञ्जाल बन्ने प्रक्रिया झन्झन् व्यापक हुँदै गएको छ । ल्याटिन अमेरिकी राष्ट्रका डायस्पोराहरू मूलतः 'होमटाउन एशोसिएशन', 'रिटर्नी एशोसाएशन' जस्ता कुनै स्थानीय क्षेत्र विशेषको विकासलाई सहयोग गर्ने संस्थाहरू मार्फत संगठित भएका छन् भने अफ्रिकी मुलुकका डायस्पोरा बृहत् अफ्रिकी परिचयको सेरोफेरोमा आवद्ध हुँदै गएका देखिन्छन् । एक दशक लामो गैरआवासीय नेपाली अभियान पनि विश्व डायस्पोरिक चेतनामा आएको त्यही जागरणको परिणाम हो ।

> विदेशिएको प्रतिभालाई घर फर्काउन सकिंदैन भने छिमेकी भारतले गरेजस्तो मातृभूमिमा विभिन्न परियोजनामा तिनलाई संलग्न गराएर त्यसबाट फाइदा किन नलिने ?

अल्पविकसित मुलुकहरूबाट हरेक वर्ष २० देखि ३० लाख मान्छे प्रवासिने गरेको अनुमान गरिन्छ । अधिकांशको गन्तव्य अमेरिका, जर्मनी, क्यानडा, अष्ट्रेलिया र खाडी मुलुक रहेको छ । तिनले वार्षिक घर पठाउने रेमिट्यान्स कूल अन्तर्राष्ट्रिय अनुदान भन्दा निकै नै बढी छ । तेस्रो विश्वका धेरै मुलुकमा रेमिट्यान्स प्रमुख आयस्रोत नै बनेको छ ।

नेपालको सन्दर्भमा राजनीतिक अस्थिरता, द्वन्द्व र बेरोजगारीका कारण हरेक दिन एक हजार भन्दा बढीको संख्यामा युवाहरू नयाँ जीवनको खोजिमा विदेशिने क्रम जारी छ । गैरआवासीय नेपाली संघको अनुमानित तथ्यांक अनुसार सार्क मुलुक बाहिर मात्र ३० लाखको हाराहारीमा नेपालीहरू छन् र यो संख्या निरन्तर बढ्दो छ । तिनले पठाएको रेमिट्यान्सले ठूलो राजनीतिक अस्थिरता र औद्योगिक निराशाको स्थितिमा पनि नेपालको अर्थतन्त्रलाई महत्वपूर्ण टेवा पुऱ्याउँदै आएको छ । रेमिट्यान्सका कारण विशेषगरी ग्रामीण क्षेत्रको गरिबी घटेको तथ्यांक सार्वजनिक भइरहँदा गैरआवासीय नेपाली समुदायको यो योगदानप्रति हामी जति गर्व गर्न सक्छौं त्यति नै विदेशबाट त्यस्तो दुःख गरेर पठाएको कमाइ मूलतः उपभोगजन्य क्रियाकलापमा प्रयोग हुने गरेको अर्को किसिमको तथ्यांक चिन्ताजनक छ । रेमिट्यान्सको रचनात्मक उपयोगका लागि ल्याटिन अमेरिकी र फिलिपिन्स जस्ता मुलुकको लामो अनुभवबाट हामीले शिक्षा लिन सक्छौं ।

युरोप र विशेषगरी अमेरिकामा एउटै गाउँ जिल्ला आदिबाट अल्पकालीन रोजगारीमा आएका प्रवासीहरूमा आफ्नो ठाउँसँगको सम्बन्धलाई अक्षुण राख्न र त्यहाँ लोककल्याणका काम गर्ने उद्देश्यले 'होमटाउन एशोसिएशन' (एचटीए) खोल्ने प्रवृत्तिको विकास भएको छ । मेक्सिकनहरूको मात्रै तीन हजार त्यस्ता संस्था भएको अनुमान गरिन्छ भने फिलिपिनोहरूको अनुमानित हजार भन्दा बढी । त्यस्ता संस्थालाई उत्साहित गर्ने उद्देश्यले मेक्सिकोका केही प्रान्तीय सरकारले त्रेस पोर उनो (एक वापत तीन) कार्यक्रमको सञ्चालन गरेका छन्, जस अनुसार एचटीएले स्थानीय विकासमा लगाएको एक डलर बराबर राष्ट्रिय, प्रान्तीय र स्थानीय सरकारले एक( एक गरी थप तीन डलर लगानी गर्छन् । सन् २००५ बाट विश्वव्यापी मनी ट्रान्सफर कम्पनी वेष्टर्न युनियनले अरू एक डलर थपेर कार्यक्रमलाई 'एक वापत चार' बनाएको छ । अन्तर ाष्ट्रिय दातृ संस्थाहरूले पनि केही अफ्रिकी र ल्याटिन अमेरिकी मुलुकमा डायस्पोरा संगठनद्वारा सञ्चालित विकास निर्माणका योजनामा साझेदारका रूपमा लगानी गर्न थालेका उदाहरण छन् । यी संस्थाले आ-आफ्नो क्षेत्रमा लोककल्याणकारी कार्यक्रममा लगानी गर्नुका अलावा खानेपानी, सरसफाइ, बाटो निर्माण, ग्रामीण विद्युतीकरण र साना तथा मझौला उद्योगको सञ्चालन जस्ता परियोजना निर्माणमा समेत संलग्न छन् । कतिपय गाउँका लागि यी आधारभूत आवश्यकता हुन्, जसमाथि स्थानीय सरकारको ध्यान पुग्न सकेको हुँदैन ।

अर्को महत्वपूर्ण अन्तर्राष्ट्रिय उदाहरण व्यवसायमा सफलता प्राप्त गरेका स्कटिस डायस्पोराको सानो समूहको 'ग्लोबल स्कोट' नेटवर्क हो । त्यसको उद्देश्य व्यावसायिक सीप र अवसर चाहने विश्वभरिका स्कटिस नागरिकलाई नेटवर्कका सदस्यको अनुभव र सल्लाहबाट लाभान्वित तुल्याउनु रहेको छ । यस बाहेक अन्तर्राष्ट्रिय व्यापार विस्तार गर्न चाहने स्कटल्याण्डका कम्पनीहरूलाई त्यसको वातावरण निर्माणका लागि नेटवर्कका सदस्यहरू स्वयंले आवश्यक निःशुल्क परामर्श दिनु पनि 'ग्लोबल स्कोट' स्थापनाको अर्को महत्वपूर्ण उद्देश्य हो । स्कटल्याण्डका नेटवर्कका सदस्यहरूले स्कटल्याण्ड बाहिर रहेका आफ्ना गैरआवासीय नागरिकलाई तिनको रूची र अध्ययन मुताविक मातृभूमि भित्र अल्पकालीन रोजगारी, इन्टर्नसीप, तालिमको अवसर खोजिदिने र स्कटल्याण्डका युवा व्यवसायीलाई विदेशमा अध्ययन, लगानी आदिको व्यवस्था गर्न सहयोग गर्ने गरेका छन् । स्कटिस डायस्पोरालाई देशसँग जोड्ने र त्यो सुदृढ सम्बन्धको धरातलमा मुलुकमा सक्षम व्यावसायिक वर्गको उत्थान र अन्ततः मातृभूमिको

विकासमा योगदान गर्ने ग्लोबल स्कट नेटवर्कको यो अनुभवबाट हामी पनि लाभान्वित हुन सक्छौं। अर्को सानो नेटवर्क 'ग्लोबल चिली' पनि यस्तै उद्देश्यले स्थापित संस्था हो। यस्ता सञ्जालको महत्वपूर्ण शिक्षा के हो भने प्रत्यक्ष उपलब्धि हासिल गर्न ठूलै संगठन नचाहिने रहेछ।

यद्यपि, हाम्रो अन्तिम चाहना त कुनै पनि नेपालीले कामको खोजिमा विदेशिनु नपरोस्, देश भित्रै रोजगारी मिलोस् भन्ने नै हुनुपर्छ। तर विकसित राष्ट्रमा गएर राम्रा विश्वविद्यालयमा अध्ययन गरेका, राम्रो ओहोदामा काम गरिरहेका नेपालीहरू दुर्भाग्यवश अहिले नै घर फर्कन सक्ने परिस्थित देखिंदैन। विकसित मुलुकमा पुगेपछि भरसक उतै बस्न चाहने नेपालीको संख्या बढिरहेको छ। पछि मुलुकमा राजनीतिक स्थायित्व आएर आर्थिक एजेण्डाले प्रमुखता पाउन थालेपछि गैरआवासीय भारतीयहरू मातृभूमि फर्के जस्तो हाम्रा प्रवासी दाजुभाइ दिदीबहिनी पनि नेपाल फर्केलान्। तर अमेरिका, क्यानडा, अष्ट्रेलिया वा युरोपका विभिन्न मुलुकमा विद्यार्थीकाल बिताएर उतै काम खोजी बसोबास गर्ने ग्लोबल एक्सपोजर पाएका नेपालीहरू स्वेच्छाले वा बाध्यतावश समयक्रममा विदेशी नागरिक हुने सम्भावना धेरै रहन्छ। त्यसैले त्यस्तो 'ब्रेन ड्रेन'लाई रोक्न सकिंदैन भने त्यसलाई मुलुकको विकासमा रचनात्मक ढंगले उपयोग गर्नेतिर सोच्न आवश्यक छ। विदेशमा स्थापित हुन सक्ने प्रतिभाले त्यहाँ आफूलाई स्थापित गराइसकेपछि मूल देशमा ज्ञान, प्रविधि र पूँजी लगेर व्यवसाय सञ्चालन गर्न थालेका उदाहरण बढ्दै गए पछि अहिले 'ब्रेन ड्रेन' लाई कसरी 'ब्रेन गेन' र 'ब्रेन सर्कुलेशन' मा रूपान्तरण गर्ने चर्चा हुन थालेको छ। विदेशिएको प्रतिभालाई घर फर्काउन सकिंदैन भने छिमेकी भारतले गरेजस्तो मातृभूमिमा विभिन्न परियोजनामा तिनलाई संलग्न गराएर त्यसबाट फाइदा किन नलिने ?

डायस्पोरालाई मूल देशसँग जोड्ने कडी भनेको भावनात्मक सम्बन्धको सुदृढीकरण हो। त्यसैले 'नागरिकताको निरन्तरता' गैरआवासीय नेपाली अभियानको एउटा प्रमुख मुद्दा रहिआएको छ। नेपाली डायस्पोरा मूलतः पहिलो पुस्ताको भएकोले अझै पनि हाम्रा सम्बन्धका जराहरू नेपालमा गहिरोसँग गाढिएका छन्। तर डायस्पोरामा पुस्तान्तर हुँदै जाँदा त्यो सम्बन्ध त्यति नै स्थिर नरहला। पहिलो पुस्ताको जीवन विदेशमा स्थायित्वको खोजीमा नै बित्ने हुँदा नेपालको आर्थिक रूपान्तरणमा साँच्चै योगदान गर्न सक्ने भनेको डायस्पोराको दोस्रो पुस्ता नै हो। त्यो पुस्ताका अधिकांश युवा नेपाली मूलका विदेशी नागरिक हुने निश्चित छ। त्यसैले तिनलाई नेपालसँग जोडेर राख्न नागरिकताको सवालमा मुलुकका नीति-निर्माताहरू उदार हुन जरूरी छ। विश्वभरिको अनुभवबाट शिक्षा लिएर नागरिकताको निरन्तरतालाई राष्ट्रपयोगी बनाउन सकिन्छ। विश्वका थुप्रै मुलुकले कुनै न कुनै प्रकारले दोहोरो नागरिकताको प्रश्नलाई सम्बोधन गरेर बदलिंदो अन्तर्राष्ट्रिय परिवेशमा आफूलाई उदार प्रमाणित गरिसकेका छन्। नेपालले पनि 'एक पटकको नेपाली सधैंको नेपाली' रहने उदार संवैधानिक व्यवस्था गर्न आवश्यक छ। त्यस्तो प्रावधानले विदेशमा बस्ने नेपालीहरूलाई नेपालसँगको सम्बन्धलाई अक्षुण्ण राख्दै आफ्ना सन्ततिलाई नेपाल देश र नेपाली संस्कृतिसँग जोडेर राखिरहन सक्ने परिस्थिति सिर्जना गरिदिनेछ। त्यसैले 'नागरिकताको निरन्तरता' गैरआवासीय नेपालीलाई मात्र होइन, नेपालका लागि पनि उत्तिकै आवश्यक छ।

गैरआवासीय नेपाली संघले आफ्ना विश्व, क्षेत्रीय र विभिन्न देशमा हुने राष्ट्रिय अधिवेशन मार्फत थुप्रै घोषणा गर्ने गरेको छ। तर भावनाको आवेग अनुरूप तिनको कार्यान्वयन हुन नसकिराखेको परिस्थिति छ। हामीलाई 'कुरा गर्न अघि सर्ने काम गर्न अल्छि मान्ने' समुदायको रूपमा पनि यदाकदा चित्रित गर्न थालिएको छ। यसमा केही सत्यता भए पनि सबैले मनन गर्नैपर्ने मूल कुराचाहिं के हो भने नेपाली डायस्पोरामा देखिएको हलचल एउटा ठूलो अभियान हो। गैरआवासीय नेपाली संघको निर्माण, सम्मेलनहरूको आयोजना, त्यहाँ व्यक्त विचारहरू, मातृभूमिसँगको हाम्रो अन्तर्क्रिया, आदि सबै समग्रमा त्यही अभियानका अंग हुन्। नेपालमा गैरआवासीय नेपालीका साना ठूला जति पनि क्रियाकलाप, बौद्धिक र आर्थिक लगानी भएका छन् ती आफैंमा दूरगामी महत्वका छन्, जसले डायस्पोराको भावी पुस्तालाई नेपालसँगको सम्बन्धलाई निरन्तरता दिने एउटा आधार खडा गरेको छ। नेपाली डायस्पोरामा 'जसरी भए पनि नेपालमा केही न केही त गर्नैपर्छ' भन्ने उत्साह देखिनु सानो उपलब्धि होइन। तर पनि मातृभूमिको हामीप्रति ठूलो अपेक्षा छ र हामीले त्यस अनुरूपको योगदान गर्न सकेका छैनौं। त्यसको समीक्षा हुनु जरूरी छ। स्वयंसेवी संस्थाहरूले एजेण्डाहरूमा निरन्तर काम गर्न नसक्ने रहेछन् भन्ने एउटा शिक्षाप्रद उदाहरण हामी आफैं हौं। 'ग्लोबल चिली' र 'ग्लोबल स्कोट' नेटवर्कहरूले आफ्नो मूल देशमा योजनालाई कार्यान्वयन गर्न एक एउटा स्थानीय गैरसरकारी संस्थासँग सहकार्य गर्ने गरेको देखियो। हामीले पनि आफ्ना घोषणालाई कार्यान्वयन गर्न स्थानीय संस्थाहरूको सहयोग लिंदा बढी उपयुक्त र प्रभावकारी हुने सम्भावना छ।

आरम्भमा देखिने अति उत्साहलाई एउटा स्वयंसेवी संस्थाले सधैं कायम राख्न् नसकेका प्रशस्त उदाहरणहरू छन्। गैरआवासीय नेपाली संघको अभूतपूर्व विश्वव्यापी विस्तार र दुई वर्षमा काठमाडौंमा जम्मा हुने बृहत् भेलाले हामीमा अझै त्यो उत्साह कायमै छ भन्ने देखाउँछ। त्यो घट्नु अगावै गैरआवासीय नेपाली संघको घोषित उद्देश्य अनुरूप नेपालको आर्थिक-सामाजिक रूपान्तरणमा अझ सक्रिय भएर लागि हाल्ने चुनौती हाम्रो सामु छ। हाम्रा हरेक पहल, घोषणा र योजनाको कार्यान्वयन गर्न कम्तीमा एकजना प्रोजेक्ट च्याम्पियन र नेपालमा सहयोगका लागि सक्षम स्थानीय संस्थाको आवश्यकता देखिन्छ। विश्वका अरू डायस्पोराको अनुभवलाई हेर्दा कुनै पनि डायस्पोराको उचित र प्रभावकारी उपयोग गर्न त्यसको मूल देशमा सहकार्य गर्न सक्षम संस्थाहरू हुनु आवश्यक रहेछ। यस सन्दर्भमा, हामीले स्थापनाकालदेखि नै सहकार्य गर्दै आएको नेपालको एउटा महत्वपूर्ण संस्था नेपाल उद्योग वाणिज्य महासंघसँगको सम्बन्धलाई अझ सुदृढ पार्न जरूरी छ।

> **बृहत् नेपाली समाज र नेपालको राजनीतिक वर्गले अन्ततः डायस्पोराको सामूहिक क्षमता र सम्भावनाको सीमिततालाई बुझेको देखिन्छ। यो नै गैरआवासीय नेपालीको एक दशकको सबैभन्दा ठूलो उपलब्धि हो।**

बृहत् नेपाली समाज र नेपालको राजनीतिक वर्गले अन्ततः डायास्पोराको सामूहिक क्षमता र सम्भावनाको सीमिततालाई बुझेको देखिन्छ। यो नै हाम्रो एक दशकको सबैभन्दा ठूलो उपलब्धि हो। हामीसँग पनि संसारमा सम्भवतः अरू कुनै डायस्पोरासँग नभएको गर्व गर्न लायक विश्वव्यापी संगठन एवं संख्यात्मक र गुणात्मक रूपले संसारभरि निरन्तर फैलिरहेको नेपाली समुदायको अनन्त उत्साह छ। हाम्रा विविध कानूनी आवश्यकताहरू त छन् तर तिनको क्रमशः निरूपण हुँदै जानेछ। यो सकारात्मक वातावरणलाई गैरआवासीय नेपाली संघ र नेपाल सरकार दुवैले उपयोग गरेर डायस्पोरा र मातृभूमि बीचको पारस्परिक हित हुने प्रभावकारी सम्बन्धको विकासलाई अझ तीव्र पार्न सक्नुपर्छ। ●

*(लेखक गैरआवासीय नेपाली संघका सल्लाहकार एवं पूर्वप्रवक्ता हुनुहुन्छ)।*

*आंशिक साभारः ऐक्यवद्धता मासिक*




# योजना बनाउँदै अघि बढ्दै

गैरआवासीय हरेक सम्मेलनमा नेपालको समृद्धिमा गैरआवासीय नेपालीहरूले पुऱ्याउन सक्ने योगदानबारे गम्भीर समीक्षा हुने गरेको छ। मातृभूमिको छवि उच्च पार्दै मुलुकको आर्थिक विकास, पर्यटन र संस्कृति प्रवर्द्धनमा गैरआवासीय नेपालीले सक्दो योगदान गर्ने निर्णय हरेक सम्मेलनका घोषणापत्रमा औपचारिक रूपले अध्यावधिक मात्र गरिएको छैन, त्यसको कार्यान्वयन र प्रगति समीक्षामा पनि उत्तिकै चासो व्यक्त हुँदै आएको छ। २००३ को अक्टुबर ११ देखि १४ सम्म काठमाडौंमा पहिलो विश्व सम्मेलन सम्पन्न गर्दै गैरआवासीय नेपाली संघको औपचारिक अभियान शुरू भएको हो। ३२ मुलुकमा बसोबास गर्ने २१० जना गैरआवासीय नेपाली सहभागी सम्मेलनले संघको भावी कदमबारे दीर्घकालीन नीति अख्तियार गरेको थियो। नेपाली नागरिकताको निरन्तरता, नेपालमा लगानी प्रवर्द्धन, नेपालको विश्वव्यापी पर्यटन प्रवर्द्धन लगायतका मुद्दा पहिलो सम्मेलनदेखि नै उठाइँदै आएका हुन्। सन् २००५ को जनवरी २१ र २२ सम्पन्न संघको पहिलो क्षेत्रीय सम्मेलनले आप्रवासी कामदारको सुरक्षा चासोमा विषेश जोड दिएको थियो। सन् २००५ कै अक्टुबर ९ मा काठमाडौंमा सम्पन्न दोस्रो विश्व सम्मेलनले तात्कालीन अवस्थामा ल्याइएको गैरआवासीय नेपाली सम्बन्धी अध्यादेशले एनआरएन अभियानलाई एक हदसम्म कानूनी मान्यता दिएको भन्दै स्वागत गरेको थियो।

सन् २००५ यता भने विश्व सम्मेलन र क्षेत्रीय सम्मेलन हरेक वर्ष बिराएर आयोजना हुन थालेका हुन्। विश्व सम्मेलनले पारित गरेका निर्णयहरूको कार्यान्वनयबारे अर्को वर्ष आयोजना हुने क्षेत्रीय सम्मेलनमा समीक्षा हुने गरेका छन्। दुई वर्षमा कमसेकम एकपल्ट मातृभूमिमा भेला हुने अभिप्रायले विश्व सम्मेलन नेपालमा र क्षेत्रीय सम्मेलन भने विभिन्न महादेशमा आलोपालो आयोजना गर्ने गरिएको छ। सन् २००६ को जुन ३ र ४ मा युरोपमा आयोजित एनआरएनको दोस्रो क्षेत्रीय सम्मेलन मुख्य गरेर नेपाली नागरिकताको निरन्तरतामै केन्द्रित भएको थियो।

सन् २००७ को अक्टुबर ३० मा नेपाल सरकार, उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघले संयुक्त




# विश्वमा नेपाली ब्राण्ड

**एनआरएन** अभियान शुरूवात गर्दाको क्षण स्मरण गर्नुपर्दा अहिले हाम्रो सञ्जाल संलग्नता, सफलता र प्रभावका दृष्टिले एउटा फराकिलो र सशक्त संस्था भएको महशुस हुन्छ । दश वर्षभित्र संस्थाले प्राप्त गरेको मन्थली स्वीकारोक्ती र गौरवपूर्ण उपलब्धिको लागि नेपाल सरकार सम्पूर्ण नेपाली जनता हाम्रो सहयात्री संस्थाहरू र मूलतः हरेक एनआरएनएका साथीहरू धन्यवादका पात्र छन् । सन् २००३ अक्टोबरमा जुन हामीले प्रथम विश्व सम्मेलनको आयोजना गरियो, देश संकमणले ग्रस्त थियो, राजधानीमा सन्नाटा छाएको थियो । मानिसहरू चक्रपथ नाघेर जान सक्दैनथे । मिडियाले 'नेपाल इज फेलिङ स्टेट' भन्न थालेका थिए भने नेपालीहरूले त्रसित र भयभित जिन्दगी भोगिरहेका थिए । यस्तो अवस्थामा केही एनआरएन साथीहरू नेपाल आउन सुरक्षाको ग्यारेन्टी खोजिरहेका थिए । सम्मेलन संयोजकको नाताले मेरो जवाफ थियो, देश हाम्रो हो र हाम्रो सुरक्षाको ग्यारेन्टी पनि हामी नै हौं ।

यस बीचमा एनआरएन एउटा ज्योतिपुञ्जको रूपमा पूर्व न्युजिल्याण्ड र जापान हुँदै मध्यपूर्व अफ्रिका र युरोपलाई छिचोल्दै पश्चिममा क्यानडा र अमेरिकासम्म यसका किरणहरू फैलिएका छन् । कैयन् देशहरूमा अहिले सानो नेपाल देख्न पाइन्छ, जसरी 'चाइना टाउन/लिटिल इण्डिया' देखिन्छ । नेपालभित्र एनआरएन नाम भैसकेको छ भने विदेशमा नेपाली ब्राण्ड भएर उभिएको छ । विश्वको डायस्पोराको इतिहासमा एनआरएन एउटा युनिक नाम हो, जसलाई म 'नेपालीस्पोरा' भन्न चाहन्छु । नेपाललाई शान्त र समृद्ध मुलुक बनाउने दृढता सहित पाँचवटा उद्देश्यहरू लिएर एनआरएनको जन्म भयो । पहिलो उद्देश्य विदेशमा बस्ने नेपालीहरूको हक र हितको संरक्षण गर्ने यसका निम्ति वैदेशिक रोजगारी र नागरिकताको निरन्तरताको मुद्दा शुरूका दिनदेखि उठाउँदै आयौं । त्यसमा हाम्रो उपलब्धि अझै अपुरो छ । मध्यपूर्व र मलेसियामा काम गर्ने नेपालीहरूको जीवनस्तरमा खासै प्रगति हुन सकेको छैन । एनआरएनको पूँजी, सीप र ज्ञान भित्र्याउने कोशिस जारी छ । यसलाई तीव्रता दिन जरूरी छ । नेपाली भाषा, साहित्य र संस्कृतिलाई विदेशमा उजागर गर्नमा सन्तोषजनक प्रगति भएको छ भने नेपालको गौरव र गरिमा बढाउनमा पनि नेपालीहरूको योगदान प्रशंसनीया रहयो ।

विदेशमा जन्मेको नेपाली पुस्ताले नेपाललाई मातापिताको मातृभूमि मात्र होइन, संसारकै सबैभन्दा सुन्दर देशको रूपमा बुझ्केका छन् । दश वर्षसम्म एनआरएनले नेपाली झण्डा बोकेको भन्दा दोस्रो पुस्ताले नेपाल चिनाउन स्कूलमा गरेको प्रयास अझ बढी प्रभावकारी हुन्छ । नागरिकताको निरन्तरता त्यो दोस्रो र तेस्रो पुस्ताको नेपालीलाई नेपालप्रति आर्कषण बढाउने महत्वपूर्ण कडी हुनेछ । हाम्रा नेता र सरकारले आजै मनन् गर्न जरूरी छ ।

देशको संकटको घडीमा एनआरएनले नियमित रूपमा सहयोग प्रदान गर्दै आएको छ । चाहे त्यो भूकम्पपीडित हुन् या बाढीपीडित, परोपकार कार्यक्रममा एनआरएनको महत्वपूर्ण भूमिका रहयो र त्यसलाई अझ बढी विस्तार गर्न र भएका कामहरूलाई निरन्तरता दिन एनआरएनमा संघीय संरचना लागू गर्न अत्यावश्यक भएको छ । आउँदा दिनमा नेपाललाई सम्पन्न र समृद्ध बनाउन एनआरएनले सशक्त भूमिका खेल्न जरूरी छ । सरकारलाई सचेत गराउने राजनीतिक संयन्त्रलाई दिशानिर्देश गर्ने प्रशासनयन्त्रमा सहयोग र सावधान गराउने र नेपाली जनताको काँधमा काँध मिलाएर देश विकासमा अग्रसर हुनु आजको आवश्यकता हो ।



**भीम उदास**
संरक्षक
गैरआवासीय नेपाली संघ

आयोजना गरेको तेस्रो विश्व सम्मेलनसम्म आइपुग्दा शुरूदेखि उठाइँदै आएको नेपाली नागरिकताको निरन्तरतामा एकहद सम्मको प्रगति भइसकेको थियो । सम्मेलनले पारित १५ बुँदे घोषणापत्रमा प्रधानमन्त्रीदेखि प्रमुख दलका शिर्षस्थ नेताहरूले दोहोरो नागरिकतामा देखाएको सकारात्मक धारणालाई हार्दिकतापूर्वक स्वागत गर्ने उल्लेख गरिएको छ ।

सन् २००८ मे २४ र २५ मा थाइल्यान्डको राजधानी बैंककमा आयोजित संघको तेस्रो क्षेत्रीय सम्मेलन विश्वभर संगठित हुँदै गएका नेपालीहरूबाट आर्थिक तथा बौद्धिक स्रोत मातृभूमिको हितमा उपयोग गर्ने तथा संघले विभिन्न समयमा गरेका प्रतिबद्धता कार्यान्वयनका लागि सरकार, उद्योग वाणिज्य महासंघ र संघबीच सूचना आदानप्रदान र सहकार्यलाई अझ व्यापक बनाउने निर्णय सहित सम्पन्न भएको थियो । सम्मेलनले वैदेशिक रोजगारीमा व्याप्त समस्याप्रति थप चासो व्यक्त गर्दै धेरै नेपाली कामदार भएका मुलुकसँग श्रम सम्झौता गर्न तथा सरकारी उच्च स्तरको भ्रमण संख्यामा वृद्धि गर्न सुझाव दिएको थियो । त्यसका लागि सम्बन्धित मुलुकमा रहेका गैरआवासीय नेपाली संघका संयन्त्रको उपयोग गर्न सरकारलाई अनुरोध गर्ने सम्मेलनको निर्णय थियो ।

> नेपाली नागरिकताको निरन्तरता, नेपालमा लगानी प्रवर्द्धन, नेपालको विश्वव्यापी पर्यटन प्रवर्द्धन लगायतका मुद्दा पहिलो सम्मेलनदेखि नै उठाइँदै आएका हुन् ।

सन् २००९ को अक्टुबर १३ देखि १५ सम्म राजधानी काठमाडौंमा सम्पन्न संघको चौथो विश्व सम्मेलनले गैरआवासीय नेपालीहरूले मातृभूमिमा निरन्तर गर्दै आएको परोपकारी तथा सामाजिक कार्यलाई स्वागत गर्दै त्यसमा तीव्रता दिन औपचारिक आह्वान गरेको थियो । त्यसको फलस्वरूप अहिले विभिन्न जिल्लामा गैरआवासीय नेपालीहरूको सहयोगमा शिक्षा, स्वास्थ्य, बृद्धाश्रम, अस्पताल, किरियापुत्री भवन, बाटोघाटो तथा खानेपानी निर्माण लगायतका परोपकारी कार्यहरू सञ्चालन भइरहेका छन् । काठमाडौं-तराई जोड्ने फाष्ट ट्रयाक तथा जलविद्युत् आयोजनाहरू सार्वजनिक निजी साझेदारी (पीपीपी) अवधारणमा अघि बढाउने सरकारको निर्णयको स्वागत गर्दै संघ समेत सहकार्यका लागि तयार रहेको घोषणा समेत चौथो विश्व सम्मेलनमा गरिएको थियो ।

२९ मे २०१० मा अमेरिकाको युस्टन शहरमा सम्पन्न संघको चौथो क्षेत्रीय सम्मेलनबाट विश्वको आधा जनसंख्या प्रतिनिधित्व गर्ने महिला सशक्तीकरणमा लाग्ने औपचारिक घोषणा गरिएको थियो । नेपालको विकासलाई अत्यावश्यक ज्ञान, सीप र प्रविधि हस्तान्तरणमा जोडतोडले लाग्ने निर्णय समेत चौथो क्षेत्रीय सम्मेलनले गरेको थियो । पहिलो क्षेत्रीय सम्मेलनदेखि नै संघले उठाउँदै आएको खाडी तथा विभिन्न मुलुकमा कामदारको रूपमा गएका नेपालीहरूको सुरक्षा र अधिकारको मुद्दा त्यसयता नियमित चासोको विषय बनेको छ । सुरक्षित आप्रवासनको मूल नारा सहित सन् २०११ को जनवरी १४ र १५ मा दुबईमा सम्पन्न संघको पाँचौं क्षेत्रीय सम्मेलन वैदेशिक रोजगारीलाई व्यवस्थित गर्नमै बढी केन्द्रित थियो । वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सूचना संकलन गर्न सरकार र निजी क्षेत्रको सहकार्यमा सबै गाविस र नगरपालिकामा सूचना पुस्तिका वितरण गर्ने प्रतिवद्धता सम्मेलन मार्फत संघले गरेको थियो । गैरआवासीय नेपाली संघले विभिन्न समयमा दिएका सुझावहरू समेत समेटेर जति सक्दो चाँडो वैदेशिक रोजगारी नीति ल्याउन सम्मेलनले सरकार समक्ष अनुरोध गरेको थियो । मध्यपूर्वमा काम गर्न पुगेका विषेश गरी महिलाहरूको व्यक्तिगत र रोजगार सुरक्षा जटिल बनेको निष्कर्ष सहित सीप प्रवर्द्धन गर्ने लगायतका निर्णय समेत सम्मेलनको घोषणापत्रमा उल्लेख गरिएका छन् । गैरआवासीय नेपाली संघले वैदेशिक रोजगार ीमा जाने नेपालीहरूको लागि सूचना पुस्तिका छपाई गरी सबै गाविस र नगरपालिकामा निःशुल्क उपलब्ध गराउँदै छ ।

सन् २०११ कै जुलाई २३ र २४ मा रूसको मस्कोमा सम्पन्न संघको छैठौं क्षेत्रीय सम्मेलनले मध्यपूर्वमा देखिएको नेपाली कामदारहरूको रोजगारी चुनौती कम गर्न संघ, निजी क्षेत्र र सरकारको सहकार्य बढाउने लगायतका पक्षमा जोड दिएको थियो । साथै सम्मेलनले गैरआवासीय नेपाली संघको संयन्त्र भित्र महिला, युवा र विदेशमै जन्मिएको पुस्ताको सहभागिता बढाउन प्रोत्साहन गर्ने लगायतका निर्णय समेत गरेको थियो ।

१२ देखि १४ अक्टुबर २०११ मा काठमाडौंमा सम्पन्न संघको पाँचौं विश्व सम्मेलनमा ३८ देशमा बसोबास गर्ने ९०० भन्दा बढी प्रतिनिधि सहभागी भएका थिए । सम्मेलनले सरकारले सन् २०१२ र १३ लाई लगानी वर्ष घोषणा गरेको सन्दर्भमा एक सय मेगावाट सम्मको मध्यमस्तरीय जलविद्युत् आयोजना अघि बढाउने औपचारिक घोषणा गरेको थियो । त्यसैको कार्यान्वयन स्वरूप लमजुङको दोर्दी खोला जलविद्युत् आयोजना अघि बढाएको हो । मध्यपूर्व, मलेसिया लगायत देशमा पुगेका नेपाली कामदारको सुरक्षाप्रति पाँचौं विश्व सम्मेलनले समेत उच्च चासो व्यक्त गर्दै वैदेशिक रोजगार नीति परिमार्जन गर्न सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र संघले सहकार्य गर्ने घोषणा गरेको थियो ।

सन् २०१२ को ३० अगष्टदेखि १ सेप्टेम्बरसम्म अष्ट्रेलियाको सिड्नीमा सम्पन्न सातौं क्षेत्रीय सम्मेलनले नेपालको विज्ञान र प्रविधिको विकासमा सघाउ पुऱ्याउन एनआरएन विज्ञान तथा प्रविधि स्थायी समिति स्थापना गर्ने तथा त्यस अन्तर्गत एक साइन्स फाउन्डेशन विकास गर्ने घोषणा गरिएको थियो । गैरआवासीय नेपालीहरूले लामो समय उठाउँदै आएको मातृभूमिमा ज्ञान र प्रविधि हस्तान्तरणको एक नमूनाको रूपमा विकास गर्ने गरी यो अवधारणा आएको हो । संघको छैठौं विश्व सम्मेलन आगामी १९ देखि २२ अक्टोबरसम्म काठमाडौंमा सम्पन्न हुँदैछ । सम्मेलनले एनआरएन एकता तथा नेपालमा लगानी प्रवर्द्धन, वैदेशिक रोजगारीमा जानेको हक र क्षमता अभिवृद्धि जस्ता विषयलाई नै प्राथमिकता दिने कार्यक्रम छ ।



जुम्लाको सन्नी गाउँमा निर्माणाधीन प्रसूति गृह ।

# समाज कल्याणमा समर्पण

मोरङका नारायणराज सुवेदी, ६८ को बुढेसकालमा बेसहारा भइएला भन्ने चिन्ता घरको भन्दा राम्रो सहारा र रेखदेख पाएपछि चितवनको देवघाट एनआरएन बृद्धाश्रमले हटाइदियो । सुवेदी जस्ता बुढेसकालमा सहारा विहीनहरूका लागि भरपर्दो आश्रयस्थल बनेपछि देवघाटको एनआरएन बृद्धाश्रममा बुढ्यौलीमा बेसहारा बनेकाहरू थपिइरहेका छन् । कालीगण्डकी, त्रिशूली लगायत सप्तगण्डकी नदीहरूको संगमस्थल देवघाटमा गैरआवासीय नेपाली संघ (एनआरएन)को सहयोगमा २५ कोठामा ६० शैयाको सुविधासम्पन्न बृद्धाश्रम भवन निर्माण भएको हो । वृद्धाश्रम सञ्चालक समिति संयोजक भेजराज भण्डारी गाईपालन, खानेपानीका लागि छुट्टै परियोजना सञ्चालन, सत्संग, भजन-कीर्तनका लागि छुट्टै भवन निर्माण, दैनिक स्नानका लागि तातो–चिसो पानीको अलग्गै व्यवस्था लगायतका सुविधा बृद्धाश्रमले उपलब्ध गराएको बताउनुहुन्छ ।

यो त नमूना मात्र हो, गैरआवासीय नेपालीले परोपकारी कामका लागि ठूलै सहयोग गर्दै आएका छन् । १५ अम्टुबर २०११ देखि ३१ अक्टुबर २०१२ सम्ममा देशका विभिन्न भू-भागमा परोपकार कार्यका लागि गैरआवासीय नेपालीहरूले ७ करोड ७० लाखको सहयोगको वचन दिएकोमा ५ करोड रूपैयाँ संकलन भएर खर्च भइसकेको छ । पछिल्लो समय विदेशमा बस्ने नेपालीहरूले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा लगायतका क्षेत्रका परोपकारमूलक कार्यमा आफ्ना हातहरू बढाइरहेका छन् ।

२००३ देखि हरेक देशका राष्ट्रिय समन्वय परिषद्ले नेपालमा कम्तीमा एउटा परोपकारी कार्य गर्ने भनेर अभियान शुरू गरेको थियो । यो क्रमले आज अझ धेरै तीव्रता पाइसकेको छ ।

यसै अनुरूप पाँचौं विश्व सम्मेलनको घोषणापत्रमा विभिन्न मुलुकहरुमा रहेका राष्ट्रिय समन्वय परिषद्हरूले सन् २०११-०१३ को कार्य अवधिभित्र कम्तीमा पनि एउटा परोपकारी योजना नेपालमा गर्ने उल्लेख गरिएको छ । त्यसै अनुसार अधिकांश राष्ट्रिय समन्वय परिषद्हरूले नेपालमा परियोजना गर्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाइरहेका छन् । परोपकारी अभियानलाई अझ व्यापक र सशक्त रुपमा अगाडि बढाउनको लागि छुट्टै कोषको स्थापना समेत गरेको छ । संघले नेपालमा परोपकारी योजनाको कार्यान्वयनको लागि हेल्प नेपाल र नेपाल लाइब्रेरी फाउण्डेशनसँग सहकार्य गर्ने सम्झौता गरेको छ ।

सामाजिक कल्याणका लागि एनआरएनले परोपकारी र

सामाजिक कल्याणकारी कार्यदल नै स्थापना गरेको छ । पाँचौं विश्व सम्मेलन पश्चात् बनेको यो कार्यदल संसारभरिका एनसीसी र एनआरएन व्यक्तित्वहरूलाई संलग्न गराइ परोपकारी कार्यलाई अझ विस्तार गर्दैआएको छ । हरेक एनसीसीहरूले आफ्नो कार्यकालको दुई वर्षभित्र कम्तीमा एउटा परोपकारी कार्य गर्नुपर्ने आह्वान गरेअनुसार ४१ एनसीसीहरूले सो कार्य पूरा गरेका छन् ।

हरेक वर्ष ११ अक्टुबरमा मनाइने एनआरएन डेका अवसरमा सन् २०१२ मा चालीस भन्दा बढी परोपकारी कार्यहरू पूरा गरेको छ । सन् २०११ मा मस्कोमा सम्पन्न छैठौं युरोपीय एनआरएन क्षेत्रीय सम्मेलनबाट पारित सम्मेलनका लागि विभिन्न संस्था वा व्यक्तिबाट प्राप्त हुने 'स्पोन्सर रकमको केही भाग परोपकारी कार्यमा लगाइने कामको शुरूवात भएको थियो । सन् २०११ देखि हालसम्म एनआरएन एनसीसी र व्यक्तिगत रूपले नेपाल झण्डै १५० भन्दा बढी परोपकारी परियोजनाहरू पूरा भएका छन् । ती परोपकारी कामका लागि झण्डै ७ करोड ४० लाख खर्च भएको छ । शिक्षाका लागि २ करोड ८० लाख, स्वास्थ्यमा १ करोड ५० लाख, सामाजिक कल्याणकारी काममा २ करोड र राहत कार्यमा १ करोड १० लाख खर्च भएको अनुमान छ । झण्डै २ करोड ५० लाख रकमको परोपकारी-सामाजीक कार्यहरूको वचन भने पूरा हुने क्रममा छ ।

संघका अध्यक्ष एवं परोपकार परियोजना संयोजक जीवा लामिछाने प्रत्येक वर्ष परोपकारका लागि कम्तीमा ५ करोड सहयोग नेपाल भित्रिने अपेक्षा राख्नुहुन्छ । जो कसैले पनि केही कमाएपछि आफ्नो गाउँ-ठाउँको मुहार फेर्ने सपना देख्छ, त्यसैले एनआरएनहरूको प्राथमिकतामा व्यावसायिक लगानी भन्दा पनि पहिले परोपकारी काम परेको छ । गैरआवासीय नेपाली संघको राष्ट्रिय समिति गठन भएका विश्वका ६५ मुलुकमध्ये अधिकांशले प्रतिवद्धता बमोजिम परियोजनाहरू सम्पन्न गरिसकेका छन् ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव दिनेशहरि अधिकारी समाज कल्याणमा एनआरएनहरूको सहभागिता बढ्दै गएकोले सरकार पनि सहकार्यको सोचमा रहेको बताउनुहुन्छ । सचिव अधिकारी भन्नुहुन्छ, "परोपकारका माध्यमबाट राष्ट्र कल्याणमा योगदान गरिरहेका गैरआवासीय नेपाली लगायत सबै पक्षसँग समन्वय गरेर अघि बढ्ने हाम्रो सोच रहेको छ ।"

## स-साना पहल

मनग्गे धन कमाएका मात्र नभई मध्यम आम्दानी भएकाहरू पनि आफ्नो मुलुकमा केही न केही गर्न लालायित हुन थालेको अनुभव एनआरएन अभियानसँग नजिकबाट जोडिनेहरूको छ । नेपाली मात्रको सहयोगमा सञ्चालित परोपकारमूलक संस्था हेल्प नेपालका संस्थापक अध्यक्ष एवं सञ्चारकर्मी रवीन्द्र मिश्र जुनसुकै मुलुकमा सामान्य नै काम गरिरहेको नेपाली भए पनि उसले जन्मभूमिका लागि योगदान गर्न जुर्मुराउन थालेको अनुभूति गर्नुहुन्छ । "परोपकारी संस्थामा संलग्नता नजनाउनेहरूले आफैंप्रति दोषको अनुभूति गर्न थालेका छन्", उहाँ भन्नुहुन्छ, "आर्थिक रूपमा सम्पन्नहरूको मन बरू कसिलो होला तर निम्नमध्यम वर्गका विदेशमा बस्ने नेपालीहरूमा परोपकारी भाव तीव्र भएको पाएको छु ।" खाडी क्षेत्र र मध्यपूर्वमा मजदुरी गर्न जानेहरूको परोपकारी

### सन् २०११/१२ मा एनआरएनद्वारा गरिएको सहयोग परियोजना

| देश | सेवा | स्थान | रकम |
|---|---|---|---|
| बहराइन | सामाजिक सेवा | काठमाडौं | रू. १ लाख |
| बेलारूस | राहत | सर्लाही | रू. १५ लाख |
| बेल्जियम | सामाजिक सेवा | चितवन | रू. २४ लाख ६ हजार ५४२ |
| क्यानडा | शिक्षा, सा. सेवा | सुर्खेत, कास्की | रू. २६ लाख ७५ हजार ९९५ |
| चीन | राहत | कास्की, सिराहा, सर्लाही | रू. १ लाख ८१ हजार |
| डेनमार्क | राहत, शिक्षा, सा. सेवा | कास्की, सर्लाही, लमजुङ, काठमाडौं, चितवन | ३ लाख १० हजार ४३८ |
| फिनल्याण्ड | शिक्षा | ताप्लेजुङ | रू. २ लाख |
| फ्रान्स | राहत | कास्की, सर्लाही | रू. ५१ हजार |
| जर्मनी | सा. सेवा, राहत, शिक्षा, स्वास्थ्य | काठमाडौं, दाङ, कास्की, हुम्ला, म्याग्दी | ८ लाख २ हजार ६६९ |
| हङकङ | स्वास्थ्य, सा. सेवा | कास्की, ललितपुर | रू. ६ लाख |
| इजरायल | | सा. सेवा | |
| इटाली | शिक्षा, स्वास्थ्य | काठमाडौं | रू. १४ लाख ३४ हजार ७०२ |
| जापान | सा. सेवा, राहत, शिक्षा, स्वास्थ्य | | रू. ८ लाख २७ हजार ३१५ |
| केन्या | सा. सेवा | स्याङ्जा | रू. ७० हजार |
| कोरिया | सा. सेवा, शिक्षा | झापा, धादिङ | रू. १५ लाख ३९ हजार ६०० |
| कुवेत | राहत | कास्की, सर्लाही | रू. १ लाख २५ हजार |
| लेबनान | राहत | कास्की, सर्लाही | रू. १० हजार ६६ |
| मकाउ | राहत | कास्की, सर्लाही | रू. ८१ हजार |
| मलेसिया | शिक्षा, संस्कृति | | रू. १ लाख ७१ हजार ७२१ |
| नेदरल्याण्ड | शिक्षा, राहत, स्वास्थ्य, सेवा | कास्की, बाग्लुङ, रोल्पा | रू. ३ लाख ३१ हजार ९१२ |
| न्युजिल्याण्ड | राहत, शिक्षा | कास्की, पर्वत | रू. ६ लाख ५८ हजार ७७५ |
| नाइजेरिया | शिक्षा, राहत | खोटाङ, कास्की, सर्लाही, चितवन | रू. ७ लाख ४० हजार ३५० |
| नर्वे | शिक्षा, सा. सेवा | कपिलवस्तु, काठमाडौं | रू. ४ लाख ६० हजार |
| पोल्याण्ड | शिक्षा | पोखरा | रू. १ लाख ७८ हजार |
| कतार | राहत | कास्की, सर्लाही | रू. १ लाख ९० हजार ७८४ |
| रसिया | शिक्षा, राहत, सेवा | बारा, सर्लाही, काठमाडौं, कास्की, भक्तपुर, चितवन | रू. १७ लाख ३४ हजार ७७० |
| साउदी अरब | शिक्षा, राहत | चितवन, म्याग्दी | रू. २ लाख ३२ हजार ८५२ |
| स्पेन | शिक्षा | कास्की, पर्वत | रू. ४ लाख |
| स्वीट्जरल्याण्ड | स्वास्थ, सा. सेवा | सिराहा, धरान, इटहरी, सगरमाथा | रू. ३० लाख ७७ हजार ४९० |
| थाइल्याण्ड | शिक्षा | लुम्बिनी, बाग्मती, गण्डकी, धौलागिरि, सगरमाथा | रू. १ लाख |
| युएई | राहत | सर्लाही | रू. १० हजार |
| बेलायत | सा. सेवा, स्वास्थ्य | | रू. २४ लाख ६० हजार ८४० |
| अमेरिका | सा. सेवा, स्वास्थ्य | | रू. ७ लाख १ हजार ५० |
| **जम्मा** | | | **रू. २ करोड ४५ लाख २५ हजार ९८** |

## सहयोगी व्यक्ति तथा संस्थाहरू

| व्यक्ति | क्षेत्र | स्थान | रकम (रू.) |
|---|---|---|---|
| अज्जिजुर रहमान | | शिक्षा | धतुरगाहा, कपिलवस्तु |
| डा. बद्री केसी | शिक्षा | फर्पिङ, काठमाडौं | ४१ हजार |
| भवानी गुरूङ | स्वास्थ | लमजुङ | १ लाख |
| डिल्ली खरेल सुमन | शिक्षा सेती | बेनी, स्याङ्जा | ५२ हजार |
| डा. हेम राज शर्मा | शिक्षा | अस्कल क्याम्पस | २५ लाख |
| हिक्मत थापा | शिक्षा | खैरीफाटा, कैलाली | १ लाख |
| होटल Hoechster | ज्या सा. सेवा | काठमाडौं | १८ हजार |
| जीवा लामिछाने | शिक्षा, स्वास्थ्य, सा. सेवा | साँगा (स्पाइनल अस्पताल), काभ्रे | ८ लाख २६ हजार |
| कपिलदेव थापा | खानेपानी, शिक्षा, सा. सेवा | धनुषा, मकवानपुर, भक्तपुर, चितवन, काठमाडौं | ६१ लाख ९० हजार |
| किरण र दुर्गा खड्का | शिक्षा | दधिकोट, भक्तपुर | १० लाख |
| कृष्ण पाण्डे | शिक्षा | अर्घाखाँची | १० लाख |
| किरण थापा | शिक्षा | चितवन | ३ लाख |
| कुमार पन्त | सा. सेवा | चितवन | १ लाख |
| लीलाधर खनाल | सा. सेवा | बाग्लुङ | २० लाख |
| मित्रलाल पाण्डे | शिक्षा | सुनपुर | २० हजार |
| मोहन मिश्र | शिक्षा | सुन्दरबजार, लमजुङ | १५ हजार |
| मोना, युके | स्वास्थ्य | म्याग्दी | ५० लाख |
| नेपाली नारी निकुञ्ज, मस्को | सा. सेवा | देवघाट, चितवन | ३० हजार |
| प्रदीप ढकाल | शिक्षा | मोरङ | २५ लाख |
| पुष्कर थापा | शिक्षा | ललितपुर | ५ लाख |
| राधा बस्न्यात | सा. सेवा | काठमाडौं | ८५ हजार |
| राजन कुँवर | सा. सेवा, शिक्षा | | १ लाख २० हजार |
| रामबाबु नेपाल | सा. सेवा | देवघाट | १० हजार |
| राम खरेल | शिक्षा | काठमाडौं, विराटनगर | २ लाख ५० हजार |
| राम थापा | सा. सेवा | देवघाट, चितवन | २५ हजार |
| रन्जना उदास, रमेश श्रेष्ठ | शिक्षा | भोजपुर | ६ लाख ५० हजार |
| सोम सापकोटा | शिक्षा, सा. सेवा | चितवन, तनहुँ | १ लाख ६२ हजार २६२ |
| टेकबहादुर कार्की | शिक्षा | मोरङ | ३ लाख ५० हजार |
| तेन्जी शेपा | सा. सेवा | | ६५ हजार |
| यम गुरूङ | शिक्षा | लमजुङ | ८० हजार |
| | टुहुरा | काठमाडौं | २५ हजार |
| | रेडक्रस | काठमाडौं | २५ हजार |
| | नेपाल लाइब्रेरी फाउन्डेशन | | १ लाख ४० हजार |
| **जम्मा** | | | **२ करोड ४८ लाख ३५ हजार २६२** |

*पछिल्लो एक वर्षमा भएका परियोजनाहरू यहाँ समावेश छैन ।*




गतिविधिले सबैको मन पगाल्ने उहाँको अनुभव छ ।

हालसम्ममा एनआरएनहरूले परोपकारको क्षेत्रमा कति बराबरको सहयोग गरे भन्ने यकीन तथ्य संकलन गर्ने कोशिस भइरहेको छ । विदेशमा बस्ने नेपालीहरूको सहभागितामूलक कार्य प्रायः हरेक जिल्लामा देख्न सकिन्छ । यस क्रममा संघले विभिन्न गैरसरकारी संघ संस्थाहरूसँग सहकार्य समेत गर्दै आएको छ । संघले लाइब्रेरी फाउन्डेशनलाई इ-पुस्तकालय स्थापनाका लागि हालसम्म रू.१ लाख ४० हजार सहयोग गरिसकेको छ । अध्यक्ष नरेश कोइरालाको अगुवाइमा फाउन्डेशनले देशका विभिन्न भेगमा इ-पुस्तकालय प्रवर्द्धन गर्दैआएको छ ।

फाउन्डेशनले ओपन लर्निङ एक्सचेञ्ज, नेपालसँगको सहकार्यमा सन् २००८ यता इ-पुस्तकालयका लागि ४० हजार अमेरिकी डलर खर्च गरिसकेको छ । यो वर्ष मात्र १२ हजार डलर खर्च गरेको र पाँच नयाँ पुस्तकालय स्थापना गर्न लागेको फाउन्डेशनले जनाएको छ । फाउन्डेशनले पुस्तकालय स्थापनाअघि व्यवस्थापन तालिम दिन्छ । ५० वर्षअघि स्थापना भई स्रोत अभावमा बन्द भएको प्रकाश सामुदायिक पुस्तकालय श्रीखण्डपुर काठमाडौं *(हे. तस्वीर)* लाई यस वर्ष फाउन्डेशनले २ हजार ५ सय अमेरिकी डलर बराबरको पुस्तक र फर्निचर सहयोग गरेको छ । ग्रामीण भेगमा शिक्षा र चेतनाको स्तर बढाउँदा विकासप्रतिको चासो बढ्ने निर्क्योल सहित यस्तो अभियान सञ्चालन गरिएको हो । संघले ग्रामीण भेगका विद्यालयहरूमा सामुदायिक पुस्तकालय निर्माण र व्यवस्थापनमा सहयोग गर्न हेल्प नेपाल नेटवर्कसँग औपचारिक सम्झौता समेत गरिसकेको छ । त्यस बाहेक संघले अनुराधा कोइराला, दिलशोभा श्रेष्ठ, पुष्पा बस्नेत जस्ता समाजसेवीहरूको अभियानलाई समेत सहयोग गरिरहेको छ । उहाँहरूलाई अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गराउन समेत सबै देशमा बस्ने गैरआवासीय नेपालीहरूको सक्दो भूमिका छ ।

अस्ट्रेलियामा बसोबास गर्ने शेष घले दम्पतिले शिक्षा र स्वास्थ्य क्षेत्रमा काम गर्न २ करोड रूपैयाँ पूँजी रहेको एमआईटी फाउन्डेशन स्थापना गरिसक्नुभएको छ ।

मोना, युके नामक संस्थाको सहयोगमा उपलब्ध गराइएको तीन वटा एम्बुलेन्स संघका अध्यक्ष लामिछानेले म्याग्दी रेडक्रसलाई हस्तान्तरण गर्नुभयो । पाँचौ विश्व सम्मेलन पश्चात् २०११ अक्टुबरदेखि २०१२ फेब्रुअरीसम्म विभिन्न राष्ट्रिय समन्वय परिषद्हरू (नाइजेरिया, मलेसिया, डेनमार्क, जापान, पोल्याण्ड, रूस, जर्मनी, इटाली, स्वीटजरल्याण्ड र युके) र



जीवा लामिछाने
अध्यक्ष
गैरआवासीय नेपाली संघ

# 'मातृभूमिप्रतिको लगाव बढ्यो'

२०४६ सालको परिवर्तनपछि ठूलो संख्यामा नेपालीहरू अध्ययन, रोजगारी लगायत विभिन्न काममा विदेशिने क्रम बढ्न थाल्यो । आज भन्दा १० वर्षअघि जब हामी गैरआवासीय नेपाली संघको अभियान शुरू गरिरहेका थियौं, त्यसबेला हाम्रो प्रमुख सोच यसरी छरिएर रहेको ठूलो जनसमुदायलाई संगठित गरेर एउटै विश्वव्यापी सञ्जाल अन्तर्गत ल्याउनु रहेको थियो । यसरी विश्वव्यापी सञ्जाल मार्फत विश्वमा छरिएर रहेका नेपालीहरूलाई एक सूत्रमा बाँध्न सकेमा नेपाल बाहिर हामीले आफ्नो हकहितको सुरक्षा अनि नेपाल र नेपालीको समग्र विकासमा विदेशमा हामीले आर्जन गरेको सीप, पूँजी तथा मानव संसाधनलाई समूचित सदुपयोग गर्न सकिने छ भन्ने उद्देश्य रहेको थियो । अहिले दश वर्षको यो अभियानलाई फर्केर हेर्दा हाम्रो त्यो सोचाइ सही थियो भन्ने प्रमाणित भएको छ ।

गैरआवासीय नेपाली संघ विश्वव्यापी सञ्जालको रूपमा स्थापित भएको छ । विश्वका सबै महाद्वीपका ६५ राष्ट्रहरूमा हामीले राष्ट्रिय समन्वय परिषद् स्थापना गरेका छौ, जसले सार्क मुलुक बाहेक विदेशमा बस्ने ३० लाख भन्दा बढी गैरआवासीय नेपालीहरूको प्रतिनिधित्व गर्ने काम गर्छ । १० वर्षको यो समय अवधिमा हामीहरू केही काम गर्न सफल भएका छौं । नेपालमा सामूहिक लगानीको माध्यमबाट विभिन्न परियोजनाहरूमा लगानी गर्ने परम्पराको शुरूवात भएको छ । गैरआवासीय नेपालीहरूले जलविद्युत्, पर्यटन, बैकिङ, शिक्षा, कृषि पूर्वाधार निर्माण आदि क्षेत्रमा लगानी गरेका छन् । त्यसैगरी सामाजिक उत्तरदायित्व अन्तर्गत समेत विभिन्न परोपकारी कामहरूको थालनी भएको छ । परोपकार विदेशमा बसेर पनि मातृभूमीका सेवा गर्ने पवित्र उध्येश्यबाट प्रेरित छ । पछिल्लो समय हरेक राष्ट्रिय समन्वय परिषद्ले मातृभूमीमा कम्तिमा एउटा परोपकारी परियोजना संस्थागत रूपले सञ्चालन गर्ने अभियान सुरू गरेकाले विदेशमा थोरै तिनो कमाउनेले समेत सामुहिक रूपमा नेपालका लागि चाहेको योगदान गर्न सफल भएका छन् । परोपकार आत्मशान्तिको अनन्य उपाय पनि हो । त्यसैले विदेशमा बसोबास गर्ने नेपालीहरू स्वदेशमा परोपकारी काम गर्न पाउँदा अत्यन्त खुसी हुने गरेको मैले पाएको छु । त्यसैले विदेश बस्ने नेपालीहरूको एकताले बिभिन्न उध्येश्यले मातृभूमी प्रतिको लगाव बढाएको छ ।

अर्कोतिर गैर आवासिय नेपाली संघको स्थायित्वका लागि हाम्रा सामु केही चुनौतीहरू पनि छन् । अहिलेको मुख्य चुनौती भनेको नै यसलाई राजनीति र जातीयता भन्दा माथि उठेर सबैको साझा संस्थाको रूपमा स्थापित गरी निरन्तरता दिनु रहेको छ । त्यसैगरी संघलाई नेपालमा कानूनि रूपमा दर्ता गर्न पनि अहिले हाम्रो सामु रहेको प्रमुख जिम्मेवारी हो । हामीले शुरूदेखि नै उठाउँदै आएको नेपाली नागरिकताको निरन्तरता सम्बन्धी मुद्दालाई नयाँ बन्ने संविधानमा समावेश गराउन सकेमा मात्र एक पटकको नेपाली सधैंको नेपाली भन्ने हाम्रो भावना र हाम्रो भावी पुस्तालाई समेत हामीले नेपालसँग भावनात्मक रूपमा सधैं नजिक राख्न सफल हुनेछौं ।

गैरआवासीय नेपाली संघ विश्वभरि छरिएर रहेका सबैथरीका नेपालीहरूको साझा संस्था भएकोले यसभित्र वैदेशिक रोजगारीमा जानेहरू, विद्यार्थी, विद्वतवर्ग, व्यवसायी, पूर्वगोर्खा, रिटायर्ड पर्सन आदि छन् । विभिन्न पेशा वा व्यवसायमा आबद्ध रहेकोले हाम्रा मुद्दाहरू पनि फरकफरक हुन सक्छन् । गैरआवासीय नेपाली संघले कुनै पनि समस्याको मूल जरो पत्ता लगाएर त्यस्ता समस्याको दीर्घकालीन समाधानका लागि सम्बन्धित निकाय समक्ष झक्झकाउने काम गर्छ । यस्ता कामहरूमा हामीले विगतमा केही हदसम्म सफलता समेत पाएका छौं । यति ठूलो सञ्जाल भएको विश्वव्यापी संस्थामा व्यक्तिविशेष भन्दा पनि टीमको माध्यमबाट अघि बढ्नु पर्ने हुन्छ । सबैले आ-आफ्नो व्यक्तिगत चाहना भन्दा माथि उठेर हेर्ने हो भने संघको माध्यमबाट धेरै काम गर्न सकिने सम्भावना रहेको छ । यो एउटा ठूलो अभियान हो । हामीबीच एकता रहिरह्यो भने मुलुक बाहिर हामी सधैं हाम्रो पहिचान र अस्तित्व कायम राख्न सक्छौं, आफ्नो हकहितको संरक्षण गर्न सक्छौं अनि मुलुकको समग्र विकासमा समेत केही योगदान गर्न सक्ने हाम्रो हैसियत बन्नेछ ।



दार्चुलाका बाढीपीडितको सहयोगार्थ ५० लाख रूपैयाँको चेक मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलाई हस्तान्तरण गर्दै अध्यक्ष जीवा लामिछाने ।

विभिन्न मुलुकमा रहनुभएका नेपालीहरू तथा संघसंस्थाहरूले करिब १ करोड ७१ लाख रूपैयाँ बराबरको सहयोग उपलब्ध गराइसकेको छ । जसमध्ये शिक्षा क्षेत्रमा ५२ लाख, स्वास्थ्य क्षेत्रमा १ करोड ४ लाख र सामाजिक क्षेत्रमा १५ लाख जति परियोजना सञ्चालनको लागि प्रदान गरिसकिएको व्यहोरा संघका अध्यक्ष लामिछनेले जानकारी दिनुभएको छ ।

गैरआवासीय नेपाली संघको पहलमा अमृत साइन्स क्याम्पसलाई २५ लाख रूपैयाँ बराबरका उपकरण हस्तान्तरण भएको छ । बेलायतको लिभरपुल विश्वविद्यालयमा प्राध्यापन गर्दैआएका गैरआवासीय नेपाली संघका प्रवक्ता डा. हेमराज शर्माको पहलमा सो विश्वविद्यालयसँग समन्वय गरी भौतिकशास्त्र अध्ययनमा उपयोगी हुने उपकरण तथा सामाग्री उपलब्ध भएको थियो ।




# परोपकारः फूलकुमारी महतो मेमोरियल ट्रष्ट

"खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ,
आफू मिटाइ अरूलाई दिनु जहाँ छ ।"

**सामाजिक** कल्याण र सेवा सम्भवतः संसारकै सबैभन्दा ठूलो सुख हो। त्यही सत्यमा आधारित भई सन् २००४ मा गैरअवासीय नेपाली संघका संस्थापक अध्यक्ष एवं संरक्षक डा. उपेन्द्र महतोले आफ्नी ममतामयी आमाको स्मृतिमा स्थापना गर्नुभएको फूलकुमारी महतो मेमोरियल ट्रष्ट सामाजिक सेवामा निरन्तर संलग्न छ । शिक्षा, स्वास्थ्य, खेलकूद, सामाजिक क्षेत्र लगायतमा ट्रष्टले पुऱ्याएको आर्थिक र अन्य सहयोग अनुकरणीय मात्र छैन, हजारौंको जीवन परिवर्तनको कारक पनि बनेको छ ।

ट्रष्टले हालसम्ममा समाज सेवामा रू. ३५ करोड हाराहारी सहयोग गरिसकेको छ। यति ठूलो सामाजिक योगदान दिने ट्रष्ट मुलुकको पहिलो तथा एक मात्र संस्था हो। ट्रष्टले पशुपतिनाथ मन्दिर परिसरमा सुविधासम्पन्न किरियापुत्री भवन निर्माण तथा स्तरोन्नति गरेको छ। त्यसैगरी संस्थाले जनकपुरधाममा समेत किरियापुत्री भवन निर्माणमा सहयोग गरेको छ। ट्रष्टले सिरहाको कर्जन्हामा ५० शैयाको सामुदायिक परोपकारी अस्पताल निर्माण गरेको छ । २४ घण्टा आकस्मिक सहित बहिरंग, रेडियोलोजी, ल्याबरोटरी, नर्सिङ लगायतका स्वास्थ्य सेवा सिरहा, धनुषा, रौतहट, सुनसरी, उदयपुर लगायत जिल्लाको ग्रामीण भेगका बासिन्दाले अस्पतालबाट पाएका छन् । भारतको बिहारबाट समेत अस्पतालमा सेवा लिन आउने स्थानियबासी बताउँछन् । अस्पताललाई छिट्टै १०० शैयाको बनाउने लक्ष्य राखिएको छ ।

शिक्षा क्षेत्रमा पनि ट्रष्टको योगदान उच्च छ । ट्रष्टले कम शुल्क (मासिक रू. १०० मात्र) मा स्तरीय शिक्षा प्रदान गर्दै आएको समता शिक्षा निकेतनलाई नियमित सहयोग गर्दै आएको छ । नेपाल राष्ट्रिय फूलकुमारी महतो उच्च मावि, बन्दीपुर, सिरहालाई भवन निर्माण गर्न सहयोग गरेको छ । २०२८ सालमा स्थापित विद्यालयमा ट्रष्टले २६ कोठा सहितको भवन निर्माण गरिदिएपछि अहिले ठूलो संख्यामा त्यहाँ अध्ययनरत विद्यार्थी लाभान्वित भएका छन् र यो जिल्लाकै सुविधासम्पन्न विद्यालय बनेको छ । त्यस बाहेक साँगास्थित महेन्द्र मावि, काठमाडौंको ज्ञानोदय मावि, देवी मावि, डोटी लगायत धेरै विद्यालयलाई पूर्वाधार निर्माणमा समेत सहयोग गरेको छ । भौतिक पूर्वाधार निर्माण मात्र होइन, ट्रष्टले गरिब र पछौटे समुदायका विद्यार्थीलाई आर्थिक सहयोग पनि गर्दै आएको छ । मुलुकका विभिन्न भेगका पिछडिएका जेहेन्दार छात्रछात्रा ट्रष्टको छात्रवृत्तिमा अध्ययन गर्दै आएका छन् । त्यस्तै, सन् २००८ देखि रूसमा पढ्ने सबै नेपाली विद्यार्थीमध्ये उत्कृष्ट प्राप्तांक ल्याउनेलाई जनही २ सय डलरका दरले वर्षेनि फूलकुमारी महतो छात्रवृत्ति प्रदान गरिरहेको छ ।

भक्तपुरमा पञ्चलक्ष्मी मन्दिर र संस्कृत पढ्ने छात्राका लागि होस्टेल निर्माणमा सहयोग गरेको छ । पवित्र धार्मिक स्थल देवघाटमा गैरआवासीय नेपाली संघले निर्माण गरेको बृद्धाश्रममा ट्रष्टले फूलकुमारी महतो स्मृति मण्डप निर्माण गरेको छ । दैवी प्रकोपले मुलुक आहत भएको बेला ट्रष्टले जहिलेपनि उदारतापूर्वक सहयोग गरेको छ र हेल्प नेपाल नेटवर्कलाई विभिन्न प्रकोप नियन्त्रण, शिक्षा र स्वास्थ सम्बन्धि परोपकारी कार्यका लागि अनुदान दिँदै आएको छ । सिरहाको कर्जन्हामा ट्रष्टले धर्मशाला निर्माण गर्नुका साथै सिरहा र धनुषा क्षेत्रका विभिन्न सामाजिक संघसंस्था तथा क्लवहरूलाई दर्जनौं उद्देश्यमा ट्रष्टले सहयोग गदै आएको छ छ । शिक्षा र जनचेतनामूलक कन्फरेन्स, सेमिनारका लागि ट्रष्टले नेपालका विभिन्न संस्थालाई निरन्तर सहयोग गर्दै आएको छ भने गैरआवासीय नेपाली संघद्वारा संचालित सबैजसो परोपकारी परियोजनामा उत्साहपूर्वक सहभागिता जनाएको छ ।

# कल्याणकारी समाज
# कल्याणकारी राज्य



रवीन्द्र मिश्र

एक वर्षअघि भारतमा त्यहाँको योजना आयोगले दिनमा ५१ रूपैयाँ खर्च गर्न सक्ने क्षमता राख्ने भारतीयलाई गरिब भन्न नमिल्ने बताएपछि गरिबीको स्तरलाई अवमूल्यन गरियो भन्दै ठूलो आलोचना भयो । त्यसको केही समयपछि नेपाल सरकारले पनि देशमा गरिबी गत ६ वर्षमा झण्डै ६ प्रतिशतले घटेर अहिले २५ प्रतिशतमा झरेको बताउँदै वर्षमा १९ हजार दुई सय ६१ रूपैयाँ भन्दा कम आम्दानी गर्नेहरूलाई मात्र गरिबी मान्न सकिने उल्लेख गर्‍यो । त्यो भनेको दिनको ५२ रूपैयाँ ७५ पैसाको आम्दानी हो र त्यसको अर्थ अब दिनमा ५३ रूपैयाँ आम्दानी गर्ने नेपालीलाई गरिब भन्न मिल्दैन । गरिबी घट्यो भन्न पाउनु गर्वको विषय हो तर संसारका जति नै ठूला कहलिएका संस्थाले तयार पारेको मानक र सूचकहरू प्रयोग गरिएको किन नहोस्, दिनमा ५३ रूपैयाँ आम्दानी गर्ने व्यक्ति गरिबीको रेखामुनि पर्दैन भनेर निष्कर्ष निकाल्नु मानवताको उपहास हो ।

गरिबी मापनका लागि प्रयोग गरिएको प्रतिव्यक्ति प्रतिदिन "२२ सय किलो क्यालोरी" शक्ति दिने खाना खान पाउनु मात्र गरिबीको रेखामाथि रहने आधार हुन सक्दैन । "२२ सय किलो क्यालोरी" शक्ति दिने खानाका लागि दिनमा करिब ३३ रूपैयाँ लाग्ने सर्वेक्षणमैं बताइएको छ । त्यसपछि बाँकी रहयो २० रूपैयाँ त्यति रकम त्यो व्यक्तिले कहाँकहाँ मात्रै खर्च गर्ने ?

तर समस्या गरिबी निर्धारण गर्न प्रयोग भएका मानक सूचांक या तीनलाई प्रयोग गर्ने प्राज्ञ र नीति-निर्माताहरूको मात्र होइन । मूल कुरा केहो भने जबसम्म मानिसहरूले आत्मकेन्द्रित चिन्तनलाई प्राथमिकता दिन्छन् तबसम्म माथि उल्लेख गरिएजस्तो मानसिकता कायम रहिनै रहन्छ । एउटै मान्छेले आफू गरिब हुँदा "समतामूलक समाज"को कुरा गर्छ तर त्यही व्यक्ति धनी भएपछि ऊ "समान अवसरमूलक समाज"को वकालत गर्छ । ती दुईमा ठूलो भिन्नता छ भन्ने उसले बिर्सन्छ ।

परिणामस्वरूप विश्वले आजभन्दा पहिले कहिले नदेखेको आर्थिक, प्राज्ञिक र प्राविधिक विकास गर्दा पनि समष्टिगत रूपमा हेर्दा धनी र गरिब बीचको दूरी झनझन बढ्दै गएको छ । आर्थिक सहयोग तथा विकास संगठनले गरेको सर्वेक्षण अनुसार गत दुई दशकमा उसले अध्ययन गरेका झण्डैझण्डै सबै देशहरूमा आर्थिक असमानता बढेको छ । अमेरिकामा त्यहाँको व्यापारिक केन्द्र "वालस्ट्रीट कब्जा गरौं" अभियान त्यसै शुरू भएको होइन । "वालस्ट्रीट कब्जा गरौं" अभियानकर्ताहरूले "हामी ९९ प्रतिशत हौं" नारा लगाइरहेका छन्, किनभने उनीहरूका दृष्टिकोणमा ९९ प्रतिशत जनताले वास्तविक न्यायको अनुभूति गरिरहेका छैनन् । विश्वको ८५ प्रतिशत सम्पत्ति विश्वको सिर्फ दश प्रतिशत धनाढ्यहरूको हातमा केन्द्रित छ र विश्वका ५० प्रतिशत तल्लो तप्काका मानिसहरू विश्वको केवल एक प्रतिशत सम्पत्तिमात्र बाँडीचुँडी गरेर बाँच्दछन् ।

आजभोलि उदारवादी अर्थतन्त्रका लागि विश्वमैं प्रतिष्ठित जेफ्री स्याक्स जस्ता प्राध्यापकहरू समाजलाई बढी न्यायपूर्ण र समतामूलक बनाउन नयाँ ढंगबाट सोच्नुपर्ने तर्क गर्न थालेका छन् । अनि वारेन बफेट र बिल गेट्सजस्ता सन्सारकै सबभन्दा धनाढ्यहरू अमेरिकाका सबभन्दा धनीहरूलाई "आफ्नो सम्पत्तिको सक्दो बढी अंश परोपकारका लागि दान गर्ने प्रतिवद्धता जनाऔं" भन्ने अभियानमा जुटेका छन्, जसमा झण्डै ६० जना धनाढ्यहरूले आफ्नो ५० प्रतिशत या त्योभन्दा बढी सम्पत्ति परोपकारका लागि दिने वाचा गरिसकेका छन् ।

यी सबै प्रयासहरू समाजलाई न्यायपूर्ण बनाउने र सकारात्मक रूपमा परिवर्तन गर्ने सराहनीय सोच हो । तर त्यो सोचले व्यापकता नलिएसम्म समष्टिगत परिवर्तन भने सम्भव नहुने स्पष्ट देखिएको छ । त्यो व्यापकता स्वचेतनाबाट आउने रहेछ, कुनै राजनीतिक वादबाट होइन । जबसम्म तुलनात्मक रूपमा सक्षम र धनी मानिसहरूमा स्वःस्फूर्त रूपमा आफूभन्दा कमजोरका लागि केही गर्नुपर्छ भन्ने जिम्मेवारीबोधको भावना आउँदैन, तबसम्म यो समाज र संसार सुसंस्कृत र शान्त हुनै सक्दैन । व्यक्तिमा जिम्मेवारीबोधको भावना आएपछि मात्र राज्य जिम्मेवारपूर्ण हुनसक्छ । तर अधिकांश नागिरकहरू आफू जिम्मेवार नभई राज्य बढी जिम्मेवार होस् भन्ने चाहन्छन् । हामी परिवार, प्राज्ञिक संस्था र समाजबाट जिम्मेवारीबोध नभएका नागरिकहरू उत्पादन गर्छौं र तिनीहरू नै सरकारमा पुगेपछि जिम्मेवार भइदिउन् भन्ने चाहन्छौं । त्यही विडम्बनाको परिणाम हो सन्सारमा देखिएको धनी र गरिबबीचको खाडल । त्यसलाई साँच्चिकै परिवर्तन गर्न चाहने हो भने, वारेन बफेट र बिल गेट्स जस्ता कतिपयमा ढिलो गरी फुरेको चेतना मानिसहरूमा चाँडै नै फुर्न जरूरी छ ।

आफ्नो समाज झुपडपट्टीले भरिभराउ छ, विद्यार्थीहरू तुइनमा झुण्डिएर पढ्न जान्छन् र एउटी आमा भोको पेट भर्न नसकेर छोराछोरी सहित आत्महत्या गर्छिन् भने, आफ्नो व्यापारलाई झन्झन् विस्तार गर्दै अति धनाढ्यको सूचीमा नाम दर्ता गराउने लक्ष्य लिने व्यापारीले आफ्नै आँखा अगाडिका त्यस्ता गम्भीर समस्याहरूलाई सम्बोधन गर्न सानै भए पनि पहल लिने कि नलिने ?

यो चेतना खासगरी पछिल्ला वर्षहरूमा गैरआवासीय नेपालीहरूमा बढ्दै गएको देखिन्छ । उनीहरू अहिले व्यक्तिगत र संस्थागत रूपमा नेपालमा धेरै परोपकारी कामहरूमा संलग्न छन् । तर अझै पनि अधिकाश नेपालीहरूको "कुरा" "काम" मा रूपान्तरण हुन सकेको छैन । कल्याणकारी भावना भनेको नहुनेलाई आर्थिक सहयोग गर्ने सोच मात्र होइन । त्यो आफ्नो उन्नति सँगसँगै अरूको भलो गर्ने चिन्तन हो, जसले अन्ततोगत्वा आफू, आफ्नो परिवार र भावी सन्ततिलाई नै सुख र शान्ति दिन्छ । व्यक्तिमा त्यस्तो चिन्तन विकास गर्न सकियो भने मात्र कल्याणकारी समाजको निर्माण हुन्छ । कल्याणकारी समाजको निर्माण भयो भने मात्र राज्य कल्याणकारी हुनसक्छ, जहाँ दिनको ५३ रूपैयाँ कमाउने व्यक्तिलाई गरिबीको रेखामाथि राखेर हेर्नुपर्ने विडम्बनापूर्ण स्थिति रहँदैन । ●

*(मिश्र हेल्प नेपाल नेटवर्कका संस्थापक अध्यक्ष हुन्)*

# हिसाबकिताब गर्ने बेला भएको छैन



आर्यतारा थाङ्का पेन्टिङ स्कूल ।



आनी छोइङ डोल्मा

अरूको उद्धारका लागि वा अरूको कल्याणको लागि केही काम गर्नु नै परोपकार हो । आफूभन्दा कमजोरलाई क्षमताले भ्याएसम्म सहयोग गर्नु नै वास्तवमा परोपकारी काम हो । नेपाल आर्थिक रूपमा अन्य मुलुकभन्दा कमजोर मानिन्छ । संसारभरबाट हेर्दा हामी धेरै कुराबाट पछाडि छौं । तर, परोपकारमा अरू भन्दा हामी अगाडि छौं । नेपाली धर्म-संस्कृति तथा परम्पराले पनि केही प्रभाव पारेको छ यसमा । मानवीय संगत पनि त्यसमा जोडिन आउँछ । विदेशमा रहेका नेपालीहरूले नेपालप्रतिको माया र भावनाले गरिरहेको सहयोग अहिले साँच्चै परोपकारी काम भएको छ । एनआरएनको नयाँ पुस्तामा पनि त्यही स्तरको परोपकारी मन देखिनुमा साँच्चै नेपालीको लागि गौरवको विषय हो ।

### सामूहिक दायित्व

विदेश रहेका नेपालीहरू संगठित रूपमा पनि परोपकारी काममा केन्द्रित हुन थालेका छन् । संगठित वा एकल रूपमा विदेशमा रहे पनि नेपालीहरूले मातृभूमि प्रतिको माया तथा सामाजिक सेवामा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । एनआरएनको मुख्य उद्देश्य नै समाजसेवा हो । नेपालको धर्म-संस्तृतिलाई जोगाउँदै मुलुकको विकासमा साथ दिनु विदेशमा रहेका नेपालीको कर्तव्य पनि हो ।

> काम शुरू गर्न जति सजिलो हुन्छ, सम्पन्न गर्न त्यतिनै कठिन । एनआरएनले गर्न खोजेका सेवामुखी कामहरूलाई पनि पछिसम्म निरन्तरता दिनु निकै चुनौतीपूर्ण कार्य हो ।

सबैमा आ-आफ्नो दायित्व हुन्छ । कतिपयमा जन्मजात नै सहयोग गर्ने भावना हुन्छ । परिवारमा कुनै व्यक्तिको दायित्व भए जस्तै समाजसेवा गर्ने दायित्व पनि हुन्छ र त्यो सबैले गर्नुपर्छ नै । हरेकको पहलबाट मात्रै समाज निर्माण सम्भव छ । हामीले एक आपसमा सहयोगको भावना राखेनौं भने यो संसार अघि बढ्न सक्दैन । त्यसैले व्यक्तिविशेषले भन्दा समूहिकताको आधारमा समाजमा प्रभाव देखिने गरी काम गरियो भने पक्कै पनि सफल भइन्छ । एनआरएनहरूले पनि सामूहिक रूपमा परोपकारी काममा केन्द्रित भएर आफ्नो दायित्व पूरा गरिरहेका छन् ।

### उद्देश्य भिन्न, सोच एक

नेपालीहरू भिन्न-भिन्न उद्देश्यले विदेश जाने गरेका छन् । भिन्न उद्देश्यलाई एउटै सोच बनाएर अघि बढेको गैरआवासीय नेपाली संघको मूल नेतृत्व र अरू च्याप्टरहरूमा रहेका एनआरएनहरूमा परोपकारी भावना छ । तर, त्यो भावनालाई व्यवहारमा उतार्न सक्नुपर्छ । बोलेर मात्रै होइन, काम गरेरै देखाउन सक्नुपर्छ । जुनसुकै उद्देश्यका लागि विदेश गए पनि नेपालमा सहयोग गर्ने भावना र विचार एउटै बने मात्रै नेपालको विकासमा योगदान गर्न सकिने छ ।

नेपालमा बस्नेहरूले एनआरएनहरूको दायित्व बुझ्नुपर्छ । नेपालको राजनीतिक अस्थिरताले केही असहज देखिए पनि त्यसमा सहजता आएपछि थप राम्रो हुनेछ । कसैले केही विषयमा लगानी तथा काम गर्न खोजको छ, भने त्यसले सहज रूपमा काम गर्न पाउनुपर्छ । तर, नेपालको सन्दर्भमा काम गर्न केही अप्ठेरो भइरहेको छ । त्यसलाई सबै पक्षले सहज पार्नुपर्छ । नीति-नियममा बलपूर्वक भए पनि काम गर्न सक्ने प्रकारको वातावरण बनाउनुपर्छ । नेपाल सरकार लगायत सम्बन्धित निकायहरूले विदेशमा रहेका नेपालीको नेपालप्रतिको भावनात्मक सम्बन्धका आधारमा गर्न खोजिरहेको सहयोग र परोपकारी काममा पूर्णतः सहयोग गर्नुपर्छ । त्यसको लागि उचित वातावरण बनाउन आफैं अग्रसर हुनुपर्छ ।

### चुनौती

कुनै पनि काम शुरू गर्न जति सजिलो हुन्छ, सम्पन्न गर्न त्यतिनै कठिन । एनआरएनले गर्न खोजेका सेवामुखी कामहरूलाई पनि पछिसम्म निरन्तरता दिनु निकै चुनौतीपूर्ण कार्य हो । निरन्तर कसरी कामलाई अघि बढाउन सकिन्छ, भन्ने विषयमा अलि बढी केन्द्रित हुनु जरूरी छ । एनआरएनका कामलाई बढी भन्दा बढी दिगो बनाउनुपर्ने ठूलो चुनौतीका रूपमा रहेको छ । सामूहिक गर्ने कामको प्रभाव नै धेरै ठूलो हुन्छ ।

अहिलेसम्म गरेका कामहरू राम्रो भएका छन् । शुरूवाती चरणमा मात्रै भएकाले अहिले नै सबै फलको हिसाबकिताब गर्ने बेला आइसकेको छैन । नेपालको अवस्था पनि त्यति राम्रो छैन । कामको मूल्यांकन भन्दा पनि एनआरएनहरूले गरेको सहयोग कसरी ग्रहण भइरहेको छ भन्ने विषयलाई हेरियो भने एनआरएनलाई पनि प्रोत्साहन हुनेछ । ●

*(डोल्मा गायिका तथा समाजसेवी हुनुहुन्छ ।)*

# विदेशको कमाइ स्वदेश भित्रिंदै

एनआरएन अभियान औपचारिक रूपमा शुरू भएको एक दशक भयो। सन् २००३ मा नेपालमा पहिलो एनआरएन विश्व सम्मेलन भएसँगै यसको प्रमुखमध्येको एउटा उद्देश्य नेपालमा लगानी भित्र्याउने पनि थियो। संगठित भएयता नेपालमा लगानी गर्ने गैरआवासीयहरूको क्षमता विस्तार हुँदै गएको छ। गैरआवासीय नेपाली संघ (एनआरएनए)का सल्लाहकार एवं पूर्वप्रवक्ता डा. जुगल भुर्तेल एनआरएनहरू संगठित भएपछि मात्रै 'क्षमता हुनेहरूले नेपालमा लगानी गर्नुपर्छ' भन्ने भावनाको विकास भएको बताउनुहुन्छ। शुरूमा मस्कोमा व्यवसाय गरेर बसिरहेका नेपालीहरूले सानिमा ग्रुप स्थापना गरी सामूहिक लगानीको शुरूवात गरेका थिए। यो समूहले नेपालमा ब्यांकिङ, सञ्चार, स्वास्थ्य, जलविद्युत् लगायतका क्षेत्रमा लगानी गरेको छ।

गैरआवासीय नेपालीहरू मार्फत नेपालमा करोडौं अमेरिकी डलर लगानीको रूपमा भित्रिसकेको अनुमान भए पनि यसको वास्तविक आँकडा तयार हुन सकेको छैन। अहिलेसम्मको अनौपचारिक तथ्यांकअनुसार व्यक्तिगत र सामूहिक रूपमा एनआरएनहरूले नेपालमा ३५ देखि ४० अर्ब रूपैयाँको हाराहारीमा लगानी गरेका छन्। बैंक तथा वित्तीय संस्था, जलविद्युत्, दूरसञ्चार, स्वास्थ्य, पर्यटन, शिक्षा, सञ्चार लगायतका क्षेत्रमा एनआरएनको लगानी केन्द्रित छ।


गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोको अगुवाइमा स्थापित सानिमाले पहिलो पटक सुनकोशीमा २.५ मेगावाटको जलविद्युत् आयोजना निर्माण गऱ्यो। अहिले इलामको माइखोलामा २२ र ७ मेगावाटका दुई आयोजना निर्माणाधीन छन्। एनआरएनहरूले तमोर नदीमा ठूलो जलविद्युत् आयोजना निर्माणका लागि अध्ययन गरिरहेका छन्। ४१५ मेगावाटको आयोजनाका लागि उत्पादन अनुमतिपत्रको आवेदन दिइसकिएको छ।

एनआरएन सहितको लगानीमा लमजुङमा २७ मेगावाटको दोर्दी खोला जलविद्युत् आयोजना निर्माणको चरणमा छ। आईएमई समूह अन्तर्गतको हिमालयन पावर पार्टनर कम्पनीको साझेदारीमा एनआरएन इन्भेष्टमेन्ट कम्पनीले ५१ प्रतिशत लगानी गरी आयोजना बनाउन लागको हो। ४ अर्ब ३० करोड लागतको आयोजनामा लगानीका लागि विश्वभरि छरिएका गैरआवसीय नेपालीले रू. १ अर्ब भन्दा बढी जम्मा गरिसकेका छन्। नेपालमा सय मेगावाट भन्दा बढीको आयोजना बनाउन रकम जुटाउन इन्भेष्टमेन्ट कम्पनी स्थापना गरिएको हो।

२.५ मेगावाट क्षमताको आयोजनाबाट विस्तार हुँदै अर्बौ लगानीका परियोजनाहरूमा हिम्मत गर्नु पछाडिको खास कारण गैरआवासीय नेपालीहरूको मातृभूमिप्रतिको सम्मान नै हो। गैरआवासीय नेपालीमाझ आफैं सर्भे, डिजाइन र निर्माणसम्म गर्न सक्ने प्राविधिक जनशक्ति समेत भएकाले राज्यले अझ धेरै लाभ लिनसक्ने देखिन्छ। जापानमा बस्ने गैरआवासीय नेपाली महेशकुमार प्रधान लगायतको संलग्नतामा सिन्धुपाल्चोकमा १ मेगावाटको हाँडीखोला, २३ मेगावाटको माथिल्लो चाकु र ४२ मेगावाटको मिस्त्री खोला जलविद्युत् आयोजना समेत निर्माणमा छ। विश्वभर छरिएर रहेका नेपालीहरूको थोरै बचतलाई एकीकृत गरेर लगानी गर्ने वातावरण बनाए त्यसबाट पनि सयौं मेगावाटका जलविद्युत् आयोजनाहरू निर्माण हुन सक्ने सम्भावना रहेको जानकारहरू बताउँछन्।

नेपालका निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाका अधिकारीहरू पनि विदेशमा बसेका नेपालीहरूबाट हुने संयुक्त लगानीले

दोर्दी खोला।



# एकता नै हाम्रो शक्ति हो




**डा. उपेन्द्र महतो**
संस्थापक अध्यक्ष
गैरआवासीय नेपाली संघ


विदेशमा जतिसुकै सफलता र सम्पन्नता हासिल गरे पनि मातृभूमि समृद्ध नभई व्यक्तिगत प्रगतिको ठूलो अर्थ नरहने भावनाले हामीले दश वर्ष अगाडि गैरआवासीय नेपाली संघ स्थापना गरेका थियौं। नेपाल जुन ऐतिहासिक संक्रमण र परिवर्तनको प्रक्रियामा छ, यस्तो अवस्थामा कुनै विदेशीले गएर त्यहाँको विकास गरिदिने होइन, हामी आफैं त्यसका लागि अघि सर्नुपर्छ भन्ने राष्ट्रवादी दायित्वबोधले पनि हामीलाई प्रेरित गरेरै यो संस्था स्थापित भएको हो। संख्यात्मक र गुणात्मक रूपमा संसारभरि छरिएर रहेको नेपाली डायस्पोराको आर्थिक, व्यावसायिक र बौद्धिक क्षमतालाई समेटेर नेपालको शान्ति, समृद्धि र विकासका लागि कसरी उपयोग गर्न सकिन्छ भन्ने जुन चिन्तनले प्रेरित भएर गैरआवासीय नेपाली अभियानको आरम्भ भएको थियो, हामीलाई सन्तोष छ आज त्यसले लगभग हरेक देशको नेपाली डायस्पोरालाई स्पर्स गरेको छ। संसारको अरू देशका गैरआवासीय नागरिकहरूको यस्तो अर्को कुनै संस्था छैन। विदेशमा बस्ने नेपालीहरूको सुख-दुःख, खुशी-पीडा बाँड्ने थलो अर्थात् आफ्नै घरको रूपमा गैरआवासीय नेपाली संघ सबैका लागि स्वीकार्य भइसकेको छ। हाम्रा सामूहिक प्रयासहरू पनि क्रमशः ठोस र मूर्त हुँदै गएका छन् र नेपालमा तिनको सराहना पनि भइरहेको छ। अब गैरआवासीय नेपाली अभियान र गैरआवासीय नेपाली संघ उपेक्षा गर्न नसकिने संगठित प्रयासको रूपमा स्थापित भइसकेका छन्। यो सफलतामा संसारभरिका सबै देशका नेपालीहरूको समर्पण र निरन्तर मिहिनेतको योगदान छ।

आफ्नै खुट्टामा उभिन प्रयासरत नेपाली डायस्पोरा पहिलो पुस्ताको डायस्पोरा हो। त्यसैले हाम्रा स्रोत र साधन सीमित छन्। यिनै सीमितताका बाबजुद नेपाली समुदायले नेपालमा लगानी गर्न जुन उत्साह देखाएको छ अहिलेलाई त्यही नै ठूलो कुरा हो। व्यक्तिगत वा सामूहिक रूपमा गैरआवासीय नेपाली लगानीकर्ताहरू निकै सक्रिय हुँदै गएको हामीले अनुभव गरेका छौं। त्यसरी नै केही मात्रामा सीप र ज्ञानको आदानप्रदान पनि भएको छ र यो अब निरन्तर अगाडि बढिरहने प्रक्रिया हो। हाम्रा योगदान, लगानी, सीपको हस्तान्तरण आदि समयक्रममा बढ्दै जाने कुरा स्वभाविक प्रक्रिया हो। पूँजीगत लगानीको हिसाबले पनि गैरआवासीय नेपाली समुदायले मुलुकको जलस्रोत, मिडिया, दूरसञ्चार, शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा देखिने गरी उल्लेखनीय लगानी गरिसकेको छ। हाम्रा स्रोत र साधन सीमित भएकोले हाम्रो शक्ति भनेको नै सामूहिकतामा छ। त्यही समूहिक शक्तिको भरमा स्वदेशमा केही महत्वपूर्ण परियोजनालाई अगाडि बढाएका छौं। सामूहिकताको अवधारणाको औपचारिक शुरूवात यो बीचको अर्को सफलता हो।

विशेषगरी गैरआवासीय नेपाली लगानीलाई भित्र्याउन प्रेरित गर्ने किसिमको वातावरण बन्दै गए पनि त्यसलाई नीति( तगत स्वरूप दिने कुरामा निकै विलम्ब हुने प्रवृत्ति यो बीचमा देखियो। गैरआवासीय नेपाली सम्बन्धी कानूनदेखि नेपाली नागरिकताको निरन्तरताका विषयमा समेत नेपालको नेतृत्व वर्ग द्विविधामा रहेको हामीले अनुभूत गरेका छौं। तर पनि गैरआवासीय नेपाली सम्बन्धी कानून आउनु, विदेशमा रहेका नेपाली लगानीकर्तालाई केही हदसम्म भए पनि सुविधा दिनु, लगानी बोर्ड सम्बन्धी कानूनको व्यवस्था हुनु आदि हामी सबैका लागि सकारात्मक कुरा हुन्। तर सरकारले केही गरेन भनेर निष्क्रिय बस्नु हुँदैन। कठीन संक्रमणकालले पीडित मुलुकका प्राथमिकतालाई पनि हामीले बुझ्न सक्नुपर्छ। त्यसैले नागरिक स्तरमा पनि इमानदार प्रयास हुनुपर्छ, सरकारले गरेन मात्रै भनेर हुँदैन, आफ्नो व्यक्तिगत योगदान के छ भन्ने आत्मबोध पनि गर्न सक्नुपर्छ। गैरआवासीय नेपाली समुदायको बढ्दो संख्यात्मक र गुणात्मक क्षमतालाई सही परिचालन गर्न राष्ट्रिय नीति लिएर मुलुक चाँडै अगाडि आउँछ नै। हाम्रो मातृभूमिलाई शान्त र समृद्ध बनाउने दायित्व नेपालभित्र र बाहिर सबैतिर बस्ने नेपालीको मात्र हो, कुनै विदेशीले गएर नेपाल बनाइदिँदैन भन्ने कुरालाई गहिरो गरेर आत्मसात गर्नुपर्छ। यो कुरालाई हामीले अगामी दिनमा पनि गम्भीर भएर सोच्न जरूरी छ।

नेपालको शान्ति र समृद्धिमा आफ्नो क्षमता अनुसारको योगदान दिने मुलुकप्रतिको जिम्मेवारीबोध गराउने भावना बोकेको अभियान भएकोले यो यसरी नै फैलिने छ भन्ने हामीलाई विश्वास थियो। त्यसैले यस्तो व्यापक विस्तारपछि हाम्रो अभियानमा बेलाबेला केही सामान्य असमझदारी देखिनुलाई म त्यति ठूलो घटना मान्दिनँ। सबै गैरआवासीय नेपालीहरूले एकतामा मात्र हाम्रो शक्ति छ भन्ने बुझेकाले जुन तीव्र गतिमा विवाद आउँछन् त्यही गतिमा तिनको समाधान पनि भएका छन्। मुख्य कुरा हाम्रो साझा सपनाबाट हामी कहिल्यै विचलित हुनुहुन्न। यस पटकको सम्मेलनले यही एकताको भावनालाई झन् सुदृढ गर्दै नेपाली समाजलाई पनि सकारात्मक सन्देश दिन सकोस् र गैरआवासीय नेपाली संघले योजना गरेका सबै संगठित प्रयासहरूलाई मूर्तता दिँदै कठिन संकटबाट गुज्रिरहेको नेपालको शान्ति र समृद्धिका लागि हाम्रो समर्पणमा अझ अभिवृद्धि गरोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

---

मुलुकको उन्नतिमा ठूलो टेवा हुने बताउँछन्। "एकै पटक दशौं करोड डलरको कुरा गर्नुभन्दा गैरआवासीय नेपालीहरूबाट प्रतिव्यक्ति ४/५ हजार डलर नै भित्रिएर त्यसको सही दुपयोग हुन सक्यो भने पनि राम्रो नतिजा निकाल्न सकिन्छ", नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष सुरज वैद्य भन्नुहुन्छ।

मस्कोबाट शुरू भएको सामूहिक लगानीको प्रयास अहिले विस्तारित भइरहेको छ। गैरआवासीय नेपालीहरूले स्वदेशमा गरेको लगानीको एउटा सुन्दर पक्ष, उनीहरूले एकपटक गरेको लगानी फेरि बाहिर नजानु हो। पछिल्लो समय जापान, अमेरिका, अष्ट्रेलिया जस्ता मुलुकमा बसेका नेपालीहरूले स्वदेशमा ठूलो आकारको लगानी भित्र्याउन थालेका छन्। सामूहिक लगानी विषेशगरी ऊर्जा क्षेत्रमा नै केन्द्रित छ। नेपालमा जलविद्युतको प्रचूर सम्भावना भएको र त्यसबाट मुलुक तथा लगानीकर्ता दुवैलाई फाइदा पुग्ने भएकाले त्यतातिर आकर्षण बढेको आर्थिक क्षेत्रका जानकारहरू बताउँछन्। ठूला परियोजनामा लगानी गर्ने भनिएको सामूहिक लगानी कोष स्थापनाको अन्तिम तयारीमा पुगेको छ। एनआरएनसँग छरिएर रहेको पूँजीलाई एकीकृत गर्ने उद्देश्यले यस्तो कोषको अवधारणा ल्याइएको हो। १० करोड

# सन्तोषजनक लगानी




रामेश्वर खनाल
पूर्व अर्थसचिव


**गैरआवासीय** नेपालीले मुलुकलाई के कति गरे भनेर विश्लेषण गर्नुपूर्व यसको इतिहास पल्टाउनु पर्छ। भारत र चीनका डायस्पोरासँग दाँजेर हामीकहाँ केही गरेनन् भन्ने आरोप यथार्थसँग मेल खाँदैन। वास्तवमा नेपालीहरूले खुलेर विदेश जान थालेको २०४६ सालको परिवर्तनपछि मात्र हो। जबकि भारतीय र चिनियाँहरू विदेशिने क्रम शुरू भएको २०० वर्ष नाघिसकेको छ।

साढे दुई दशकको अवधिमा जसरी विदेशमा बस्ने नेपालीहरू एकतावद्ध हुन र मातृभूमिलाई केही गरौं भन्न सके त्यो आफैंमा सराहनीय विषय हो। त्यसैले गैरआवासीय नेपालीहरूले स्वदेशमा गरेको लगानीबारे निरपेक्ष ढंगले नभई सापेक्ष ढंगले विश्लेषण गर्न जरूरी छ। विश्वका धेरैजसो डायस्पोरा मातृभूमिको सम्मृद्धिको कारक रहेको पाइए पनि उनीहरूको दोस्रो-तेस्रो पुस्ताले बल्ल केही योगदान गर्न सकेको देखिन्छ। भारतीय र चिनियाँहरूको पनि दोस्रो-तेस्रो पुस्ताका सन्तति नै आफ्ना पूर्खाको जन्मभूमिमा लगानी लिएर फर्किएका हुन्। पहिलो पुस्तालाई आफू पुगेको देशमा स्थापित हुन नै धेरै समय लाग्छ। तर, नेपाली डायस्पोराहरूको पहिलो पुस्ताले नै आफू सक्दो लगानी गरिरहेका छन्। त्यसैले छिमेकीको तुलनामा कमजोर होइन, नेपाली डायस्पोरा अझै सवल र प्रतिवद्ध रहेको मैले पाएको छु।

विदेशमा हुर्किरहेको गैरआवासीय नेपालीको दोस्रो पुस्ता त्यहींको सभ्यता र चेतनास्तरमा विकास भइरहेको छ। यो पहिलो पुस्ता भन्दा अझै सवल बन्छ भन्नेमा द्विविधा छैन। तर, उनीहरूलाई नेपालमा आकर्षित गर्न लगानीको वातावरण र सुरक्षा पहिलो शर्त हुन्छ। त्यसैले राजनीतिक स्थिरता कायम गरी लगानीमैत्री अवस्था सिर्जना भएमा विदेश पुगेका नेपालीहरूकै पहलमा यो मुलुकको मुहार छिट्टै फेरिने छ।

इजरायलका कृषि फारममा प्रविधियुक्त तरकारी खेतीको काम सिकेर नेपाल फर्केका १२ जना युवाले काठमाडौंको जितपुरफेदीमा २० रोपनी जग्गा भाडामा लिएर सञ्चालन गरेको नमूना तरकारी खेती।



अमेरिकी डलरको कोष बनाउने प्रस्ताव पहिलोपटक जर्मनीमा भएको एनआरएनको दोस्रो क्षेत्रीय सम्मेलनले गरेको थियो। कोषमा जम्मा हुने रकम जलविद्युत्, सडक, दूरसञ्चार लगायतका पूर्वाधारका ठूला आयोजनामा लगानी गर्ने बताइएको छ।

### बढ्दैछ व्यक्तिगत लगानी

सामूहिकसँगै नेपालमा गैरआवासीय नेपालीहरूको व्यक्तिगत लगानी पनि बढ्दो छ। आफ्नो ज्ञान र क्षमताअनुसार लगानी आइरहेको हो। विदेशमा सिकेको सीपबाट सानो आकारमा लगानी गर्नेहरूले विभिन्न घरेलु तथा कुटिर उद्योग खोली गाउँ ठाउँमा स्वरोजगारीको बाटो देखाइरहेका छन्। तीन वर्षअघि वैदेशिक रोजगारीबाट फर्किएका ७ युवाले शुरू गरेको मह एग्रिकल्चर प्रालि अहिले जाँगरिलाहरूको लागि प्रेरणाको स्रोत बनेको छ। इजरायलको कृषि फार्ममा काम गरेका युवाहरूले स्वदेशमा विदेशी प्रविधिबाट तरकारी उत्पादन थालेपछि त्यसले मुलुकमा नयाँ उत्साह ल्याएको छ। विदेशमा सिकेको सीप र कमाएको धनले स्वदेशको मुहार फेर्ने अभियान शुरू गरेको यो एउटा उदाहरण हो।

गैरआवासीय नेपालीहरूले भित्र्याउने पूँजीले विदेशी लगानीकर्ताहरूलाई समेत आकर्षित गर्ने नेपाली अधिकारीहरूको भनाइ छ। लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) राधेश पन्त आफूहरू गैरआवासीय नेपालीहरूलाई व्यक्तिगत र सामूहिक दुवै लगानीको लागि प्रेरित गर्ने र त्यसमा सकेसम्म सुविधा प्रदान गर्ने बताउनुहुन्छ।

व्यक्तिगत या सामूहिक रूपमा विदेशमा बस्ने नेपालीले सानिमा बैंक, स्ट्यान्डर्ड फाइनान्स, काष्ठमण्डप डेभलपमेन्ट बैंक, गोर्खा विकास बैंक आदि बैंक तथा वित्तीय संस्थामा लगानी गरेका छन्। कान्तिपुर टेलिभिजन, कारोबार दैनिक सहितका सञ्चारमाध्यम, द ब्रिटिश कलेज, एक्मी कलेज, कान्तिपुर इन्जिनियरिङ कलेजसहितका शैक्षिक संस्था र मेडिकेयर अस्पतालमा एनआरएनको लगानी छ। निजी क्षेत्रको पहिलो

# बौद्धिक पूँजी देशलाई अवसर

**नेपालमै** जन्मे-हुर्केर दक्ष बनेकाहरू अवसर र भविष्य खोज्दै विदेसिइरहेका छन् । देशमा गतिलो सम्भावना नदेखेपछि विदेश पलायन हुनेमा प्राध्यापक, वैज्ञानिक, इन्जिनियर, भौतिकशास्त्री, वैज्ञानिक, रसायनशास्त्री, पाइलट, चार्टर्ड एकाउन्टेन्ट, नर्स, भेटेनरी लगायतका डाक्टर छन् । नेपाल इन्जिनियरङ काउन्सिलमा दर्ता भएका करिब २१ इन्जिनियरमध्ये ४० प्रतिशत विदेश पुगिसकेका छन् । त्यस्तै, दर्तावाल करिब १३ हजार चिकित्सकमध्ये ५० प्रतिशत विदेश पुगिसकेको तथ्यांक छ । पछिल्ला ८ वर्षमा त्रिभुवन विश्वविद्यालयबाट मात्रै ३ सय ५० प्राध्यापकले जागिर छोडेर विदेशमा अवसर खोज्न गए । नेपाल कृषि अनुसन्धान परिषद् नार्कका ४११ मध्ये १६८ कृषि वैज्ञानिक विदेश पुगिसकेका छन् । नर्सिङ काउन्सिलका अनुसार करिब २० हजार उत्पादित नर्समध्ये कम्तीमा पनि ५ हजार विदेशिएका छन् । भौतिकशास्त्रमा स्नातकोत्तर गर्नेमध्ये वार्षिक ४० भन्दा धेरै विदेश नै जान्छन् ।

नेपाली वौद्धिक जनशक्ति किन विदेशलाई नै कर्मभूमि बनाउन आकर्षित छन् ? "अवसर, सुरक्षा र थप क्षमता विस्तारका लागि" पूर्व अर्थसचिव रामेश्वर खनाल भन्नुहुन्छ "राज्यले उपयोग गर्न नसकेकाले पनि दक्ष जनशक्ति पलायन बढेको छ ।" भविष्य खोज्दै विदेशिएको जनशक्तिलाई उनीहरूको ज्ञान र सीप उपयोग हुने गरी अवसर दिएर फर्काउँदा मुलुकलाई फाइदा हुन्छ । विदेशमै बसिरहेका नागरिकहरूको पनि वौद्धिक क्षमता मुलुकले उपयोग गर्न सक्छ । चीन, भारत, कुवेत, इराक, कतार, दक्षिण कोरिया लगायतका मुलुक अघि बढ्नुमा एउटा कारण यसलाई पनि मानिन्छ । समाजशास्त्री चैतन्य मिश्र भन्नुहुन्छ "विदेशमा रहेका वौद्धिक समुदायको क्षमताको उपयोग गर्न सरकारले पहल गरे देशका लागि धेरै फाइदा हुन्छ ।" विदेशमै हुर्के-बढेको दोस्रो पुस्ता ज्ञान र सीपले अगाडि छ । उतैको रहनसहनका कारण पहिलो पुस्ता जस्तो नजिकको भावनात्मक नाता उनीहरूको नेपालसँग छैन । उतै स्तरीय शिक्षाको समेत अवसर पाउने भएकाले उनीहरूलाई नेपालको कुनै लगानी पनि रहन्न । अन्तर्राष्ट्रिय स्तरको जनशक्तिको रूपमा विकास हुने त्यो पुस्तालाई नेपालको समृद्धिमा सामेल गराउन राज्यले नै ठोस नीति र वातावरण बनाउन जरूरी हुन्छ । "कतिपयले नेपालीहरू यसरी बाहिर जानु नराम्रो भन्छन्", संयुक्त राष्ट्र संघका पूर्व सहायक महासचिव गौतम भन्नुहुन्छ, "तर भोलि नेपालको राजनीति सुध्रिने बित्तिकै विदेशमा कमाएको सीप र पूँजी ल्याएर मुलुक बनाउने प्रमुख भूमिका अहिले विदेशिनेहरूकै हुनेछ ।" छिमेकी भारतले सन् १९९१ मा उदार अर्थनीति अवलम्बन गरेपछि गैरआवासीय भारतीयहरूको लगानी र सीपले त्यहाँको अवस्था परिवर्तन गर्न ठूलो भूमिका खेलेको थियो । युरोपको आयरल्यान्डदेखि अफ्रिकाका धेरै युरोपको आयरल्यान्डदेखि अफ्रिकाका धेरै मुलुक डायस्पोराकै कारण विकासको नयाँ श्रृंखलामा प्रवेश गरेका छन् । राजनीति सुध्रिए नेपालले पनि त्यही बाटो समाउनेमा द्विविधा छैन ।

मोबाइल कम्पनी एनसेल एनआरएनको प्रयासमा स्थापना भएको हो ।

ठूलो औद्योगिक लगानी गर्नेहरूको आकर्षण जलविद्युत् र पर्यटन क्षेत्रमा छ । मुलुकको भौगोलिक अवस्थाले ती दुई क्षेत्रको सम्भावना धेरै देखाएकाले गैरआवसीय नेपाली लगानीकर्ताहरू त्यसतर्फ आकर्षित भएका हुन् । गैरआवासीय नेपाली संघका कोषाध्यक्ष भवन भट्टले स्टार बियर उत्पादन गर्दै आएको हेटौंडास्थित युनाइटेड ब्रुअरी समेत खरिद गर्नुभएको छ । यस्ता म्यानुफ्याक्चरिङ क्षेत्रमा निजी क्षेत्रको लगानी विस्तार कुनै पनि देशको औद्योगिकीकरणका महत्वपूर्ण हुन्छ । उहाँले कारोबार दैनिक तथा कारोबार मार्टको पनि सञ्चालन गर्दै आउनुभएको छ ।

गैरआवासीय नेपाली संघका प्रमुख संरक्षक तथा निर्वतमान अध्यक्ष देवमान हिराचनको सक्रियतामा एनआरएनहरूको संयुक्त लगानीमा ग्लोबल इन्भेष्टमेन्ट लिमिटेड कम्पनी स्थापना भएको छ । एनआरएनहरूले नेपाल पूर्वाधार विकास कम्पनीमार्फत काठमाडौं-हेटौंडा सुरूङ मार्गमा पनि करोडौं लगानी गर्ने प्रतिवद्धता जनाइसकेका छन् । यो आयोजनाले काठमाडौंलाई तराईसँग मात्र जोड्दैन, देशको आर्थिक उन्नतिमा नयाँ ढोका पनि खोल्न सक्छ ।

गैरआवासीय नेपाली उपेन्द्र महतोले नेपालमा करोडौं लगानीका दुई परियोजना शुरू गर्दै हुनुहुन्छ । महतोले राजधानीमा सुविधासम्पन्न अस्पताल तथा जडिबुटी खेती र प्रशोधन उद्योग स्थापना गर्न लाग्नुभएको छ । अस्पतालका लागि महतोले भैंसेपाटीमा १५० रोपनी जग्गा खरिद गरिसक्नुभएको छ । १ अर्ब रूपैयाँ भन्दा बढीको लगानी हुने अस्पतालमा अन्तर्राष्ट्रिय स्तरको सेवा प्राप्त हुनेछ । अन्तर्राष्ट्रिय स्तरमै ठूलो सफलता आर्जन गर्नुभएका संघका संस्थापक अध्यक्ष महतोले ३०० शैयाको अस्पताल र जडिबुटी प्रशोधन उद्योग स्थापनाका लागि जग्गा किनिसक्नुभएको छ ।

अष्ट्रेलियालाई कर्मथलो बनाएका गैरआवासीय नेपाली शेष घलेले विश्व विख्यात शेराटन होटलको काठमाडौं चेनका रूपमा पाँचतारे होटल खोल्न लाग्नुभएको छ । घलेको एमआईटी ग्रुप होल्डिङ्स् नेपाल प्रालिले केशरमहलमा १३ रोपनी जग्गामा होटल बनाउन लागेको हो । २०१८ फेब्रुअरीबाट सञ्चालनमा आउने यो सुविधासम्पन्न होटलमा रू. २ अर्ब ५० करोड भन्दा बढी लगानी हुनेछ ।

निजी लगानीको अब्बल उदाहरण हो, मोबाइल सेवा प्रदायक कम्पनी एनसेल । आक्रामक बजार प्रवर्द्धन गरिरहेको एनसेलका ग्राहक मात्रै एक करोड नाघिसकेका छन् । यसैगरी, विदेशको ज्ञान नेपाल भित्र्याउने सोचले आईसीसी सदस्य राजन कँडेल लगायत युकेका एनआरएनहरूको पहलमा ब्रिटिश कलेज सञ्चालनमा आएको छ । गैरआवासीय नेपालीहरूले व्यक्तिगत तवरबाट समेत नेपालमा ठूलो लगानीको सम्भावना प्रस्तुत गरेको नेपाल राष्ट्र बैंकका गर्भनर डा. युवराज खतिवडा बताउनुहुन्छ । "अन्तर्राष्ट्रिय स्तरमै स्थापित व्यवसायीको रूपमा उदाइरहेका नेपाली लगानीकर्ताहरू मातृभूमिको समृद्धिप्रति जिम्मेवार र संवेदनशील पाएको छु", उहाँ भन्नुहुन्छ, "त्यस्तै वार्षिक ४ अर्ब अमेरिकी डलर भन्दा धेरै रेमिट्यान्स पठाउने कामदारहरूलाई पनि हामीले देश निर्माणको आधारको रूपमा बुझ्न सक्नुपर्छ ।"



# विश्वभर पहिचान

बुद्ध जन्मेको देश । सगरमाथाको देश । जन्मभूमि नेपालप्रति गर्व गर्ने कैयन् यस्ता आधार भए पनि विश्वभर नेपालको ख्याति स्थापित भइरहेको छैन । नेपाल चिनाउन सरकारी तथा विभिन्न शुभेच्छुकहरूको पहल भने लामो समयदेखि रहँदै आएको छ । सन् १९९८ पहिलो पटक नेपाल भ्रमण वर्ष आयोजना गरेर विदेशीमाझ नेपाल चिनाउन सरकारले औपचारिक कदम चालेको थियो । त्यो अहिले पनि विभिन्न रूपमा चलिरहेको छ । सन् २००३ मा एनआरएन अभियान शुरू भएपछि भने विदेशमा नेपाल प्रवर्द्धनले नयाँ गति पायो ।

अहिले एनआरएनको आईसीसी र यस अर्न्तगतका विभिन्न एनसीसीले यो अभियानलाई औपचारिक रूपमै अघि बढाइरहेका छन् । सरकारसँग र निजी क्षेत्रका अन्य संस्थासँगको समन्वय त छँदैछ । जस अन्तर्गत कतिपय देशमा नेपाल हाउस (नेपाली सांस्कृतिक भवन) निर्माण गरिएको छ भने कतिपयमा यो प्रक्रिया शुरू भइसकेको छ । विभिन्न जातजातिका सांस्कृतिक धरोहर सहित कतिपय देशमा बनेका मन्दिर तथा बौद्ध गुम्बाहरूमा नेपालीपन झल्काएर पनि विदेशीलाई आफ्नो मुलुकको संस्कृतिको अब्बल परिचय दिलाउने क्रम चलिरहेको छ । त्यस अलावा विभिन्न देशमा आयोजना हुने फुड फेष्टिवल, व्यापार मेला र उत्सवहरूमा नेपाली परिकार सहित उपस्थित भई विदेशीलाई मौलिक स्वाद चखाउनु परदेशमा नेपाल चिनाउने अर्को शैली भएको छ । यस्ता गतिविधिले विदेशमै हुर्किएको दोस्रो पुस्ताका नेपालीहरूलाई पनि आफ्नो मातृभूमिसँग जोडेको छ । "नेपाल हाउस निर्माण तथा अन्य विभिन्न सहभागितामुलक गतिविधिले विदेशीलाई मात्र होइन प्रवासमै जन्मे-हुर्केको नेपालीहरूकै दोस्रो पुस्तालाई पनि आफ्नो मुलुकबारे जानकारी प्रदान गरेको छ" संघका अध्यक्ष जीवा लामिछाने भन्नुहुन्छ "त्यसैले यस्ता कार्यक्रम विस्तारमा जोड दिएका हौं ताकी हाम्रा सन्ततिमा नेपालप्रतिको चासो र जिज्ञासा बढिरहोस् ।"

नेपालको पहिचानमा पर्यटनको भूमिका महत्वपूर्ण हुने र त्यसमा विदेशमा बस्ने नेपालीको योगदान अतुलनीय रहेको सरकारी अधिकारीहरू पनि बताउँछन् । त्यसैले पर्यटन विकासमा सरकार, निजी क्षेत्र र विदेशमा बस्ने नेपालीहरूको ऐक्यबद्ध पहल रहिआएको छ । तीन वर्षअघि 'एक साथी घर पठाउँ' अभियान अन्तर्गत विदेशमा बसेका नेपालीहरूले सरकार तथा पर्यटन बोर्डसँगको सहकार्यमा धेरै विदेशीलाई नेपाल घुम्न पठाएका थिए । पर्यटन वर्ष २०१२ पनि यस्तै सहकार्यमा सम्पन्न भएको हो । यस्ता सहकार्यले नेपालको पर्यटन प्रवर्द्धनमा विषेश योगदान पुगेको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुशील घिमिरे बताउनुहुन्छ । "कामदार, व्यवसायी या विद्यार्थी जुनसुकै रूपमा विदेश गएका भए पनि नेपालीहरूले अन्तर्राष्ट्रिय बजारमा नेपालको ब्रान्ड एम्बेसेडरको काम गरेका छन्" उहाँ भन्नुहुन्छ "उनीहरूसँग थप सहकार्य गर्दै राज्यले पर्यटन नीति अवलम्बन गर्नेछ ।" घिमिरे विदेशमा बसोबास गर्ने या कुनै काम विषेशले जाने नेपालीहरूले पर्यटन विकासमा पुऱ्याएको योगदान उच्च भएको र अहिले त झन् गैरआवासीय नेपाली संघले स्वदेशको प्रवर्द्धनकै लागि भनेर विभिन्न कार्यक्रम गर्न थालेपछि अझ ठूलो योगदान पुगेको बताउँछन् ।

पर्यटनविज्ञ कर्ण शाक्य १० वर्षमा नेपालमा विकासको हिसाबले आमूल परिवर्तन भएको भन्दै नेपालको सौन्दर्यता र विशेषताका बारेमा विश्वभर फैलाउने प्रमूख भूमिका विदेशमा रहेको बताउनुहुन्छ । "गैरआवासीय नेपालीहरूले ६४ देशमा नेपालको झण्डा गाडेर विश्वव्यापीकरण गरिदिएका छन्" नेपाल भ्रमण वर्ष १९९८ आयोजक मूल समितिका संयोजक समेत रहनुभएका शाक्य भन्नुहुन्छ, "तर, त्यति मात्र पर्याप्त छैन, एनआरएन साथीहरूसँग नेपाल देश र नेपाली जनताले धेरै आशा गरेका छन् ।"

### सबै क्षेत्रमा उत्तिकै पहल

संघले २००७ यता 'बुद्ध नेपाल अभियान' पनि सञ्चालन गर्दै आएको छ । धेरै बुद्धमार्गीहरू बसोबास गर्ने कोरियाका ७ प्रतिशत जनताले मात्र बुद्धको जन्मथलो नेपाल हो भन्ने थाहा पाएको बुझेर यो अभियान शुरू गरेको र अहिले पनि सञ्चालनमा रहेको संघका महासचिव तेन्जी शेर्पा बताउनुहुन्छ । संघ अन्तर्गत प्रमोसन अफ नेपाल एब्रोड (विदेशमा नेपाल प्रवर्द्धन) र प्रमोसन अफ नेपाली प्रोडक्ट्स एब्रोड (विदेशमा नेपाली वस्तु प्रवर्द्धन) गरी दुईवटा टास्कफोर्स सक्रियताका साथ नेपाल चिनाउने अभियान जुटेका छन् । पहिलो टास्कफोर्स पर्यटन तथा संस्कृति, साहित्य, खेलकूद



नेपालीहरूले मस्कोमा बनाएको नेपाली घर ।

- रसियामा नेपाल हाउस निर्माण सम्पन्न, नेपालबाटै ४० टन सामान लगेर बनाइएको हाउसमा पुग्ने जोकोहीलाई नेपाली घरमै पुगेको अनुभूति ।
- बेल्जियम, दक्षिण कोरिया, जापान, अष्ट्रेलिया, अमेरिका लगायतका मुलुकमा पनि त्यहाँको स्थानीयतालाई सुहाउँदो नेपाल हाउस बन्दै ।
- न्युजिल्यान्डमा तेन्जिङ नोर्गे र एडमण्ड हिलारी सेन्टर स्थापनाकोपहल ।
- विभिन्न मुलुकमा सांस्कृतिक कार्यक्रम सहित नेपाल महोत्सव आयोजना ।
- अमेरिका र क्यानडा चल्ने ट्रकमा नेपाल झल्काउने तस्वीर अंकित ।
- नेपाली हस्तकलाका उत्पादनको अन्तर्राष्ट्रिय बजारीकरण, वर्षेनि निर्यात बढ्दो ।
- नेपालीपन झल्किने मन्दिर र गुम्बाहरू ।
- नेपाली साहित्यलाई विश्वव्यापी बनाउने अभियान ।
- दोस्रो पुस्तालाई नेपालसँग जोड्न विभिन्न कार्यक्रम ।
- जापान लगायतका देशमा नेपाली चिनाउने टेलिभिजन प्रोग्रामहरू सञ्चालित ।

र फिल्म गरी चार क्षेत्रबाट नेपाल चिनाउने अभियानमा छ भने नेपाली पहिचान बोकेका वस्तु तथा सेवाको उपलब्धताबाट ।

टास्कफोर्स अन्तर्गतको खेलकूद उपसमितिले अहिले विभिन्न देशमा खेल्न पुगेका नेपालीहरूलाई सहयोग गर्नेदेखि सम्बन्धित ठाउँबारे थप जानकारी दिने गर्दा खेलमा थप उत्साह थपिएको अनुभव विदेशमा खेलेर फर्किएका खेलाडीहरूको अनुभव छ । यस्तै नेपाली संस्कृति प्रवर्द्धनका लागि सरकार र चलचित्र प्रवर्द्धनका लागि विदेशमा रहेका विभिन्न संघसंस्थासँग समन्वय भइरहेको छ ।

संघले नेपाली साहित्यलाई विश्वव्यापी बनाउन कम्तीमा एउटा कृति रोजेर एनसीसीहरूसँग समन्वय गरी सम्बन्धित देशको भाषामा अनुवाद गरी छाप्ने पहल पनि थालेको छ । संगोष्ठीकै मौका पारेर गैरआवासीय नेपालीको दोस्रो पुस्तालाई नेपालबारे बुझ्ने प्रेरणा दिन 'माइ नेपाल माइ पर्सेप्सन' अवधारणामा चित्रकला प्रतियोगिता समेत आयोजना हुँदैछ । जसमा सहभागीले नेपालप्रतिको आफ्ना बुझाइ र अभिरूचि कला मार्फत प्रस्तुत गर्नेछन् । गैरआवासीय नेपाली संघ (एनआरएनए) र नेपाल प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा असोज २३ मा काठमाडौमा अन्तर्राष्ट्रिय नेपाली साहित्य संगोष्ठी सम्पन्न भएको छ । उक्त गोष्ठीमा गैरआवासीय नेपाली संघ (एनआरएनए) र नेपाल प्रज्ञा प्रतिष्ठानबीच गैरआवासीय नेपाली (डायस्पोरा) का साहित्यलाई प्रवर्द्धन गर्ने सम्झौता भएको छ ।

### नेपालको सामान विदेशमा

गैरआवासीय नेपाली संघकै पहलमा नेपाली गुन्द्रुक, सिन्की तथा भक्तपुरे लप्सी जस्ता अचारहरू जापान लगायतका मुलुकमा निर्यात हुने गरेका छन् । त्यस्तै नेपाली हस्तकला तथा अन्य मौलिक उत्पादनहरू अन्तर्राष्ट्रिय बजार पुऱ्याउन निर्यातकर्ताहरूको पुलको काम पनि गैरआवासीय नेपालीहरूले गरिरहेका छन् । धेरै हस्तकलाका सामान उत्पादन गर्ने भक्तपुर उद्योग वाणिज्य संघसँग त एनआरएन अभियानको नियमित समन्वय नै रहेको छ । त्यस्तै हस्तकलाको अन्तर्राष्ट्रिय बजार प्रवर्द्धनका लागि नेपाल हस्तकला महासंघ र गैरआवासप्य नेपाली संघ बीचमा औपचारिक सम्झौता समेत भइसकेको छ । "सम्झौता भए पनि संस्थागत रूपमै प्रवर्द्धनको कामले रफ्तार भने पाउन सकेको छैन" हस्तकला महासंघका निवर्तमान अध्यक्ष विकासरत्न धाख्वा बताउनुहुन्छ, "तथापि एनआरएनहरूको व्यक्तिगत पहल तथा विदेशमा बनाएका नेपाल हाउसहरूमा हस्तकलाका सामान लैजाने क्रम वृद्धि हुँदा हाम्रो अन्तर्राष्ट्रिय बजारीकरण फैलँदो छ ।"

महासंघका अनुसार, आर्थिक वर्ष २०६९/०७० मा रू. ४ अर्ब ३६ करोड १६ लाख बराबरको हस्तकलाका सामान नेपालबाट निर्यात भएको छ । त्यसमा २ अर्ब ७ लाख बराबरको कपडाजन्य र २ अर्ब ३६ करोड बराबरको विभिन्न धातु, काठ, बाँस आदिबाट बनेका हस्तकलाका सामग्री छन् । अघिल्लो आर्थिक वर्ष २०६८/०९८ मा भने रू.४ अर्ब ११ करोड ५३ लाख बराबरका हस्तकलाका उत्पादन निर्यात भएका थिए । मुख्यगरी युरोप र अमेरिकी अलावा एशियाका समेत ७७ मुलुकमा हस्तकलाका सामान निर्यात हुने र विभिन्न देशमा तिनीहरूको प्रवर्द्धन गर्न त्यहाँ बसोबास गर्ने नेपालीको सहयोग ठूलो रहेको नेपाल हस्तकला महासंघले जनाएको छ । नेपालबाट हस्तकला आयात गर्ने प्रमुख १० मुलुकमा अमेरिका, जर्मनी, चीनको स्वशासित क्षेत्र तिब्बत, जापान, नेदरल्यान्ड, बेलायत, फ्रान्स, क्यानडा, इटाली र डेनमार्क छन् । गत आवमा अमेरिकामा सबैभन्दा धेरै रू.१ अर्ब २७ करोड ४३ लाख बराबरको हस्तकलाका उत्पादन निर्यात भएको महासंघले जनाएको छ ।

नेपाल प्रवर्द्धनका लागि विदेशमा भएका गतिविधिमध्ये एक प्रमुख बनेको छ, नेपाल हाउस निर्माण । जसमा कला, संस्कृति, खानपान सहित समग्र नेपालीपनको 'भ्यालू एडिशन' हुने गरेको छ । सन् २०११ मा रसियामा निर्माण गरिएको नेपाल हाउस त्यसको गतिलो नमूना हो । जसको निर्माणमा जम्मा खर्च भएको ३० लाख अमेरिकी डलरमध्ये ५० प्रतिशत स्थानीय लगानीकर्ता र ५० प्रतिशत गैरआवासीय नेपालीहरूले लगानी गरेका हुन् । कला संस्कृति झल्कने हाउसमा २४ कोठाको होटल सहित नेपाली रेष्टुरेन्ट, नेपाली उत्पादनको पसल र ठूलो बैठक कक्ष रहेको छ । होटल, पसल तथा रेष्टुरेन्टको कमाइबाट हाउसको सञ्चालन खर्च धानिन्छ ।

रसियाको नेपाल हाउसलाई नमूना मान्दै अन्य देशमा पनि यस्ता घर निर्माण हुने क्रममा छन् । एनआरएन बेल्जियमले यस कामको शुरूवात गर्न सप्ताह महापुराणको आयोजना गरेर रकम संकलन गरेको छ । यस्तै कोरियाको सोलमा इपिएस अन्तर्गत




मलेसियामा नेपाल प्रवर्द्धन ।

गएर समस्यामा परेका नेपालीहरूलाई उद्धार गर्न च्यारिटी घर निर्माण गरी सञ्चालन गरिएको छ । त्यहाँ पनि नेपाल सम्बन्धी विभिन्न मौलिक विषेशता समेटिएको छ । सगरमाथाका प्रथम आरोही एडमण्ड हिलारीको मुलुक न्युजिल्यान्डमा तेन्जिङ नोर्गे र एडमण्ड हिलारी सेन्टर स्थापनाको पहल भइरहेको बताइएको छ । त्यस्तै अमेरिका, अष्ट्रेलिया, जापान आदि मुलुकमा पनि नेपालको पहिचान झल्कने सांस्कृतिक केन्द्र बनाउने तयारी शुरू भएको छ । विभिन्न देशमा बाहुल्य रहेका जाति, जनजातिले आफ्नो छुट्टै पहिचान झल्कने सांस्कृतिक भवन बनाउने पहल पनि शुरू गरेका छन् । संघले नेपाल हाउस निर्माणमा धेरै देशका शाखाबाट रूचि बढेपछि विगतका अनुभवका आधारमा त्यस सम्बन्धी निर्देशिका समेत बनाएको छ ।

गैरआवासीय नेपालीहरूले नेपाल चिनाउने पृथक अभियान सञ्चालनका क्रममा एनसीसी क्यानडाको अगुवाइमा क्यानडा र अमेरिका चल्ने ट्रकमा नेपाल झल्काउने विभिन्न चित्र जनवरी २०१३ मा अंकित गरिएको छ । ४ हजार ५०० अमेरिकी डलरको लागतमा १८ चक्के तथा ५३ फिट लामो सो ट्रकमा पशुपतिनाथको मन्दिर, फेवातालमा माछापुच्छ्रेको दृश्य, गैंडा, बाघ, सगरमाथा, क्यानडा-अमेरिका-नेपालको झन्डा, जंगल, ताल, गुम्बा, हिमालय श्रृंखला, जीवित देवी कुमारी लगायत ठूलो अक्षरमा नेपाल लेखिएको वाटरप्रुफ व्यानर लगाइएको छ ।

धार्मिक रूपमा निर्माण गरिएका मन्दिर र गुम्वाहरू विदेशमा नेपाल चिनाउने अर्को माध्यम बनेका छन् । युरोप तथा अमेरिकामा नेपाली मन्दिर धेरै नै बनिसकेका छन् । बेलायतमा पशुपतिनाथको मन्दिर बनाएर नेपालबाटै पुजारी समेत लगिएको छ । जापानका बुद्धिष्टहरूलाई नेपालका लामाहरूले गुम्बा बनाउने कार्यमा प्राविधिक सहयोग गर्ने गरेका छन् ।

यस्तै गोर्खालीहरूको अर्को पहिचान बोकेको खुकुरीलाई अन्तर्राष्ट्रिय दुनियाँमा चिनाउन ४५ मिनेटको वृत्तचित्र नै बनाइएको छ । एनआरएन आईसीसीका सदस्य डा. बद्रि केसीका अनुसार रसियन भाषामा रहेको वृत्तचित्र अव अंग्रेजीमा रूपान्तरण गरी अन्य मुलुक पठाउने तयारी गरिएको छ भने महिनाको कम्तीमा एक पटक विभिन्न टेलिभिजन च्यानलबाट प्रसारण गर्ने गरिएको छ । तीन दर्जन मुलुकमा फैलिएको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले पनि नेपाल चिनाउन प्रवर्द्धनात्मक भूमिका खेल्दै आएको छ । नेपालको सुन्दरता र भव्यतालाई चित्रण गर्दै विभिन्न विधामार्फत डायस्पोरा साहित्य सम्वृद्ध

# हेगमा बुद्धमूर्ति स्थापना

**गैरआवासीय** नेपाली संघको पहलमा नेदरल्याण्डको हेगस्थित अन्तर्राष्ट्रिय अदालत परिसरमा गौतम बुद्धको मूर्ति स्थापना गरिएको छ । गौतम बुद्धको जन्मस्थानका बारेमा केहीले भ्रम फैलाउन खोजेपछि परराष्ट्र मन्त्रालयको समेत उपस्थितिमा गैरआवासीय नेपाली संघले २४ जुनमा अन्तर्राष्ट्रिय अदालतको तेस्रो तलामा २ दशमलव ५ फिट अग्लो गौतम बुद्धको मूर्ति स्थापना गरेको हो । मूर्ति हस्तान्तरण समारोहमा अन्तर्राष्ट्रिय अदालतका मुख्य सहित अधिकांश न्यायाधीशहरूको उपस्थिति रहेको थियो ।



त्यस समारोहमा नेपाली राजदूत राममणि पोखरेल सहित दूतावासका अधिकारी लगायत संघका संस्थापक अध्यक्ष उपेन्द्र महतो, उपाध्यक्षद्वय हितमान गुरूङ र रामेश्वर शाह, महासचिव तेन्जी शेर्पा, एनआरएन युरोप संयोजक कुमार पन्त लगायतको उपस्थिति रहेको थियो ।

मूर्ति स्थापना गरेपछि हेगमा पत्रकारसँग कुरा गर्दै संघका अध्यक्ष जीवा लामिछानेले भन्नुभयो, "गौतम बुद्ध नेपालमा जन्मिएका हुन् भन्ने कुराको तथ्य विश्वभरका नागरिकलाई सम्प्रेषण गर्ने उद्देश्यले मूर्ति स्थापना गरिएको हो ।" उहाँले बुद्धको दर्शन संसारभर फैलिएको र शान्तिको लागि अझै प्रचार गर्नु आवश्यक रहेको बताउनुभयो ।

सो अदालत परिसरभित्र नेल्सन मण्डेला, जवाहरलाल नेहरू, महात्मा गान्धी लगाएतका विश्वप्रसिद्ध व्यक्तिहरूका प्रतिमा राखिएका छन् । झण्डै पाँच लाख रूपैयाँको लगानीमा स्थापना गरिएको मूर्तिमा बुद्ध नेपालमा जन्मिएका हुन् भनेर लेखिएको छ । यस परियोजनाको लागि एनआरएन यूकेले सक्रियता लिनुको साथै आर्थिक संकलन गरेको थियो । कार्यक्रमको संयोजन एनआरएन युकेका सुरेन्द्र श्रेष्ठले गर्नुभएको थियो ।



# 'म' होइन 'हामी' भन्ने विकास गरौं

२०४६ को जनआन्दोलनपछि विभिन्न सिलसिलामा विदेशिएका नेपालीहरूलाई एउटै मालामा उन्ने बारेमा डायस्पोराका पहिलो पुस्ताका साथीहरूबीच भएको छलफलमा सबैलाई एउटा सामाजिक संस्था बनाई त्यसमा एकत्रित गर्नुपर्ने आवश्यकता महशुस भयो। जस अनुसार विदेशमा कमाएको सीप र ज्ञानलाई समेत स्वदेशको लागि उपयोग गर्न सकिने गरी सन् २००३ मा गैरआवासीय नेपाली संघ (एनआरएन) को स्थापना गर्न हामी सफल भयौं। संस्था गठन गर्ने प्रक्रिया हामीबीच रहेका ऊर्जा र हार्दिकताहरू सम्झँदा मन त्यसै आनन्दित भएर आउँछ।

यो एक दशको यात्रमा आरोह र अवरोह पक्कै पनि आए। केही अपवादलाई छोडेर भन्ने हो भने गैरआवासीय नेपाली संघले विदेशमा रहेका नेपालीको लागि मात्रै होइन, सिंगै राज्यलाई प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याई नै रहन्छ। नेपाल सरकारले राजदूतावास राख्न नसकेका देशहरूमा गैरआवासीय नेपाली संघले समन्वयकारी भूमिका खेल्दै आएको छ। नेपाल र नेपालीहरूको सुख र दुःखमा साथ दिएको छ। ६५ भन्दा बढी देशमा संस्थाको नाममा नेटवर्क स्थापना हुनु आफैंमा गौरवान्वित कुरा हो। तर हामीले एनआरएनको सन्जालमा संख्यात्मक फड्को मारे पनि गुणात्मक फड्को मार्न सकिरहेका छैनौं। संस्कार र पद्धतिको थप विकास गर्न जरूरी छ भन्ने अनुभव सबैमा हुनुपर्छ। संस्थाको नेतृत्व दोस्रो पुस्तामा जान लागेको यो अवसरमा हामीले हाम्रो इतिहास सुनौलो अक्षरले लेखाउने अवसरको रूपमा प्रयोग गर्न सक्नुपर्छ।

तथापि हामीले संस्थामा यो दश वर्षभित्र भएका गतिविधिहरूलाई वृहत् समीक्षा गर्नुपर्ने हुन्छ र आगामी दश वर्षका लागि लोक कल्याणकारी तथा परोपकारी जस्ता मानवीय आधारभूत अभियान अन्तर्गत गैरआवासीय नेपालीहरूको सीप, ज्ञान र पूँजीलाई उपयोग गर्ने दिशातर्फ एउटा ठोस योजना बनाउनुपर्ने देखिन्छ।

हामीले सानोबाट काम शुरू गर्न सक्यौं भने, एकल जिल्लाबाट शुरूवात गर्न सक्यौं भने सानासाना माइक्रो मेनेजमेन्टबाट कृषिमा आधारित आधुनिक कृषिका केही उदाहरणहरू प्रस्तुत गर्न सक्यौं भने राम्रो हुनेछ। नेपालमा एउटा भनाइ छ 'एनआरएन आउँछन्, गफ लाउँछन् जान्छन्' यी भनाइलाई चिर्नको लागि पनि संस्थामा थप योजना सहित अगाडि बढाउनु जरूरी छ। संस्थालाई सहित हिसाबले प्रयोग गर्दै हाम्रा स्थापनाकालका योजनालाई थप परिस्कृत गर्दै अगाडि बढ्यौं भने हामीमाथि लाग्ने गरेका आरोपहरू केवल आरोपमा मात्रै सीमित हुने पक्का छ। लगानी भित्र्याउने विषयमा वैदेशिक लगानी नेटवर्कको र नेपाल सरकारबीच समन्वय गर्नमा अभिप्रेरित हुनेदेखि खाडीमा काम गर्ने दाजुभाइ दिदीबहिनीहरूको लागि छुट्टै टास्कफोर्स गठन गरी नेपाली राजदूतावास वा नेपाली कन्सुलरमा छुट्टै डेस्क स्थापना गरी सेवा दिनेतर्फ ध्यान केन्द्रित गर्नुपर्छ।

सुधारका धेरै कुराहरूका वावजुद गलत प्रवृत्ति र आरोपहरूलाई चिर्न पनि हामी सबैभन्दा पहिला एकजुट हुनुपर्छ। संस्थालाई दिगो र वृहत्तर गर्नका लागि अग्रजहरूको सुझावलाई हृदयंगम गर्ने परिपाटी विकास गर्दै अस्तित्वको रक्षा र सम्मान गर्न सिक्नुपर्छ। यी दश वर्षका अवधिमा साथीहरूको सुझाव र सहयोगलाई हृदयंगम गर्दै सबैप्रति न्यानो आभार व्यक्त गर्नुका साथै आगामी वर्षहरूमा अझ प्रगाढ र हार्दिकताको विकास होस् भन्दै म होइन हामी भन्ने सोचको विकास गरौं भन्ने कामना गर्दछु।



**देवमान हिराचन**
प्रमुख संरक्षक
गैरआवासीय नेपाली संघ




बनिरहेको प्रवासी साहित्यकार विश्वासदीप तिगेला बताउनुहुन्छ।

विभिन्न देशमा आयोजना हुने नेपाल सम्बन्धी मेलामा त्यहाँका बासिन्दाको उल्लेख्य सहभागिता हुने गरेको र यो क्रम बढ्दो भएको विभिन्न देशमा एनसीसीका पदाधिकारीको अनुभव छ। त्यसैले कुनै न कुनै देशमा केही न केही गतिविधि भइनै रहेका हुन्छन्। एनआरएनहरू आफैंले पनि नृत्य प्रतियोगिता तथा अन्य सांगीतिक कार्यक्रम पनि आयोजना गर्ने गरेका छन्। अष्ट्रेलिया, बेल्जियम, जापान, अमेरिका, बेलायत, चीन आदि देशका एनसीसीले नेपाल महोत्सव समेत आयोजना गरिसकेका छन्, अन्य देशमा पनि तयारी भइरहेको छ।

### कानूनी अप्ठ्यारो पनि छ

सामान तथा वस्तुको अन्तर्राष्ट्रिय बजार विस्तारका लागि अपरिहार्य हुने बार कोड नेपालले नलिएका कारण नेपाली उत्पादन समेत भारतीय ब्रान्डमा निर्यात हुन बाध्य छन्। जर्मनीको ब्रसेल्समा रहेको युनिस्क्यानबाट नेपाल उद्योग वाणिज्य महासंघ जस्ता निजी क्षेत्रका प्रतिनिधि संस्थाले सदस्यता लिएपछि १३ डिजिटलको बार कोड पाइन्छ। नेपाल-भारत सन्धिको अभावमा सिमानाबाट कलकत्तासम्मको भाडा अन्तर्राष्ट्रिय दरमा तिर्न परेकाले पनि नेपाली वस्तु विदेशी बजारमा धेरै महँगो पर्छन्।

विदेशमा नेपालको पर्यटन प्रवर्द्धन गर्न सरकारले अत्यन्त न्यून पैसा छुट्याउने गरेको र त्यो समेत खर्च नभई 'फ्रिज' हुने गरेको छ। लामो प्रक्रियामा अल्झिँदा अल्झिँदै लक्षित उद्देश्यमा नपुगी आर्थिक वर्ष सकिने गरेको विगतको अनुभव छ। भारतले बुद्धको नाम जपेर मनग्गे पर्यटक भित्र्याइसके पनि कतिपय देशका नेपाली राजदूतहरू बुद्ध नेपालमा जन्मिएको भन्न समेत डराउने संघका महासचिव शेर्पाको भनाइ छ। आर्थिक कूटनीतिको चर्चा धेरै भए पनि त्यसमा रचनात्मक पहल हुन सकेको छैन। विज्ञापन लगायत अन्तर्राष्ट्रिय बजारमा प्रचारात्मक गतिविधि गर्न सरकारले आफूहरूलाई सहभागी गराउने हो भने अझ प्रभावकारी नतिजा हात पार्न सकिने विश्वास विदेशमा बस्ने सबै नेपालीहरूको छ। ●

# विदेशमा नेपाललाई चिनाउने गैरआवासीय नेपाली नै हुन्



कर्ण शाक्य

कुनै पनि नागरिक जसले नेपाली म भन्ने भावना बोकेको छ, त्यसलाई नेपालीको पहिचानको लागि केही कुराको आवश्यकता पर्दैन। किनभने नेपालमा जन्मिएको, नेपाली रगत, नेपालीपन बोकेका कुनै पनि नेपालीलाई आफ्नो देश फर्किन कुनै कानूनको आवश्यकता पर्दैन र पर्नु हुँदैन। संसारमा अन्य कुनै पनि ठाउँमा नभएकाप्राकृतिकलगायत विविध सांस्कृतिक सम्पदाहरू नेपालमा छन्। बुद्धको जन्म यही भयो,हिन्दू धर्मको महत्वपूर्ण पशुपतीनाथ मन्दिर छ, सर्वोच्च शिखर सगरमाथा हाम्रै देशमा छ। अन्य थुप्रै धार्मिक र प्राकृतिक स्थलहरू छन्। त्यसैले नेपालको प्रचारप्रसार गर्न कुनै कृतिम आकर्षणको आवश्यकता छैन। हामीले प्राप्त गरेका प्राकृतिक र सांस्कृतिक सम्पदाहरूलाई बुझ्न र खोज्न मात्रै आवश्यकता छ। त्यो विश्वमा पुऱ्याउने भनेको गैरआवासीय नेपालीहरूले नै हो। किनभने प्रवासी नेपालीहरू र पूर्खा नेपालमा नै हुर्के-बढेको हो भने नेपालमा के छ भन्ने कुरा उहाँहरूले राम्रोसँग बुझ्नु भएको छ। अहिलेको परिवेशमा हाम्रो देशमा पनि धेरै विकास भइसकेको छ। नेपालमा पनि प्रायः नेपालको सबै शहरहरूमा डोमेस्टिक एयरलाइन्सको सेवा पुगेको छ, उडेर या गुडेर कुनै निश्चित स्थानमा निश्चित समयमा पुग्न सकिन्छ। त्यति मात्र होइन, गाउँघरमा खाने-बस्ने व्यवस्था पनि राम्रो छ। आज भन्दा १० वर्ष पहिले जस्तो अवस्थामा हाम्रो मुलुक छैन। गाउँघरमा पनि विकास पुगिसकेको छ, पर्यटकले गाउँसम्म ट्याक्सी लिएर पनि जान सक्छन्। नेपालमा पर्यटनका लागि प्रशस्त सम्भावना छन्, त्यसलाई प्रवर्द्धन गर्नको निम्ति नेपालमा गैरआवासीय नेपालीहरूले शसक्त रूपमा राजदूतको रूपमा काम गर्दै अघि बढ्नु पर्दछ।




नेपालीहरू विश्वको जुनसुकै ठाउँमा पुगेका भए पनि त्यहाँ नेपाललाई चिनाउने गरी विभिन्न कार्यक्रमहरू गरिनैरहेका छन्। यो अत्यन्त सराहनीय छ। अहिले राजनीतिक कारणले हाम्रो विशाल नेपाल साँघुरिएको छ। जातजाति, धर्म, संस्कृति जस्ता कुराले नेपाललाई साँघुरो बनाइरहेको छ। यो भनिरहँदा मलाई ज्यादै दुःख लागिरहेको छ। नेताहरूले नेपाललाई बेलायत बनाउनुपर्ने ठाउँमा संकीर्ण कुरा उठाएर साँघुरो बनाइदिएका छन्। तर, फेरि खुसी यो कुरामा छु कि, गैरआवासीय नेपालीहरूले विश्वका ६४ देशमा नेपालको झण्डा गाडेर विश्वव्यापीकरण गरिदिएका छन्। आज यही कारणले नेपाल विश्वव्यापीकरण भएको छ। यो हामी नेपाल र नेपालीको लागि धेरै खुशीको कुरा हो। तर मेरो विचारमा यो मात्रै पर्याप्त छैन। एनआरएनका साथीहरूलाई म अनुरोध गर्न चाहन्छु, तपाइहरूसँग धेरै जिम्मेवारी छ। नेपाल देश र नेपाली जनताले एनआरएनसँग धेरै आशा गरेका छन् र नेपालीले तपाईंहरूलाई सम्मान पनि गरेका छन्। मेरो बुझाइमा सम्मान एकतर्फी हुँदैन, सम्मानसँगै जिम्मेवारी पनि पूरा गर्नुपर्दछ। सम्मान भनेको पचाउने वस्तु होइन। बिहानदेखि रातिसम्ममा राम्रो खानु, राम्रो लगाउनुमात्र जीवनको उद्देश्य हो भने मलाई अरू केही भन्नु छैन। तर, मानिस सम्मानित भएर बाँच्ने हो भने आफ्नो देशप्रति जिम्मेवारी बोक्दै देशको इज्जत थाम्न पनि सक्नुपर्छ। सभ्य नागरिक, इमानदारी भएर बस्नुपर्छ। एनआरएनका साथीहरूले आफू रहेको देशमा सम्मानित भएर बस्नसक्नुपर्छ किनभने उहाँहरूले त त्यहाँ सम्पूर्ण नेपाली र सिंगो देश नेपालको जिम्मेवारी बोकेको छ त्यसैले नेपालको महत्वलाई

दर्शाउने गरी थप काम गर्नु आवश्यक हुन्छ। मानिस भएर बाँच्ने हो भने नेपालीपन लिएर इज्जतका साथ बाँच्नुपर्छ। सोच परिवर्तन गरौं गैरआवासीय नेपाली साथीहरूले विदेशमा बसेर पनि स्वदेशको पहिचान र नातालाई तोड्न चाहनुभएको छैन। नेपालप्रति भावुक भएर मात्रै उहाँहरूले कहिलेकाहीं दुखेसो पोख्नुभएको हो। तर, नेपाल सरकारले एनआरएनलाई हेर्ने दृष्टिकोण गलत छ।

विदेशमा बस्नेहरूले धेरै कमाएका छन्, दुवै हातमा लड्डु, उता पनि मज्जा, यता पनि मज्जा छ, भनेर कहिलेकाहीं कुण्ठा पोखेको पनि पाइन्छ। तर, म भन्छु त्यस्तो विचार राख्नु भनेको प्रवासीहरूको समस्या बुझ्न नसक्नु हो। म सकारात्मक सोचमा,




अष्ट्रेलियामा नेपाल प्रवर्द्धन गरिँदै ।

विश्वास राख्ने व्यक्ति भएकाले यसमा पनि फरक ढंगले हेर्छु । सारा नेपालीका छोराछोरी ठूला-ठूला स्कूल, कलेजमा पढ्छन्, आमाबाबुले सकेसम्मको सबै कुरा लगानी गरेर उनीहरूलाई सक्षम बनाउँछन् र अब मुलुकको लागि केही गर्छन् भन्ने अवस्थामा पुगेका हुन्छन्, त्यति बेला भरपुर लगानी गरिएकामध्ये ९९ प्रतिशत युवा विदेश जान्छन् । आफू, आफ्ना आफन्त वा सरकारले एकजना युवाको लागि लाखौंलाख लगानी गरेको छ । तर, अन्ततः तिनीहरूका लागि स्वास्थ्य, शिक्षामा गरेको लगानी विदेश पलाएन भएको छ । कति सजिलो छ, यूरोप अमेरिकालाई, नेपालले लगानीको भार बोक्ने, फल लिने बेलामा अरूले लिने । विनालगानी नै विदेशीले छानीछानी नेपालीलाई लगेका छन् । यसले हाम्रो चित्त पनि दुख्छ ।

आज हाम्रा नेपालीलाई विदेशीले बौद्धिक अपहरण गरिरहेका छन् भने हामी पनि भोलि उनीहरूको सीपलाई किन नेपाल ल्याउन नसक्ने ? आज भन्दा २०/३० वर्षअघि कोरिया, ताइवानका मानिस अमेरिका गएर अध्ययन गरे, सीप सिके र आफ्नो मुलुक फर्किए, सीप प्रयोग गरेर काम गरिरहेका छन्, हाम्रो देशमा अवसरको खानी छ, जो उद्यमशील छ, त्यो विदेशमा बस्देन । त्यहाँ त उनीहरू स्वतन्त्र रूपमा रोजगारी गरिरहेका हुन्छन् । कमै मात्र नेपालीले मुलक बाहिर जहाँ आफू बसेका छन् त्यहाँ थोरै लगानीमा उद्यम गरेको पाइन्छ । सफल र ठूलो स्तरको लगानी गर्ने मालिक बन्नलाई उनीहरू नेपालमै फर्किन चाहन्छन् र फर्कनु पनि पर्छ । विदेशमा सिकेका सीप र शिक्षा नेपालमा प्रयोग गर्न चाहन्छन्, गर्नैपर्छ । किनभने नेपालको सम्पत्ति भनेको त्यो ज्ञान, सीप हो । यदि सरकारले प्रवासीका छोराछारीलाई नेपाल आउने बाटो दिएन, उनीहरूको नेपाली नागरिकतालाई निरन्तरता गरिदिने प्रावधान भएन भने कसरी उनीहरू नेपाल आउने ? उनीहरूलाई दुवै हातमा लड्डु भनी रीस गर्नु भन्दा आफ्नो देशमा सम्मान गरेर फर्काउन आतुर हुनुपर्छ । अन्य मुलुकमा विदेशीहरूले घर किन्ने नीति भइसकेको छ । विश्व नै स्वतन्त्र व्यापारको अवधारणमा गइसकेको छ भने नेपालले पनि अब संसारलाई हेरेर अघि बढ्नुपर्छ । सानो संकुचित दृष्टिले, राजनीतिक रूपले आर्थिक क्रान्ति हुँदैन । विकसित मुलुकको किन विकास भयो, किनभने उनीहरूले श्रमलाई सम्मान गर्न जानेका छन् । ठूलो मात्रै होइन, सानो कामलाई पनि सम्मान दिनुपर्छ, भन्ने ज्ञान छ ।

त्यो देशमा हुर्किसकेका त्यस्ता मान्छे नेपालमा आइसकेपछि हाम्रो संकुचित सोच, विचारबाट मुक्त हुनलाई यी अवधारणाहरू आवश्यक छ । गैरआवासीय नेपालीलाई उनीहरूको मातृभूमिप्रतिको सद्भावपूर्ण सम्बन्धले गर्दा नै समग्रमा नेपालको प्रवर्द्धनको लागि जुनसुकै काम गर्नको लागि आत्मविश्वास प्राप्त हुन्छ । हामीले समुदायको विश्वाससँगसँगै सांस्कृतिक सम्पदा बचाउनको लागि पनि भरपुर प्रयास गर्न जरूरी छ । हामीले आफ्नो पहिचानलाई बिर्सन हुँदैन । पछिल्लो समयमा नेपाललाई सक्षम ससक्त विकसित नेपालको रूपमा परिवर्तन गर्ने कुरा आइरहेको छ र काम भन्दा पनि बोलेर मात्र मान्छेहरूले नयाँ नेपाल भन्ने गर्छन् यस सन्दर्भमा म भन्छु, नेपाल हाम्रो त्यही हो जुन हिजो पृथ्वीनारायण शाहले एकीकरण गरेर सिंगो रूपमा विकास गरेको नेपाल । अब त्यसलाई मात्र हामीले मेरो नेपाल, हाम्रो नेपाल, राम्रो नेपाल भन्ने विचारले ओतप्रोत भएर विकास गर्नुपर्छ । धर्म-संस्कृति, भाषा र प्राकृतिक सम्पदाको संरक्षण गर्नुपर्छ, त्यति भए पुग्छ । देश राम्रो हुन पर्‍यो यो मात्र हामी आम नेपालीको चाहना हुनुपर्छ, त्यो स्वदेशमा बसोस् वा विदेशमा । ●

*शाक्य पर्यटन व्यवसायी हुनुहुन्छ ।*

# स्थापित हुँदै डायस्पोरा

नेपालीहरू विदेश जाने क्रम शुरू भएको दुई दशक मात्र पुगे पनि सबै महादेशमा बाक्लो उपस्थिति जनाइसकेका छन् । वैदेशिक रोजगारका क्रममा हाल खाडी राष्ट्रहरूमा मात्रै करिब २० लाख नेपालीहरू रहेको अनुमान छ । मलेसिया, साउदी अरब, कतार, युएई, बहराइन, इजरायल, कुवेत तथा लेवनान वैदेशिक रोजगारका मुख्य गन्तव्य हुन् । साउदी अरबमा मात्रै करिब ६ लाख नेपाली रहेको अनुमान गरिएको छ । तीमध्ये महिलाहरूको संख्या ५०-६० हजार रहेको अनुमान गरिएको छ ।

युएईमा हाल करिब २ लाखको हाराहारीमा नेपालीहरू भएको अनुमान गरिएको छ । जसमध्ये महिलाहरूको संख्या १०-१५ हजारको हाराहारीमा रहेको बताइन्छ । अन्य खाडी देशभन्दा युएई आर्थिक र अन्य दृष्टिले राम्रो मानिन्छ । कतारमा करिब ३ लाखको हाराहारीमा नेपालीहरू रहेको अनुमान गरिएको छ । नेपाली कामदार महिलाहरूको संख्या कतारमा लगभग २० हजारको हाराहारीमा भएको अनुमान छ ।

गोर्खा सैनिकका कारण बेलायतसँग नेपाल र नेपालीको नाता सम्बन्ध लगभग दुई शताब्दीदेखि विकास हुन थालेको हो । सन् १९९७ मा हङकङबाट बेलायतमा सारिए पनि सेवानिवृत्त ब्रिटिश गोर्खाहरूलाई बेलायत बस्न बन्देज भएकोले कतिपय शरणार्थीको रूपमा बस्न थाले । निरन्तरको आन्दोलन र दवावका कारण सन् २००४ मा १९९७ पछि सेवानिवृत्तहरूलाई र सन् २००९ मा ४ वर्ष सेवा गरेका जोसुकैलाई (श्रीमती र १८ वर्षमुनिका आश्रित बच्चा समेत) पनि स्थायी रूपमा बस्न दिने निर्णयका कारण बेलायतमा नेपालीको संख्या ह्वात्तै बढ्न गयो । हाल बेलायतमा १ लाखको हाराहारीमा नेपाली रहेको अनुमान छ । कुल नेपालीको दुई तिहाईजति (भूतपूर्व) गोर्खा र उनका परिवार एवं आफन्त छन् । २०११ को एक गणनामा बेलायतमा नेपालीका १२२ रेस्टुराँ रहेको पाइएको थियो । अन्य व्यवसायमा खुद्रा पसल, शैक्षिक संस्था, कानून व्यवसाय, ट्राभल्स एजेन्सी, लेखा सम्बन्धी आदि प्रमुख छन् ।

क्यानडामा नेपालीहरूको प्रवेश कहिले र कोबाट भयो भन्ने बारेमा कुनै लिखित जानकारी प्राप्त नभए पनि सन् १९६१ मा व्यापारको शिलशिलामा क्यानडा प्रवेश गर्नुभएका राजजीत सिंह कट्टोजका अनुसार ६० को दशकदेखि आगमन शुरू भएको हो । तर, अहिले क्यानडामा नेपालीहरू पन्ध्रदेखि बीस हजारको हाराहारीमा रहेको अनुमान छ । जसमध्ये सबैभन्दा बढी विशाल राज्य टोरोन्टोमा रहेका छन् । जहाँ पाँच हजारको हाराहारीमा नेपाली बसोबास गर्छन् ।

वैदेशिक रोजगारको लागि आर्कषक गन्तव्य कोरियामा सन् १९९४ बाट नेपालीहरू पुगेर रोजगारी शुरू गरे पनि सन् २००७ मा नेपाल र कोरियाली सरकारबीच रोजगारीको सम्झौतापछि नेपालीको संख्या ह्वात्तै बढेको हो । आर्थिक दृष्टिले आकर्षक गन्तव्य भएका कारण यहाँ बसोबास गर्ने नेपालीको संख्या २० हजार नाघिसकेको छ । अष्ट्रेलियामा समेत नेपाली प्रवेशको



नेपालीको कम्पनीले कतारमा निर्माण गरेको हाउजिङ ।

लामो इतिहास नभए पनि अहिले प्रायः सबै राज्य र टेरिटोरीका मुख्य तथा रिजनल शहरहरूमा उपस्थिति देखाएका छन् । तथ्यांक अनुसार अष्ट्रेलियामा बसोबास गर्ने नेपालीको संख्या २६ हजार भन्दा बढी छ, यो संख्या व्यवस्थित परिवारको मात्र हो । विद्यार्थीको रूपमा रहनेको संख्या जोड्दा झण्डै ७० हजार नेपाली पुग्छन् । अष्ट्रेलियाको केन्द्र तथा राज्य सरकारले नेपालीलाई नयाँ तर तीव्र वृद्धि भइरहेको सीपयुक्त जनशक्तिको रूपमा वर्गीकरण गरेको छ ।

नेपालीले रोजगारी पाउने मात्रै होइन, नेपालीले रोजगारी दिने देशको रूपमा पनि चिनिन थालेको छ जापान । चन्द्र शमशेरले सन् १९०३ मा जापानको आर्थिक विकासबाट प्रभावित भएर आठ युवालाई विभिन्न विधामा अध्ययन गर्न त्यहाँ पठाएका थिए । नेपालमा पाइने हलुवावेद, ठूलो कटुस र नीलजस्ता फलफूल विकास यिनै विद्यार्थीले जापानबाट सिकेको सीपका परिणाम हुन् । अहिले जापान आउने नेपालीहरूको सबैभन्दा ठूलो हिस्सा रोजगारीमा संलग्न छ भने सन् २००० पछि लगानी गरेर आफैंले व्यवसाय गर्न सक्ने हैसियतमा पुगेका नेपालीको संख्या त्यसपछि ह्वात्तै बढ्दै गएको हो ।

एक अनौपचारिक तथ्यांक अनुसार जापानमा अहिले करिब २५ हजार नेपालीहरूमध्ये करिब ८ हजार अर्थात् एकतिहाइ रेष्टुरेन्ट क्षेत्रमा कार्यरत रहेको तथ्यांकले देखाउँछ । पछिल्लो



नेपाली समेतको व्यवस्थापनमा सञ्चालित नाइजेरियाको सिमेन्ट फ्याक्ट्री ।

एक सर्वेक्षण अनुसार जापानभर करिब २ हजार रेष्टुरेन्टहरूमध्ये १ हजार ४ सय जति नेपालीहरू आफ्नै रेष्टुरेन्ट व्यवसायको मालिक भएका छन् । नेपाल भित्रिने रेमिट्यान्समध्ये १० प्रतिशत जापानबाटै आउने तथ्यांक छ । जापानमा करिब ४ दर्जनजति नेपाली संघसंस्था छन् ।

**सफल नाम**

पछिल्लो समय अमेरिकाको फेशन दुनियाँमा राज गरिरहेका प्रवल गुरूङ युवा पुस्ताका नेपाली डायस्पोरामा सबैभन्दा उचाइको नाम हो । अमेरिकी प्रथम महिला मिसेल ओवामादेखि बेलायती राजकुमारी केट मिडलटनसम्मका पहिरन डिजाइन गरिसकेका प्रवल अहिले दुनियाँका टप सेलिब्रेटीको रोजाइमा पर्नुहुन्छ ।

गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष उपेन्द्र महतोलाई रूसस्थित फ्री इकोनोमिक सोसाइटी अफ रसिया तथा इन्टरनेशनल एकेडेमी अफ म्यानेजमेन्टले सन् २००७ का लागि म्यानेजर अफ द इयर उपाधि प्रदान गरेको थियो । एस्काभेटर जस्ता हेभी निर्माण उपकरण तथा टेलिभिजन उत्पादन, पेट्रोलियम, टेलिकम्युनिकेशन, शिक्षा, स्वास्थ्य, जलविद्युत्, सञ्चार जस्ता क्षेत्रमा लगानी गर्नुभएका उहाँले १५ हजार भन्दा बढीलाई रोजगारी दिन सफल हुनुभएको छ ।

अष्ट्रेलियाका २ सय धनाढ्यको सूचीभित्र समावेश शेष घले र श्रीमती जमुना घलेले शिक्षा र रियलस्टेट व्यवसाय मार्फत त्यहाँ नयाँ पहिचान बनाउनुभएको छ । अमेरिकी होटल चेन शेराटनसँगको सहकार्यमा नेपालमा समेत पाँच तारे होटल सञ्चालनको तरखरमा रहनुभएका घलेले अष्ट्रेलियाकै ऐतिहासिक महत्वको भवन अगर्स खरिद गरेर त्यहाँ आफ्नो मेलवर्न इन्स्टिच्यूट अफ टेक्नोलोजी स्थानान्तरण गर्न लागेको अष्ट्रेलियाको प्रसिद्ध पत्रिका हेराल्ड सनले केही महिनाअघि लेखेको थियो ।

धेरै नेपालीहरू कामदारको रूपमा जाने खाडी क्षेत्रमा समेत व्यवसायीको रूपमा नेपाली उदाउँदै छन् । कतारस्थित अल फेजर इन्टरनेशन ट्रेडिङ एन्ड कन्ट्र्याक्टिङ कम्पनीका लगानीकर्ता तथा प्रबन्ध निर्देशक बद्री पाण्डे मध्यपूर्वमै सफल नेपाली व्यवसायी हुनुहुन्छ । अफ्रिकाकै एक सवल व्यावसायिक घराना नाइजेरियास्थित ड्याङ्गोटे ग्रुपका महाप्रबन्धक हिक्मत थापा सफल व्यवस्थापकका एक उदाहरण हुनुहुन्छ । थापाकै नेतृत्वमा समूहले सन् २००९ यता ३ वटा चाउचाउ प्लान्ट लगाएको छ भने नाइजेरियाकै ठूलो चिनी कारखाना र सिमेन्ट फ्याक्ट्री सञ्चालन गरेको छ । यो ग्रुपले नेपालमा पनि सिमेन्ट लगायत क्षेत्रमा अर्बौं लगानी गर्ने इच्छा देखाएको छ ।

अमेरिकाको प्रसिद्ध अनुसन्धान केन्द्रदेखि बेलायत, जापान, अष्ट्रेलिया, कोरिया लगायत विकसित देशका अन्तर्राष्ट्रिय स्तरको वैज्ञानिक प्रयोगशालामा समेत नेपालीहरू कार्यरत छन् ।

बेलायतको लिड्स विश्वविद्यालयमा अन्तर्राष्ट्रिय कानूनका प्राध्यापक डा. सूर्य सुवेदी प्राध्यापनबाट अन्तर्राष्ट्रिय जगतमा चिनिएको सुप्रसिद्ध नाम हो । सुवेदीले बेलायत सरकारबाट मोस्ट एक्सिलेन्ट अर्डर अफ ब्रिटिस अम्पाएर (ओबिई) अवार्ड पाउनुभएको छ । विभिन्न देशका विश्वविद्यालयमा भिजिटिङ प्राध्यापकका रूपमा बोलाइने सुवेदी बेलायतको परराष्ट्र मन्त्रालयका सल्लाहकार तथा कम्बोडियाका लागि संयुक्त राष्ट्र संघका प्रतिनिधि समेत हुनुहुन्छ ।

अमेरिकाको म्यासाचुसेट्स इन्स्टिच्यूट अफ टेक्नोलोजी (एमआईटी)का अर्थशास्त्र विषयका सहप्राध्यापक डा. पराग पाठकले विश्वका समस्याहरूबारे उत्कृष्ट अध्ययन अनुसन्धान गरेवापत अमेरिकी राष्ट्रपति बाराक ओबामाबाट विज्ञान र इन्जिनियरिङको क्षेत्रमा दिइँदै आइएको अर्ली करियर अवार्ड प्राप्त गर्नुभएको छ । अमेरिकामै अर्थशास्त्रका अर्का प्राध्यापक आलोक बोहोराको पहिचानले पनि नयाँ उचाइ छोएको छ । मिसिगन विश्वविद्यालयकी प्राध्यापक कल्यानी राई अमेरिकामा स्थापित नेपाली महिला प्राध्यापकको रूपमा अग्रस्थानमा आउनुहुन्छ । सिएनएनमा कार्यरत किरण क्षेत्री अन्तर्राष्ट्रिय सञ्चार जगतमै चिनिएको नाम हो । सिएनएनकै दक्षिण एशिया संवाददाताको रूपमा समेत नेपाली चेली सुम्निमा उदास नयाँदिल्लीमा कार्यरत हुनुहुन्छ ।

नेपालीहरूले विदेशमा राजनीति र प्रशासनिक क्षेत्रमा समेत चासो बढाउन थालेका छन् । बेलायतको नगरपरिषद्मा पहिलो नेपाली मुलुकको काउन्सिलरको रूपमा धन गुरूङ निर्वाचित हुनुभएको थियो । अमेरिकी संसद्मा डेमोक्र्याटको तर्फबाट उम्मेदवार बन्न दर्शन रौनियार पनि गत वर्ष पार्टीको आन्तरिक प्रतिस्पर्धामा सामेल हुनुभएको थियो । प्रशासनतर्फ विभिन्न मुलुकको सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा नेपालीले सफलता प्राप्त गर्दै उच्च सरकारी आहोदासम्म पुगेका छन् । डा. प्रवीण दीक्षित अमेरिकन संघीय सरकारको सहसचिव (कमर्श) को रूपमा कार्यरत हुनुहुन्छ ।

अमेरिकामा अध्ययनको सिलसिलामा भियतनाम युद्धबाट प्रभावित भएर संयुक्त राष्ट्र संघमा सेवा शुरू गर्नुभएका डा. कुलचन्द्र गौतम पछि संघको सहायक महासचिव तथा युनिसेफको

नायव कार्यकारी निर्देशकसम्म बन्नुभयो। युएन सेवामा नेपालीले हालसम्म पाएको सबैभन्दा ठूलो उपलब्धि डा. गौतमकै हो। संयुक्त राष्ट्र संघका लागि पूर्व नेपाली स्थायी प्रतिनिधि ज्ञानचन्द्र आचार्य हाल अति कम विकसित मुलुक हेर्ने गरी संघको उप-महासचिवको रूपमा कार्यरत हुनुहुन्छ। डा. विन्दुनाथ लोहनी एसियाली विकास बैंकको उपाध्यक्ष (वित्त र प्रशासन) को रूपमा कार्यरत हुनुहुन्छ। सन् १९८५ मा वातावरण विज्ञको रूपमा बैंक सेवा शुरू गर्नुभएका लोहनी महानिर्देशक हुँदै उपाध्यक्षमा पुग्नुभएको हो। अन्तर्राष्ट्रिय संघसंस्थामा परिचित नाम डा. महेन्द्र लोहनी विश्वको गरिबी र भोकमरी हटाउन सक्रिय संस्था हेइफरको उपाध्यक्षको रूपमा विपन्न वर्गको सेवामा सक्रिय हुनुहुन्छ।

गैरआवासीय नेपाली अभियानका अभियन्ताहरूले पनि आ-आफ्नो क्षेत्रमा सफलता प्राप्त गरिसक्नुभएको छ। रसियामा लोकतन्त्रको लहरसँगै व्यवसाय शुरू गर्नुभएका संघका अध्यक्ष जीवा लामिछानेको व्यावसायिक सञ्जाल अहिले जर्मनी, मध्यपूर्वको दुवई, नेपालहुँदै पूर्वको सिंगापुरसम्म पुगेको छ। विद्यार्थीको रूपमा जापान पुगेर अस्पतालमा दश वर्ष काम गरी आफ्नै व्यवसाय थाल्नुभएका गैरआवासीय नेपाली संघका पूर्व अध्यक्ष देवमान हिराचन व्यापारमा मात्र होइन, सामाजिक काममा समेत त्यहाँ स्थापित हुनुहुन्छ। एनआरएनका अभियन्ता रामप्रताप थापा जर्मनीमा १८४ वर्ष पुरानो बैंकमा कर्पोरेट एनालिस्टका रूपमा कार्यरत हुनुहुन्छ। जर्मनीको नर्थराइन वेष्ट फेलिया समेत तीन स्टेटका नेपाली अवैतनिक महावाणिज्य दूत समेत रहनुभएका थापाले जर्मन सरकारले प्रदान गर्ने अर्डर अफ मेरिट अवार्ड प्राप्त गर्नुभएको छ। विश्व खाद्य कार्यक्रमको आवासीय प्रतिनिधि भएर विभिन्न देशमा जिम्मेवारी सम्हालिसक्नुभएका भीम उदास कूटनीतिको क्षेत्रमा सफल अर्को नेपाली नाम हो।

एनआरएन अभियानको शुरूवाती कालदेखि नै सक्रिय नरेश कोइराला क्यानडामा सिनियर जियो टेक्नोलोजिष्टको रूपमा कार्यरत हुनुहुन्छ। गोल्डेर एशोसिएट्समा आवद्ध कोइराला लामो समयदेखि क्यानडामा कार्यरत हुनुहुन्छ। एनआरएन अभियानमा अर्को उल्लेखनीय नाम हो, अम्बिका अधिकारी। उहाँ अमेरिकास्थित ग्लोबल इन्स्टिच्यूट अफ सस्टेनेबिलिटीका सिनियर सस्टेनेबिलिटी साइन्टिस्टको रूपमा कार्यरत हुनुहुन्छ। गैरआवासीय नेपाली संघका सल्लाहकार डा. द्रोण रसाइली सन् १९७२ मा एसएलसी बोर्ड प्रथम हुनुभएको थियो। हाल उहाँ क्यानडाको 'सन हेल्थ सर्भिलेन्स एन्ड एपिडिमिओलोजी एट बिसी प्रोभिन्सियल हेल्थ सर्भिस अथोरिटी'का निर्देशक हुनुहुन्छ।

एनआरएन पहिलो कार्यसमितिमा उपाध्यक्ष रहनुभएका डा. श्याम कार्की चिकित्साबाट अमेरिकाको बाल्टीमोरमा बसोबास गर्ने नेपालीदेखि स्थानीयसम्म सबैको मन जित्न सफल हुनुभएको छ। गैरआवासीय नेपाली संघको अभियानका शुभचिन्तकहरूमध्ये बेलायतमा बसोबास गर्ने चिकित्सक डा. राघव धिताल बेलायती महारानीबाट ओविई पुरस्कारबाट विभूषित हुनुभएको छ भने क्यानडाको टोरन्टोमा बसोबास गर्ने डा. कुञ्जर शर्मा लेखा तथा परामर्शमा अन्तर्राष्ट्रिय स्तरमा स्थापित संस्था विडिओका वरिष्ठ उपाध्यक्ष हुनुहुन्छ।

### द्रुत विस्तार

पढाइ या कामको सिलसिलामा देश छोडेर जाने चलन लामो नभए पनि नेपालीहरूको डायस्पोरा सञ्जाल फराकिलो भइसकेको छ। छोटो अवधिमैं नेपालीहरूले विदेशमा गरेको प्रगति उत्साहजनक र लोभलाग्दो छ। राणाकालमा इष्ट इन्डिया कम्पनीसँगको सम्झौता बमोजिम गोर्खा सैनिकको रूपमा नेपालीहरू नियमित विदेश जाने क्रम शुरू भएको हो। चन्द्र शमशेरले बेलायतलाई १ लाख उम्दा युवक पहिलो विश्वयुद्धमा उपलब्ध गराएका थिए जुन बेला नेपालको जनसंख्या ३० लाखभन्दा बढी थिएन। प्रथम र दोस्रो विश्वयुद्धमा बहादुरीपूर्वक लडेवापत १२ नेपाली योद्धालाई बेलायत सरकारले सर्वोच्च सैनिक सम्मान भिक्टोरिया क्रस समेत प्रदान गर्‍यो। ब्रिटिश सेनामा कार्यरत नेपालीले देखाएको अदम्य शाहसले नेपाल विश्वभर वीर गोर्खालीको देश भनेर चिनियो। तर, थोरै मात्र नेपाली विदेश पुग्ने त्यसमा पनि सैनिक बाहेक अरू क्षेत्रमा खासै मौका नपाउने भएकाले त्यो सफलता त्यति धेरै बृहत हुन सकेन। २००७ सालमा प्रजातन्त्र आएपश्चात मात्र पढाइ लगायत अन्य उद्देश्यले फाट्टफुट्ट नेपाली विदेश जान थाले।

२०४६ सालको राजनीतिक परिवर्तनले भने आम नेपालीलाई विदेशको ढोका स्वतन्त्र रूपले खुला गरिदियो। राजनीतिक परिवर्तन भए पनि आर्थिक अवसरको बाटो नखुलेकाले नेपाली युवामा विदेश गएर काम गर्न या केही नयाँ सिक्नैपर्छ भन्ने भावनाको विकास भयो। त्यसका अलावा प्रविधिमा विश्वले गरेको पछिल्लो परिवर्तन आफ्नो गाउँ-ठाउँमा नपाएपछि बाहिरी दुनियाँ प्रतिको अभिरूचि बढ्न पुगेको हो। विश्वले शैक्षिक क्षेत्रमा नयाँ फड्को मारेकाले पनि नेपाली विद्यार्थीहरूको रोजाइ विदेशका शिक्षण संस्था बन्न पुगे। पछिल्लो समय कामदारको रूपमा विदेश पुगेका नेपालीले समेत लोभलाग्दो प्रगति गर्दैछन्। नेपालबाट रित्तो हात विदेशका विभिन्न मुलुकमा पुगेर त्यहीं मिहिनेत गरी आर्जेको सफलता प्रेरक समेत छ। अहिले भारत बाहेक विश्वका ११० भन्दा बढी मुलुकमा बसोबास गर्ने नेपालीको संख्या ३० लाख नाघिसकेको छ।

गैरआवासीय नेपाली संघको औपचारिक उपस्थिति नै ६५ देशमा पुगिसकेको छ। बेलायतसँग सम्बन्धित वर्तमान र भूपू सैनिक नै अहिले लगभग २० देशमा फैलिएका छन्। "लामो समय नभए पनि विदेश जाने नेपालीहरूले गर्विलो इतिहास तयार गरिसकेका छन्", संयुक्त राष्ट्र संघका पूर्व सहायक महासचिव डा. कुलचन्द्र गौतम भन्नुहुन्छ "नयाँ पुस्ताले यसलाई अझ व्यापक बनाउँछ भन्ने विश्वास गर्ने प्रशस्त आधार तयार भएका छन्।"

छिमेकी भारत लगायत दक्षिणी एसियाली मुलुकको तुलनामा समेत नेपाली डायस्पोराको इतिहास धेरै छोटो छ। बंगलादेश र पाकिस्तान नटुक्रिएकै अवस्थामा भारतमा सन् १६१२ मै ब्रिटिशहरूले उपनिवेश कायम गरेपछि ती देशका नागरिकको परदेश आउजाउ १७ औं शताब्दीदेखि नै निकै बाक्लो बनिसकेको थियो। त्यसैको प्रतिफल हो, उनीहरूको डायस्पोरा ३/४ पुस्ताको भइसकेको छ। अमेरिका लगायत विभिन्न मुलुकको स्थानीय राजनीतिमा समेत भारतीय मुलका नेताहरू सफलतापूर्वक स्थापित भइसकेका छन्। तर, नेपालीहरू अलि बाक्लै विदेशिन थालेको १५/२० वर्ष मात्र भए पनि यति लामो इतिहास बोकेका छिमेकी मुलुकका डायस्पोराहरूको दाँजोमा आशलाग्दा प्रगति गरिरहेको डा. गौतमको भनाइ छ। पूर्व अर्थसचिव रामेश्वर खनाल समेत भारतीय र चिनियाँ डायस्पोराको सयौं वर्षको इतिहासको तुलनामा नेपालीले दुई दशकमा मारेको फड्को साँच्चिकै सराहनीय रहेको बताउनुहुन्छ।

"विदेशमा रहने प्रायः सबै पहिलो पुस्ताका नेपाली छन् र उनीहरूले क्षमताले भ्याएसम्म जन्मभूमिको हितमा काम गरिरहेका छन्", बेलायतको लिड्स विश्वविद्यालयका प्राध्यापक डा. सूर्य सुवेदी भन्नुहुन्छ, "तर, नेपाल सरकारले नै कसरी गैरआवासीय नेपालीलाई राष्ट्र निर्माणमा सहभागी गराउने भन्नेबारे नीति-निर्माण गर्न सकेको छैन।"

# अबको पुस्ता झन् सबल हुन्छ



कुलचन्द्र गौतम

विदेशमा रहेका नेपालीबारे मेरा फरक-फरक अनुभव छन् । पहिले बेलायत र अमेरिका गएर पढ्ने थुप्रै मेडिकल डाक्टर निकै सफल भएका थिए । तीमध्ये धेरैले बेलायत र अमेरिका दुवै देशमा आफ्नै संस्थाहरू खोलेका थिए । जस्तो एशोसिएशन अफ नेपलिज इन दि अमेरिकाज् (एएनए) । यो अमेरिकामा गएर पढेर, सफल भएर, त्यहीं जीविका गर्न थालेर त्यहाँ भएका नेपालीलाई संगठित गर्ने उद्देश्यले स्थापना भएको संस्था हो । बेलायतमा पनि त्यस्ता संस्था बने ।

म अलि अर्कै खालको पेशामा लागें र संयुक्त राष्ट्र संघमा काम थालें । संयुक्त राष्ट्र संघमा काम गर्दै जाँदा कतिपय देशमा पुग्ने म पहिलो र एक्लो नेपाली भएँ । म जाँदा कम्बोडिया र हाइटीमा कोही नेपाली भेटिएनन् भने इण्डोनेसिया र लाओसमा ४/५ जनामात्र नेपाली थिए । ती देशमा अरूका लागि हामी नेपालीहरू उत्सुकताको विषय बन्थ्यौं । त्यतिबेला नेपाली अलि धेरै भएको देश भनेको अमेरिका थियो । तर पनि अमेरिकामा सन् ८० को दशकसम्म धेरै नेपाली थिएनन् । पछि नेपालीहरू सबै ठाउँमा बढ्दै गए । जहाँ गए पनि नेपालीहरूप्रति सबै उत्सुक भएर हेर्थे । विश्वका धेरैले नेपाललाई शान्त सांग्रिलाको रूपमा बुझेका थिए ।

थाइल्याण्डमा भने धेरै नेपाली रहेछन् । तीमध्ये धेरैजसो १९६० को दशकको शुरूमा बर्माको सैनिक शासनले लखेटेर त्यहाँ पुगेका रहेछन् । त्यसरी लखेटिनेमध्ये कतिपय भारत गए भने कति नेपाल फर्किएछन् । थाइल्यान्डमा पुगेका धेरै नेपाली राज्यविहीन थिए । मेरो अपार्टमेण्टमा सुरक्षागार्ड नेपाली थिए । उनीहरूले भन्थे, "तपाईंहरू पनि नेपाली, हामी पनि नेपाली, हाम्रा बाजेहरू नेपालबाट आएका हुन्, हामीलाई पनि नेपाल जाने रहर छ, मर्नुभन्दा पहिले पशुपति गएर दर्शन गर्ने मन छ, तर पासपोर्ट छैन ।" देश छोडेर गएका नेपालीले दुःख पाएर बसेको, अरूबाट अपहेलित भएको मैले देखेको त्यो नै पहिलो प्रत्यक्ष अनुभव थियो ।

पहिले भारत-आसाम, बर्मा, भुटान गएका धेरै नेपाली पुस्तौंसम्म उतै बसे । पछि नेपाल र ब्रिटिश इन्डियाबीच सुगौली सन्धि भएर गोर्खा भर्तिको चलन आयो । यससँगै ठूलो मात्रामा नेपालीहरूको भारतमा औपचारिक रूपमा बसाइसराइँ शुरू भएको पाइन्छ । यो बसाइसराइँले गोर्खाहरू पनि त्यहाँ गएर कमाउन सक्ने, संसारलाई देख्न र बुझ्न सक्ने भए भने ब्रिटिश सरकारले पनि बलियो सेना पाएर फाइदा लियो ।

नेपालमा २००७ सालको परिवर्तनपछि विदेशिएका पुस्ताले पहिलेको भन्दा धेरै सफलता पाए । अध्ययनका लागि विदेश गएकाहरूले झनै राम्रो गरे । उदाहरणकै रूपमा लिन सक्छौं, गैरआवासीय नेपाली संघको अभियानलाई शुरूवाती नेतृत्व दिने उपेन्द्र महतो, जीवा लामिछाने लगायतलाई, जसले रूसमा गएर पहिले राम्रो पढ्नुभयो, सोभियत युनियन विघटनसँगै लगानी खुला भएपछि उहाँहरूले त्यसको सकारात्मक फाइदा लिन सक्नुभयो ।

युरोप, अमेरिका लगायतका मुलुकमा शुरूशुरूमा पुगेका प्रायः नेपाली सफल नै भए । पछिल्लो समयमा विदेशिनेको संख्यासँगै समस्या पनि बढ्दै गएको छ । झन् पछिल्लो दशकमा खाडी मुलुक पुगेका धेरै नेपालीहरू निकै मिहिनेत गरेर काम गर्छन्, थोरै कमाउँछन् । तर, पनि देशको निम्ति उनीहरूको योगदान पढे-लेखेका हामी जस्ता र विदेशमा व्यवसाय गरेकाहरूको भन्दा उच्च छ । जुन बेला हाम्रो ग्रामीण अर्थतन्त्र ध्वस्त थियो, विकास निर्माणका काम ठप्प थिए, त्यो बेला विदेशिएर उनीहरूले रेमिट्यान्सबाटै ग्रामीण अर्थतन्त्र बचाए ।

कडा मिहिनेत गरेरै भए पनि पहिलो पुस्ता यत्तिको सफल भएपछि अब सफल हुने नेपालीको संख्या बढ्दै



जान्छ । जसले गर्दा यसपछिका दोस्रो र तेस्रो पुस्ता अझ सवल हुने पक्का छ । अन्त्यमा यसको सकारात्मक प्रभाव नेपालमै पर्छ । अनि हाम्रो सपना र प्रभाव पनि विश्वव्यापी हुनेछ । अहिलेको भूमण्डलीकरणको जमानामा नेपालीहरूले जहाँजहाँ अवसर छन् त्यहाँ पुगेर काम गर्न पाउनुपर्छ । आफ्नै देशमा बसेर संघर्ष गर्नुपर्छ भन्ने कुरामा म विश्वास गर्दिनँ । त्यो जमाना गइसक्यो ।

मैले ब्रेनड्रेन भएको देख्दिनँ । किनभने उपेन्द्र महतोजीले रूस गएर सफलता प्राप्त गरी नेपालका लागि जति गर्नुभएको छ, यहीं बसिरहेको भए त्यो सम्भव हुन गाह्रो थियो । त्यस्तै प्रवल गुरूङले यहीं काठमाडौंमा फेशन डिजाइन गर्छु भनेको भए उहाँ त्यो उचाइमा पुग्नु हुन्थेन ।

भारतमा आजको २५/३० वर्षपहिले धेरै ब्रेनड्रेन भयो भन्थे । अहिले ती सफल इण्डियनहरू धेरै स्वदेश फर्किएका छन् । त्यसकारणले यो आफ्नो इच्छाको कुरा हो, आफ्नो क्षमताको कुरा हो । यहीं बसेर देशको सेवा गर्नेलाई पनि सम्मान गर्नुपर्छ । तर, नेपालको विकास गर्न नेपालमै बस्नुपर्छ भन्ने छैन । यो ग्लोबलाइजेशनको युग हो, जहाँ बसे पनि देशको सेवा गर्न सकिन्छ ।

जस्तो, गरिबीका कारण धेरै आइरिसहरू अमेरिका गए । त्यो बेलामा त्यहाँ पनि धेरै ब्रेनड्रेन भयो भन्थे । तर, अमेरिका गएर आइरिसहरू निकै सफल भए । जब सन् ८० र ९० को दशकमा आयरल्याण्डले राम्रो विकास गर्न थाल्यो, तुरून्त धेरै सफल आइरिसहरू आफ्नै देशमा आएर लगानी गर्न थाले । अहिले आयरल्याण्ड युरोपको सबभन्दा गरिबबाट सबभन्दा धनी देश बन्दैछ । भोलि नेपाल पनि त्यस्तो हुनसक्छ । त्यसैले यो ब्रेनड्रेन, ब्रेनग्रेन हो ।

**कडा मिहिनेत गरेर पहिलो पुस्ता यत्तिको भएपछि अब सफल नेपालीको संख्या बढ्दै जान्छ । फलस्वरूप यसपछिको पुस्ता अझ सबल हुनेछ । अन्ततः यसको सकारात्मक प्रभाव नेपालमै पर्ने पक्का छ ।**

दुई वर्ष पहिले एनआरएनको काठमाडौं सम्मेलनमा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईजीले भन्नुभयो, "यदि म पनि राजनीतिमा नलागेको भए एनआरएन हुन्थें होला ।" यो नेपालको दुर्भाग्य रहेछ कि, उहाँ राजनीतिमा लाग्नुभयो । देशमा सशस्त्र द्वन्द्व मच्चाउनुको साटो, उहाँ विदेश जानुहुन्थ्यो, सफल हुनुहुन्थ्यो, कमाउनु हुन्थ्यो, केही आइडिया ल्याउनु हुन्थ्यो । र, यहाँ आएर पक्कै पनि निकै ठूलो योगदान गर्नुहुन्थ्यो ।

विदेशमा गएर धेरै नेपालीले निकै दुःख पनि पाएका छन् । सफल हुन केही कुरामा विशेष ध्यान दिनैपर्छ । पहिलो कुरा, विदेशमा हाम्रो भाषा संस्कृति मिल्दैन, चालचलन मिल्दैन, हावापानी सुगम हुँदैन, शोषण हुन्छ । त्यसकारण उता जानुभन्दा पहिले कम्तीमा पनि त्यहाँको भाषाबारे अलिकति जानकारी राख्नुपर्छ । आजभोलि कोरिया जान त्यहाँको भाषा परीक्षा दिनुपर्छ । यसरी परीक्षा दिएर पास भएर कोरिया पुगेकाहरूले धेरै दुःख पाएको भन्ने सुनिंदैन ।

अब गाउँ-शहरमा धेरै नेपाली जाने देशको भाषा सिकाउने केन्द्र खोल्नुपर्छ । मलेसियामा हाम्रा चार/पाँच लाख मानिस छन् । त्यसकारण मलेसियन भाषा र अरेबिक भाषा सिक्ने ठाउँ जताततै खोल्नुपर्छ । यतिले मात्रै पनि धेरै नेपाली मलेसिया र खाडी राष्ट्रमा कम शोषित र बढी सफल हुन सक्थे ।

त्यस्तै वैदेशिक रोजगारी सम्बन्धी वीमा गर्ने अहिले केही छन्, तर त्यो त्यति प्रभावकारी भएको छैन । यस्ता कुराहरूमा ध्यान दिने हो भने हाम्रो बसाइसराइँलाई वास्तवमै सुरक्षित बनाउन सकिन्छ । तर, त्यहाँ जानेलाई रोक्नु हुँदैन । अझ महिला जान नपाउने के-के भनिएको हुन्छ । त्यस्तो होइन, पुरूष जान पाए समान अधिकार भएका महिला पनि जान पाउनुपर्छ । तर, वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन बढी ध्यान दिनुपर्छ । यसका लागि सरकारले विशेष पहल गर्नु त पर्छ नै, तर हामीले सरकारलाई मात्र हेरेर बस्नु हुँदैन । एनआरएनएले पनि यस विषयमा केही पहल गर्नुपर्छ ।

आप्रवासी नेपालीको पहिलो पुस्ता नेपालमा हुर्किएको थियो र नेपाललाई विशेष माया गर्थ्यो । तर, दोस्रो, तेस्रो पुस्ता त उतै विदेशमा हुर्किएको हुन्छ । त्यसकारण पहिलोको जस्तो आत्मीयता नहुन सक्छ । केही समय के पनि हुनसक्छ भने दोस्रो, तेस्रो पुस्ताले नेपाललाई माया ममताको नजरले नहेर्न पनि सक्छ । त्यसलाई हामीले नकारात्मक रूपमा हेर्नु हुँदैन । त्यो सामान्य मानव प्रवृति नै हो । पछि चौथो, पाँचौ पुस्तामा पुगेपछि भने आफ्नो जरा खोज्दै उनीहरू फेरि नेपाल आउने र देशलाई माया गर्ने गर्छन् । त्यसकारण नेपालीको रगतमा नेपालको माया सधैं रहिरहन्छ भनी हामी ढुक्क भए हुन्छ । विश्वको अनुभवले पनि त्यही भन्छ ।

*(संयुक्त राष्ट्र संघका पूर्व सहायक महासचिव गौतमसँग पत्रकार सम्झना पौडेलले गरेको कुराकानीमा आधारित)*



एनआरएनलाई नागरिकताबारे तत्कालीन संविधानसभाका सदस्यहरूसँग गरिएको अन्तर्क्रिया ।

# नेपाल जोड्ने कडी

सामाजिक क्षेत्रका अतिरिक्त व्यावसायिक क्षेत्रमा पनि लगानी गर्दै आएका गैरआवासीय नेपालीले सञ्चार, जलविद्युत्, पर्यटन, दूरसञ्चार, घरजग्गा, अस्पताल, कलेज, वित्तिय संस्थालगायत संगठित क्षेत्रमा करिब ४० अर्ब रूपैयाँ लगानी गरिसकेका छन् । सरकारले वातावरण निर्माण गरे विदेशमा कमाएको रकम देशभित्रै भित्र्याउन आफूहरू तयार रहेको समय-समयमा सार्वजानिक गर्दै आएका छन् । सरकारले गैरआवासीय नेपालीको सभा-सम्मेलनमा लगानीमैत्री वातावरण निर्माण गर्ने घोषणा गरे पनि व्यवहारमा भने उदारपन देखाउन सकेको छैन । उनीहरूले गैरआवासीय नेपाली लगानी गर्न उत्सुक रहेको उल्लेख गर्दै सरकारले वातावरण बनाउन नेपाली नागरिकतालाई निरन्तरता दिनुपर्ने माग अघि सार्दै आएका छन् । छिमेकी मुलुक भारतमा पनि गैरआवासीय नागरिकलाई नागरिकता दिने गरिएको कारण दोहोरो नागरिकताको व्यवस्था हुन सके लगानीमैत्री वातावरण बन्ने र स्पष्ट कानूनी हैसियत स्थापित हुने बताउँछन् । कानूनी अस्पष्टताका कारण नेपालमा लगानी गरेर नेपाल र विदेश दुवै स्थानमा कर तिर्नुपर्ने बाध्यतामा आफूहरू रहेको उनीहरूको गुनासो छ । गैरआवासीय नेपाली संघका अध्यक्ष जीवा लामिछाने भन्छन्, "नेपाली नागरिकतालाई निरन्तरता दिने व्यवस्था कार्यान्वयनमा आउन सके लगानीको वातावरण सिर्जना मात्र हुँदैन, देशको आर्थिक विस्तारका लागि महत्वपूर्ण प्रक्रियाको पनि शुरूवात हुन्छ ।"

गैरआवासीय नेपालीले पहिलो सम्मेलनदेखि नेपाली नागरिकताको निरन्तरताको मुद्दालाई सबैभन्दा प्राथमिकतामा राखेर उठाइरहेका छन् । यो कानूनी प्रश्न मात्र होइन, गैरआवासीय नेपालीलाई नेपालसँग जोडिराख्ने सम्बन्ध सेतु पनि हो । अध्यक्ष लामिछाने नागरिकताको निरन्तरताले नेपालीलाई जहाँ पुगे पनि देशप्रतिको अपनत्व दिलाउने बताउँछन् । दोहोरो



**राम थापा**
संरक्षक तथा संयोजक
नेपाली नागरिकता
निरन्तरता कार्यदल

# 'अब संरचना बलियो बनाऔं'

**एनआरएन** स्थापनाको एक दशक पार गरिरहँदा हामीले विश्वमा भएका नेपालीको पक्षमा र उनीहरूको सामूहिक प्रयासमा स्वदेशको हितमा साँच्चै काम गर्न सक्ने संस्था गैरआवासीय नेपाली संघ हो भन्ने स्थापित गर्न सफल भएका छौं । म यसमा सन्तुष्ट छु । कुनै पनि अवसरको खोजीमा विदेश पुगेका नेपालीहरूले त्यस क्षेत्रमा भोग्नुपरेका विभिन्न समस्यालाई हल गर्न अत्यन्त आवश्यक थियो र अहिले पनि छ । यो संस्थाको स्थापनापछि प्रत्येक देशमा राष्ट्रिय समन्वय परिषद्हरू स्थापना भए । जसको माध्यमबाट नेपालीका समस्याहरूका समाधान गर्दै लगियो । अहिले कुनै पनि नेपालीले कुनै पनि देशमा पुग्दा एक्लो महशुस गर्नु पर्दैन । कुनै पनि देशमा नेपाल चिनिन धेरै समय लाग्दैन । नेपालको संस्कृति, विशेषता र ऐतिहासिक महत्वको बारेमा त्यस देशले तत्कालै बुझ्ने छ ।

म, एक पटकको नेपाली सधैंको नेपाली हो, त्यसलाई नेपाल सरकारले संवैधानिक रूपमा मान्यता दिनुपर्छ भन्ने अभियानको नेतृत्व गर्दा अहिले अनुभव गरेको प्रमुख कुरा भनेको एनआरएन प्रतिको बुझाइ नै नेपालमा बस्ने राजनीतिक नेतादेखि राज्यसम्मले प्रष्ट बनाउन सकेका रहेनछन् । तर विस्तारै उहाँहरूले पनि बुझ्नुभयो र एक पटकको नेपाली सधैंको नेपाली हुनसक्छ भन्ने मान्यतालाई स्वीकार गर्न तयार हुनुभयो । भलै यस विषयले संवैधानिक स्वरूप प्राप्त गर्न बाँकी छ ।

हामीले विदेशमा कमाएको धन, ज्ञान, सीपलाई स्वदेशमा प्रयोग जसरी गरिरहेका छौं त्यसले अन्तत्वगत्वा नेपालीको समृद्धि भएरै छाड्ने छ ।

६५ देशमा आफ्नो औपचारिक सञ्जाल विस्तार गरेको गैरआवासीय नेपाली संघले साँच्चै विशाल रूप धारण गरिसकेको छ । एनआरएनएको विस्तारचाहि सहजै भयो तर संरचना बलियो नभएको अनुभव हुन्छ । यो नै तीतो यथार्थ हो । संस्थामा राजनीति हुनु हुँदैन भन्ने सबैको भवना थियो त्यसैले राजनीतिको प्रभाव हुने गरी ढोकाहरू त बन्द गरिए तर हामी भित्रैबाट झ्यालहरूको प्रयोग गरेर राजनीति गर्ने प्रशस्त बाटाहरू बनाउने काम भएको छ । जसले गर्दा यो दश वर्षको अन्तिमतिर आइपुग्दा आईसीसीको मात्र नभई एनसीसीको चुनावलाई पनि अति महत्व दिइयो जसले गर्दा पक्ष-विपक्ष भएको हामी सबैले अनुभव गरेकै छौं । यो सँगसँगै संस्थागत जिम्मेवारी र लक्ष्य प्राप्तिको लागि संघर्ष गर्ने क्रममा हामीले आफ्नो कर्तव्य पनि बिर्सनु भएन ।

त्यसैले यो एक दशकको शिक्षाबाट अब हामीले संरचनामै परिवर्तन गर्नुपर्ने हुन्छ । संस्थालाई विकेन्द्रीकरण र क्षेत्रीयकरणको अवधारणामा सबैलाई समेटेर सर्वमान्य बनाउँदै अगाडि बढाउनुपर्छ । हाम्रो जस्तो सामाजिक संस्थामा सकेसम्म सहमतिमा नेतृत्व चयन हुनेगरीको माहोल पहिलादेखि नै बनाउनुपर्छ । अबका दिनमा हाम्रा कमी-कजोरीलाई सच्याऔं र भएका उपलब्धिहरूको आधारमा थप अगाडि बढ्ने प्रण गरौं । मेरो लागि यो संस्थाको अर्को विकल्प छैन र यसको समय सापेक्ष विकासमा नै म सन्तुष्ट हुनेछु ।

नागरिकताको व्यवस्था भए अन्य जटिल मुद्दाहरू स्वतः समाधान हुने उनीहरूको तर्क छ । विभिन्न राजनीतिक दलका नेता तथा कानूनविद्हरूले गैरआवासीय नेपालीहरूको नागरिकतालाई निरन्तरता दिने विषयमा आफूहरू सकारात्मक भएको बताउँदै आए पनि यो मुद्दालाई सल्टाउनेतर्फ ठोस काम भने हुन सकेको छैन । हुन त, एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको संवैधानिक समिति अन्तर्गतको विवाद समाधान उपसमितिले दक्षिण एशियाली मुलुक बाहिर बसोबास गर्ने गैरआवासीय नेपालीलाई गैरआवासीय नागरिकता प्रदान गर्न सकिने विषयमा सर्वसम्मत निर्णय गरिसकेको छ । त्यसैगरी विघटित संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिबाट प्रस्तावित मस्यौदामा गैरआवासीय नेपालीका लागि नागरिकता हुनुपर्ने विषय सिफारिसमा परिसकेको छ । समितिले गैरआवासीय नेपालीहरूलाई नेपालमा सामाजिक, आर्थिक र सांस्कृतिक सम्बन्ध जोड्न सकुन् भन्ने उद्देश्यले मताधिकारको प्रयोग र सार्वजानिक पदहरूमा बहाल रहन नपाउने गरी अन्य कानून बमोजिमका अधिकार प्रयोग गर्न पाउने गरी परिचयपत्र दिन सकिने व्यवस्था गर्न सिफारिस गरेको हो । विभिन्न पेशा र व्यवसायमा संलग्न भई दक्षिण एशिया बाहेकका मुलुकहरूमा बसोबास गरिरहेका गैरआवासीय नेपाली नागरिकहरूको नेपाली नागरिकतालाई निरन्तरता दिने गरी नयाँ संविधानसभामा प्रावधान राख्न प्रमुख दलहरू सहमत भइसकेका छन् । "एक पटकको नेपाली सधैंको नेपाली" लाई सुनिश्चित गर्न कानूनी र संवैधानिक आधार निर्माण गर्न यस्तो सहमति भएको हो । गैरआवासीय नेपालीको नागरिकता कायमै राख्ने विषयमा गैरआवासीय नेपाली संघको लगातारको लविपछि मुख्य राजनीतिक दलहरूबीच यसको सैद्धान्तिक सहमति भएको छ । यद्यपि यसको व्यावहारिक कार्यान्वयनबारे पर्याप्त छलफल हुन बाँकी नै छ । संविधानसभाको मौलिक हक तथा निर्देशक सिद्धान्त समितिले गैरआवासीय नेपालीका लागि नागरिकता नै नभने पनि गैरआवासीय नेपाली परिचयपत्र जारी गर्ने भनेको छ ।

नेपालको नागरिकता ऐन २०६३ को दफा (१०) १ ले नेपालको कुनै नागरिकले आफूखुशी कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि निजको नेपाली नागरिकता कायम रहने छैन भन्ने व्यवस्था छ । नागरिकता ऐनका कति प्रवधानहरू भूमण्डलीकरण, विश्वव्यापी मान्यता र लैंगिक दृष्टिले पनि सान्दर्भिक छैनन् । विशेषगरी विदेशमा बसोबास गरिरहेका गैरआवासीय नेपालीका लागि यस्ता प्रावधानहरू न्यायपूर्ण छैनन् । राजनीतिक दलहरूबीच गैरआवासीय नेपालीको दोहोरो





नागरिकता कायम राख्ने विषयमा सैद्धान्तिक सहमति भए पनि यसको लागि संवैधानिक व्यवस्था गर्ने वा कानूनी रूपमै विकल्प खोज्ने भन्नेमा पर्याप्त छलफल हुन सकेको छैन । संविधानसभाले संविधान नै निर्माण नगरी विघटन भएपछि यो मुद्दा पनि तत्कालका लागि सम्बोधन हुन नसक्ने विषय बनेको छ । नयाँ संविधानसभाको निर्वाचन हुन लागेको सन्दर्भमा गैरआवासीय नेपालीका लागि नागरिकताको निरन्तरतामा सहमति जुट्ने अपेक्षा भने बाँकी छ ।

विभिन्न राजनीतिक दलका नेताहरूले गैरआवासीय नेपालीको नागरिकता निरन्तरताका विषयमा आफू र आफ्नो पार्टी सकारात्मक भएको जानकारी दिंदै आउनुभएको छ । राष्ट्रपति डा. रामवरण यादवले गैरआवासीय नेपालीहरूको नागरिकताको निरन्तरताका लागि राष्ट्राध्यक्षको हैसियतले पहल गर्ने आश्वासन दिनुभएको छ । उहाँले विश्वव्यापीकरणको जमानामा जन्मथलो र कर्मथलो एउटै नहुने कारणले नागरिकताको विषय कानूनी प्रावधान अनुसार टुंग्याउने प्रक्रिया भएकाले संवैधानिक समिति र दलका शीर्षस्थ नेताहरूसँगको छलफलबाट निष्कर्ष निकाल्न सुझाव दिनुभएको छ ।

पूर्व प्रधानमन्त्री तथा एमाओवादी उपाध्यक्ष बाबुराम भट्टराईले नागरिकताको निरन्तरताका विषयमा सबै दलहरू सकारात्मक भए पनि कानूनमा उल्लेख गर्ने वा संवैधानिक विषय बनाउने भन्नेमा छलफल बाँकी रहेको बताउनुहुन्छ । नेपाली कांग्रेसका उपसभापति रामचन्द्र पौडेल पनि नेपाली नागरिकतालाई निरन्तरता दिन आपत्ति मान्नु नपर्ने बताउनुहुन्छ । उहाँ राजनीतिक अधिकार बाहेकका अन्य अधिकार दिएर नागरिकतालाई निरन्तरता दिनुपर्ने र अन्य देशको नागरिकता त्यागेर स्वदेश फर्किए राजनीतिक अधिकार पनि दिनुपर्ने बताउनुहुन्छ । पूर्व प्रधानमन्त्री तथा एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल पनि दक्षिण एशियाली देश बाहेक अन्यत्र बसोबास गरिरहेका नेपालीलाई दोहोरो नागरिकता दिन कुनै कठिनाइ नभएको बताउनुहुन्छ । दलहरूबीच यो विषयमा सैद्धान्तिक सहमति भइसकेकाले व्यवहारिक कार्यान्वयनमा जान कठिनाइ नभएको उहाँको बुझाइ छ । गैरआवासीय नेपालीले नेपाली नागरिकताको निरन्तरताको कुरा मात्र गरेकाले यसमा अप्ठ्यारो नपर्ने बुझाइ छ, कांग्रेसका युवा नेता गगन थापाको । उहाँ गैरआवासीय नेपालीलाई नेपालीपनको अपनत्व दिनसके राष्ट्रको हित हुने बताउनुहुन्छ ।

दोहोरो नागरिकताको व्यवस्था गर्दा कति अधिकार सहित दिने भन्ने बारेमा भने छलफल आवश्यक हुनसक्छ । अहिले नागरिकता पाएकाहरूलाई निरन्तरता दिंदै उनीहरूका भावी सन्तानहरूले पाउने कि नपाउने वा पाउने भए कस्तो व्यवस्था गर्नुपर्नेमा छलफल आवश्यक रहेको कतिपयको धारणा छ । गैरआवासीय नेपालीलाई दोहोरो नागरिकताका विषयमा मुख्य दलहरूबीच मतभेद नदेखिए पनि व्यावहारिक कार्यान्वयनमा भने विस्तृत छलफल हुन सकेको छैन । राजनीतिक दलहरू आफ्नो प्रतिवद्धतामा अडिग रहे नेपालसँग बाध्यताबस कानूनी सम्बन्ध तोड्न बाध्य नेपालीलाई सम्बन्ध जोड्न सहयोग पुग्नेमा भने कुनै शंका छैन ।

संसारभरि छरिएका नेपालीलाई एकै ठाँउमा ल्याएर उनीहरूको ज्ञान, सीप, पूँजी र दक्षतालाई नेपालको हितमा उपयोग गर्ने उद्देश्यले गैरआवासीय नेपाली संस्था स्थापना भएको हो । विश्वव्यापीकरणको प्रभावले खुम्चिएको नेपाली समुदायलाई संसारभरि फैलाइदिएको छ । गैरआवासीय नेपालीहरू नेपालमा लगानीका लागि तत्पर भएको तर लगानीका लागि मैत्री वातावरण नभएको बताउँदै आएका छन् । दोहोरो नागरिकता दिंदा दुरूपयोग हुने आशंका पनि नगरिएको होइन तर यसलाई सरकारले व्यवस्थित गरे दुरूपयोग हुने सम्भावना त्यति देखिंदैन । विनाऋण मुलुकले पाउने गैरआवासीय नागरिकको लगानी आकर्षित गर्न कुनै पनि कानून निर्माण गर्न तत्काल पहल गर्नुपर्ने देखिन्छ । यसैले अनावश्यक ढिलाइ र विवाद सिर्जना गरेर दोहोरो नागरिकता नदिनु मुलुककै लागि अहितकर हुनसक्छ ।

# दोहोरो नागरिकताको प्रश्न



प्रा. डा. सूर्यप्रसाद सुवेदी

दोहोरो नागरिकता सबैका लागि खुला हुनुपर्दछ भन्ने गैरआवासीय नेपालीको माग होइन । भारत र चीन जस्ता दुई ठूला मुलुकको बीचमा अवस्थित नेपालले दोहोरो नागरिकता खुला गर्नुअघि धेरै कुरा सोच्नु पर्दछ भन्नेमा गैरआवासीय नेपाली जानकार छन् । इतिहासका विभिन्न कालखण्डमा नेपालबाट भारतका आसाम, दार्जिलिङ, सिक्किम जस्ता प्रदेशमा छरिएर बस्न पुगेका नेपाली हुन् वा भुटान र बर्मा जस्ता देशमा बस्न पुगेका नेपाली ती सबैलाई जनसंख्या वृद्धिको चाप खेपेको नेपालले दोहोरो नागरिकता दिनु गाह्रो कुरा हो । अंग्रेज सरकारसँग सुगौली सन्धि हुनुअघि पूर्वमा टिष्टा र पश्चिममा काँगडासम्म फैलिएको तत्कालिन विशाल नेपालभित्र बसेका नेपाली मूलका व्यक्तिका सबै सन्ततिलाई अहिलेको सानो मुलुक नेपालले नागरिकता दिनु धेरै गाह्रो छ भन्ने पनि अवगत छ ।

भारतमा दोहोरो नागरिकताको प्रश्न उठ्दा सदियौंदेखि र खासगरी अंग्रेजहरूले शासन गर्दा बेलायती साम्राज्यका अन्य मुलुकमा श्रमिकका रूपमा लगिएका लाखौं भारतीय र तिनका पुस्तादेखि अन्य देशको नागरिकता लिएर बसेका व्यक्तिको विषय पनि आउँछ । अहिले संसारभरि दुई/चार पुस्ताका भारतीय मूलका प्रशस्त मानिस छन् । तर नेपालीको हकमा त्यो लागू हुँदैन । नेपालीहरू पेशा-व्यवसायको लागि परदेश जान थालेको धेरै भएको छैन । पहिलो पुस्तामै रहेको नेपालीको संख्या पनि ठूलो छैन । तसर्थ भारतको जस्तो दोहोरो नागरिकताको प्रश्न नेपालको होइन । नेपालमा दोहोरो नागरिकताको व्यवस्था गरेर भारतीय वा चिनियाँ नागरिकले भविष्यमा नेपालको नागरिकता लिन सक्ने स्थिति बनोस् भन्ने कसैको माग होइन र हुन पनि सक्दैन । नेपाली नागरिकता ऐन, २०१९ पछि नागरिकता लिएका नेपालीहरू काम व्यवसायले विभिन्न मुलुक गई त्यहींको नागरिकता लिनुपरेको स्थितिमा नेपाली नागरिकता छोड्न नपरोस्, उनीहरू नेपालप्रति बफादार भएरै बस्न सकुन् र त्यस्ता व्यक्तिले नेपाललाई आर्थिक र बौद्धिक सहयोग पुऱ्याइराख्न सकून् भन्ने नै गैरआवासीय नेपालीको भनाइ हो ।

नेपालको विकासमा आर्थिक र बौद्धिक सहयोग गर्नका लागि स्थापित गैरआवासीय नेपाली संघले नेपालसँग माग्ने होइन नेपाललाई दिने कुरा हो । तसर्थ संघको माग भनेको भइरहेको नेपाली नागरिकता छोड्नु नपरोस् भन्ने मात्र हो । नागरिकता छोड्न नपर्ने व्यवस्था गर्दा नेपाललाई न



कुनै बोझ पर्दछ न त नेपालको जनसंख्यामा कुनै असर पर्छ । विदेशमा कार्यरत नेपालीले नेपाल फर्कन चाहे नेपाली नागरिकता नत्यागेसम्म जहिले पनि फर्कन सक्ने स्थिति कायमै छ । संघमा नेपाली नागरिकता नत्यागेकाकै बाहुल्यता छ । तिनीहरूले चाहे अहिले पनि नेपाल फर्केर राजनीतिक, सामाजिक क्रियाकलापमा लाग्न सक्छन् । पेशा-व्यवसायको उन्नतिको लागि परदेशमा रहँदा सम्बन्धित मुलुकको कानून अनुसार त्यो देशको नागरिकता

> **प्रश्न दोहोरो नागरिकताको होइन, वफादारीको हो । सुविधाका लागि विदेशी नागरिकता लिएको व्यक्ति नेपालप्रति कम होइन बरू बढी वफादार हुन सक्दछ ।**



लिनुपर्ने भएमा नेपालाको नागरिकता छोड्नु नपरोस् भन्ने हो । त्यस्तो व्यवस्था नागरिकता ऐनमा सामान्य संशोधन गरेरै पनि हुने कुरा हो । नागरिकता प्राप्ति र समाप्ति सम्बन्धी व्यवस्था अहिलेको संविधानमा छैन र भोलि पनि गर्नुपर्दछ भन्ने छैन । यो प्रश्नमा नेपालको भावि संविधान निर्माण नभएसम्म पर्खनु पर्ने आवश्यकता पनि छैन ।

नागरिकता ऐन, २०१९ पछि नेपाली नागरिकता प्राप्त गरी विदेशमा गएर त्यही देशको नागरिकता लिने नेपाली ज्यादै कम छन् । यसरी नागरिकता लिएका व्यक्तिले खासगरी उन्नत मुलुकको नागरिकता लिएका छन् र त्यस्तो मुलुक छोडे र त्यस्ता व्यक्ति स्वदेश फर्किने सम्भावना कमै हुन्छ र फर्के पनि नेपालमा आरामको जिन्दगी बिताउन राम्रै धनराशी ल्याउने छन् । जुन नेपालका लागि सबै हिसाबले राम्रो हो । नेपाल जस्ता साना देश जस्तै साइप्रस, कोस्टारिका, माल्टा आदिले आफ्ना देशका नागरिकको कुरै छोडौं सम्पन्न विदेशी नागरिकलाई पनि आफ्ना देशमा आएर बसोबास गरिदिए हुन्थ्यो भन्ने आर्थिक नीति बनाएका छन् । नेपाल सरकारको अदूरदर्शी नीतिको कारण विदेशी नागरिकता लिन योग्यता पुगेका धेरै नेपाली, खासगरी गोर्खाली सिपाही र तिनका परिवारले नेपालमा भएको आफ्नो सम्पत्ति बेचेर विदेशमा लगानी गर्न थालेका छन् । गोर्खालीको आम्दानीको कारणले आर्थिक रूपले राम्रो प्रगति गर्दै गरेका धरान र पोखरा जस्ता शहरबाट धन विदेशिन थालेको छ । नेपाल सरकारले ती गोर्खालीलाई तपाईंहरूले नेपालको नागरिकता छोड्न पर्दैन भन्न सकेको भए पूँजी पलायन हुने थिएन । नेपालको आर्थिक स्थिति सुध्रेला भन्ने हेतुले अंग्रेज सरकारसँग जमानामा भएको गोर्खा भर्ति सम्बन्धी सन्धिले अहिले आएर नेपाललाई आर्थिक फाइदा होइन, बेफाइदा मात्र हुन थालेको छ । र, नेपाल सरकार अझै सकारात्मक नीति ल्याउन ढिला गरिरहेको छ । तसर्थ दोहोरो नागरिकताको प्रश्न नेपालबाट केही माग्न होइन बरू नेपाललाई दिन उठाइएको प्रश्न हो । दोहोरो नागरिकता सम्बन्धी व्यवस्थामा ढिलाइ हुनुको पछाडि नेपालका नेताहरूको अदूरदर्शिता पनि जिम्मेवार छ ।

अहिलेको भूमण्डलीकरणको जमानामा दूरदर्शी नेता भएका कैयौं मुलुकमा दोहोरो मात्र होइन, बहुल नागरिकता खुला गरिएको छ । युरोपेली संघका सबै २७ मुलुक, क्यानडा, अष्ट्रेलिया, अमेरिका मात्र नभई नेपाल जस्तै साना वा विकासोन्मुख देश पाकिस्तान, श्रीलंका, क्याम्बोडिया आदिमा पनि दोहोरो नागरिकता खुला छ । प्रश्न दोहोरो नागरिकताको होइन, वफादारीको हो । सुविधाका लागि विदेशी नागरिकता लिएको व्यक्ति नेपालप्रति कम होइन बरू बढी वफादार हुन सक्दछ ।

चीन र भारतले अहिलेको चरणको आर्थिक विकास शुरू गर्दा आफ्ना मुलुकका संसारभरि छरिएका विद्या, बुद्धि, शीप र कौशल भएका थुप्रै व्यक्तिलाई मुलुक फर्काउने आकर्षक नीति बनाएका थिए र गैरआवासीय चिनियाँ र भारतीयको ती देशको विकासमा ठूलो भूमिका छ । नेपालको आर्थिक, राजनीतिक र शैक्षिक दुरावस्थाको कारण आफ्नो भाग्य अजमाउन विदेश लाग्नेहरूमध्ये नेपालको अब्बल दर्जाको जनशक्ति पनि छ । नेपालले त्यस्तालाई नेपालको नागरिकता राखिराख्ने व्यवस्था गर्न नसके त्यो जनशक्ति नेपाल फर्केर राष्ट्र निर्माणमा योगदान गर्ने सम्भावना कम रहन्छ ।

के गैरआवासीय नेपालीको स्थान नेपालमा भारतीयको भन्दा माथि हुनु नेपालको दूरगामी हितमा छैन र ? जसरी गैरआवासीय नेपालीले लण्डन र न्यूयोर्कका सडकमा उत्रेर नेपालको जनआन्दोलन-२ को पक्षमा ऐक्यबद्धता जनाउँदै अन्तर्राष्ट्रिय जनमत निर्माणमा सहयोग पुर्‍याए, भोलि नेपालमाथि खतरा भएमा राष्ट्रमा फर्केर वा बाहिरबाटै तिनले लड्ने छन् । बेलायतका लागि लड्न नेपालले पठाउने गरेको गोर्खाली भोलि नेपालका लागि लड्न तयार हुने छन् । तर ती सबैलाई नेपाली नागरिकता दिनुपर्दछ । अनि तिनका सन्तानलाई विदेशमा जन्मे-हुर्के पनि नेपालप्रति बफादार हुने भावना निर्माणका लागि पनि नागरिकताको तन्तु जीवन्त राख्नु श्रेयस्कर हुनेछ । ●

*(बेलायतमा कार्यरत प्राध्यापक सुवेदी गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदका संरक्षक हुनुहुन्छ ।)*

# सुधारमा सबैको ध्यान

- गत आर्थिक वर्षको असार २४ मा सेटिङ्मा जाने दुई महिला र त्यसरी पठाउने इन्टरनेशनल जब लिंकका निर्देशक विमलजंग थापा र त्यसका एजेन्ट रामचन्द्र कात्तेलाई केन्द्रीय अनुसन्धान विभागले पक्राउ गऱ्यो । त्यसको केही दिनमै इराक जान खोज्ने २२ जनालाई श्रम डेस्कले फर्काइदियो ।

- गएको भदौ ७ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले रोजगारीमा भ्रष्टाचारको आरोपमा अध्यागमन विभाग र वैदेशिक रोजगार विभागका ३५ जना कर्मचारीलाई पक्राउ गऱ्यो ।

- कामदारलाई ठगी गरेको आरोपमा गएको आर्थिक वर्षमा ४२ वटा म्यानपावरलाई वैदेशिक रोजगार विभागले कारबाही गरेको छ ।

वैदेशिक रोजगारीमा जान लागेका युवा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ।

तस्वीरः बिक्रम राई




माथिका केही घटनाले मात्रै पछिल्लो समय वैदेशिक रोजगार व्यवस्थित बन्दै गएको संकेत गरेको छ । विभागले गएको जेठबाट नयाँ श्रम स्टीकर लागू गरेको छ । पासपोर्टमा टाँसिने उक्त स्टीकरमा राहदानी नम्बर, म्यानपावरको इजाजत नम्बर, कम्पनी र स्पोन्सरको नाम, पेशा, जाने देश, श्रम अनुमति सकिने म्याद सबै स्पष्ट उल्लेख छ । कामदार ठगी र अलपत्र पर्नबाट जोगाउन वैदेशिक रोजगार विभागले रोजगारलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन प्रयास जारी राखेको छ । वैदेशिक रोजगारका क्षेत्रमा देखिएका विकृति सम्बोधन गर्न गैरआवासीय नेपाली संघले पटकपटक आवाज उठाउँदै आएको छ ।

कमाउन खाडी क्षेत्रमा गएका नेपालीहरूले भोग्ने पीडाका समाचारमा अहिले कमी आएको छ । जानुपूर्व नै कडाइ शुरू गरेकाले नक्कली काममा फसाउनेहरू हतोत्साहित भएर समस्या घटेका हुन् । मुलुकमा काम नपाएर विदेश जान चाहने अदक्ष र अशिक्षित सर्वसाधारणको चाप बढेको मौका छोपी बग्रेल्ती खुलेका म्यानपावर कम्पनीहरूले जस्तोसुकै काममा पठाइदिंदा खाडीमा नेपालीहरूले विभिन्न समस्या भोग्नुपरेको थियो ।

म्यानपावर कम्पनीले भनेबमोजिमको तलब सुविधा तथा काम नपाउने नेपालीहरूले भोग्ने मुख्य समस्या थिए । अहिले वैदेशिक रोजगार विभागले कम्पनीले कामदारसँग गरेको सम्झौतापत्रको आधिकारिता पुष्टि गर्न निगरानी बढाएका छ । सोही कारण नक्कली सम्झौतापत्रमा सर्वसाधारण विदेश उडाउनेहरू निरूत्साहित हुन पुगेका हुन् ।

झुठा आशामा फसाइ विदेश पठाउने कम्पनीहरूको इजाजतपत्र खारेज गर्नेसम्मको कारबाही नेपाल सरकारले अघि बढाएको छ । वैदेशीक रोजगार विभागका महानिर्देशक विनोद केसीका अनुसार गत आर्थिक वर्षमै ६ सय भन्दा बढी म्यानपावर कम्पनीहरूबाट झण्डै ४ करोड रूपैयाँ क्षतिपूर्ती तिराइएको छ । "वैदेशिक रोजगारीमा पठाउँछु भनेर वचन दिएअनुसारको काम नगरेकाले तिनलाई कारबाही गरेका हौं" उहाँले भन्नुभयो, "हामी वैदेशिक रोजगारी सुधार्ने क्रममा छौं, अघिल्ला वर्षको तुलनामा निकै सुधार भइसकेको छ ।"

वैदेशिक रोजगारीमा जाने अधिकांश मानिस ग्रामीण परिवेशका हुने र धेरै कुरा नबुझ्ने भएकाले पनि म्यानपावर एजेन्टहरूलाई फसाउन सजिलो भएको सरोकारवालाको बुझाइ छ । "म्यानपावर कम्पनी र एजेन्टले एउटा काम भनेर अर्कोमा पठाइदिनु नै मुख्य समस्या हो" उहाँ भन्नुहुन्छ, "त्यस्ता एजेन्टलाई विश्वास गरेर जानेहरूबाट धेरै गुनासा आउँछन् ।" पासपोर्टमा टाँसिने स्टीकरबाट पनि ठगिने क्रम केही कम भएको उनको भनाइ छ । पासपोर्ट स्टीकरमा राहदानी नम्बर, म्यानपावरको इजाजत नम्बर, कम्पनी र स्पोन्सरको नाम, पेशा, जाने देश, श्रम अनुमति सकिने म्याद सबै स्पष्ट उल्लेख हुन्छ । खाडी क्षेत्रमा आएका नेपालीले दुःख नपाउन् भनेर गैरआवासीय नेपाली संघले पनि लामो समयदेखि पहल गर्दै आएको थियो । गैरआवासीय नेपाली संघ वैदेशिक रोजगार कार्यदलका प्रतिनिधिद्वारा श्रम मन्त्री र श्रम सचिवसँग भेटघाट गरी एक पटक श्रम स्वीकृति, बीमा, घरेलु कामदार, कल्याणकारी कोष तथा रोजगारीका लागि जानेहरूको सरलीकरण र सहज कार्यप्रणाली बनाउन आग्रह गरेको छ ।

गैरआवासीय नेपाली संघले पनि वैदेशिक रोजगार व्यवस्थापनका लागि पहल गरिरहेको छ । श्रम तथा यातायात मन्त्रालयमा मन्त्री र सचिव पटकपटक भेटी मध्यपूर्वमा काम गर्न गएका श्रमिकहरूको विविध समस्याका बारेमा अवगत गराउँदै आएको छ । संघका मध्यपूर्वका प्रतिनिधिहरूले गैरआवासीय

नेपालीहरूको हितका लागि र नीतिगत परिवर्तनका लागि पहल गर्दै आएको छ । संघले विभिन्न देशमा नेपालीहरूका लागि रोजगारको वातावारण बनाउन पहल गरिरहेको एनआरएन वैदेशिक रोजगार टास्क फोर्सका अध्यक्ष टीबी कार्की बताउनुहुन्छ ।

### विदेशिने क्रम बढ्दो

विदेशमा जाने नेपाली कामदारको संख्या बढ्ने क्रम जारी छ । हाल भारत बाहेक, विश्वभर ३० लाख नेपाली रहेको अनुमानित तथ्यांक छ । पछिल्लो समय नेपालबाट विदेशिने क्रमले अझै तीव्रता पाएको छ । आर्थिक वर्ष २०५०/०५१ देखि २०६२/६३ सम्म श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या ७ लाख ५८ हजार मात्र थियो । तर, त्यसयताको ६ वर्षमा श्रम स्वीकृति लिनेको संख्या १७ लाख ७ हजार पुगिसकेको छ । गत आर्थिक वर्षमा ६ लाख १६ हजार ४९७ जना नेपाली वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या अघिल्लो आर्थिक वर्ष भन्दा गत आर्थिक वर्षमा ३७ प्रतिशतले बढेको छ । ४ लाख ५३ हजार ५४३ जना पहिलो पटक रोजागारीको खोजीमा विदेशिएका छन् भने १ लाख ६२ हजार ९५४ जना नेपाली दाहोऱ्याएर वैदेशिक रोजगारीमा गएका हुन् ।

वैदेशिक रोजगार विभागका अनुसार गत आर्थिक वर्षमा ६ लाख १६ हजार ४ सय ९७ जना नेपाली वैदेशिक रोजगारीमा गए । २०७० साउन मसान्तसम्मको तथ्यांक केलाउँदा दैनिक सरदर १ हजार ६ सय नेपालीले वैदेशिक रोजगारीका लागि विभागबाट अनुमति पाउने गरेका छन् । वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या अघिल्लो आर्थिक वर्ष भन्दा ३७ प्रतिशतले बढेको हो । ४ लाख ५३ हजार ५ सय ४३ जना पहिलो पटक रोजागारीको खोजीमा विदेशिएका छन् भने १ लाख ६२ हजार ९ सय ५४ जना नेपाली दोस्रो पटक वैदेशिक रोजगारीमा गएका हुन् ।

नेपालबाट वैधानिक रूपमा १ सय ८ मुलुकमा वैदेशिक रोजगारीका लागि जान सकिन्छ । २० लाख भन्दा धेरै नेपालीले विदेशमा काम गरेर पठाएको रेमिट्यान्सकै कारण मुलुक धानिएको अर्थविद्हरू बताउँछन् । त्यो पैसा पनि नआएको मुलुकको अर्थतन्त्र पनि यस्तै जर्जर हुने उनीहरूको भनाइ छ । तथापि तन्नेरी पुस्ता सबै कमाउन विदेश जाँदा मुलुकको खेतीयोग्य जमीन बाँझिएको, गाउँमा बुढाबुढी र केटाकेटी मात्र रहँदा कोही आकस्मिक बिरामी पर्दा अस्पताल लैजान समेत गाह्रो भएको जस्ता सामाजिक समस्याहरू देखिएका छन् । युवाहरूले ऊर्जाशील उमेरमा अर्काको मुलुक निर्माणमा मात्र पसिना बगाउने हो भने नेपालको विकास कहिले होला, भन्ने गम्भीर प्रश्नमा बहस पनि जारी छन् ।

यो अवधिमा सबैभन्दा बढी नेपाली कामदार रोजागारीको खोजीमा मलेसिया गएका छन् । विभागका अनुसार गत आर्थिक वर्षमा १ लाख ५६ हजार ७ सय ७० जना नेपाली रोजगारीका लागि मलेसिया गएका छन् । तथ्यांक अनुसार कतारमा ९० हजार ९ सय ३५, साउदी अरवमा ८६ हजार २ सय ७६, युएईमा ५२ हजार २ सय ९५ र कुवेतमा १४ हजार ४ सय १ जना नेपाली गएका छन् ।

महिला कामदार भने युएईमा सबैभन्दा बढी ७ हजार ६ सय ८७ जना गएका छन् । मलेसियामा ७ हजार १ सय, कुवेतमा ५ हजार ९ सय ८२ र ओमानमा ६ सय ४७ महिला कामदार पुगेका छन् । इजरायलमा जम्मा दुई नेपाली महिला कामदार पुगेका छन् भने लेबनानमा १ सय ६० जना गएको विभागले जनाएको छ । सरकारले वैदेशिक रोजगारीको क्षेत्र सुधारका लागि ल्याएको ३० बुँदे सुधार कार्यक्रमको प्रभावस्वरूप पछिल्लो आर्थिक वर्षमा व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारीमा जानेको संख्या घटेको छ ।

नेपाली कामदारको माग विदेशमा बढ्दै गए पनि अझै उनीहरूमा आधुनिक सीप तथा प्रविधि सम्बन्धी ज्ञानको कमी रहेकाले अपेक्षा गरेअनुरूप काम र कमाइ गर्न सकेका छैनन् । सीपकै कमीका कारण नेपालीहरू अन्य देशका कामदार भन्दा जिम्मेवार तथा अनुशासित हुँदाहुँदै पनि न्यून पारिश्रमिकमा काम गर्न बाध्य हुनुपरेको विभिन्न अध्ययनहरूले देखाएका छन् । विद्यार्थीको रूपमा पढ्न विदेश जाने युवा-युवतीको संख्या पनि निरन्तर बढ्दो छ । आव २०६१/६२ मा ५ हजार २६९ जना विद्यार्थी भिषामा विदेश गएकोमा निरन्तर बढ्दै आव २०६६/६७ मा त्यो संख्या २६ हजार ९४८ पुगेको शिक्षा मन्त्रालयले जनाएको छ । विषेश गरी बेलायत र अष्ट्रेलिया जान सहज भएकाले त्यो वर्ष धेरै विद्यार्थी बाहिरिएका हुन् । त्यो वर्षको तुलनामा केही घटे पनि विदेश पढ्न जाने विद्यार्थीको चाप खासै कम भने भएको छैन । गत आर्थिक वर्षमा १६ हजार ४ सय ९९ ले विदेशमा अध्ययनका लागि 'नो अब्जेक्सन लेटर' लिएको मन्त्रालयको तथ्यांक छ । आर्थिक वर्ष २०६८/६९ मा यो संख्या ११ हजार ९ सय १२ थियो । सीप र शिक्षा दुवै उद्देश्यले विदेशिनेहरूमध्ये अधिकांशको सपना मुलुकमा काम गर्ने राम्रो वातावरण भएपछि विदेशमा सिकेको ज्ञान स्वदेशमा उपयोग गर्ने रहेको पाइन्छ ।

## अर्थतन्त्रको सञ्जीवनी

**गोर्खा** लाहुरेहरूबाट नेपालमा भित्रिन थालेको रेमिट्यान्स नेपालको अर्थतन्त्रको खम्बा नै बन्न थालेको छ । आर्थिक वर्ष २०३१/३२ देखि मात्र नेपालमा रेमिट्यान्सको विवरण राख्न थालेको पाइन्छ । उक्त वर्ष २० करोड रूपैयाँ नेपाल भित्रिएको देखिन्छ । तर, त्यसयता रेमिट्यान्समा उल्लेख्य वृद्धि भएको छ । गत आर्थिक वर्षमा मात्र ४ अर्ब ९३ करोड अमेरिकी डलर अर्थात् ४ खर्ब ३४ अर्ब ५८ करोड रूपैयाँ नेपाल भित्रिएको छ । नेपालमा वैदेशिक रोजगारमा जानेहरूको संख्या अनुसार रेमिट्यान्स पनि बढिरहेको छ । विभिन्न अध्ययन, अनुसन्धान अनुसार रेमिट्यान्स आय प्राप्त गर्ने मुलुकमध्ये नेपाल अग्रसूचीमा छ । विश्व बैंकले सार्वजनिक गरेको एक अध्ययन प्रतिवेदन अनुसार रेमिट्यान्सले कूल गार्हस्थ उत्पादनमा सबैभन्दा बढी योगदान दिने ६ मुलुकमध्ये नेपाल छठौं स्थानमा छ ।

२०६८ चैतसम्ममा २० लाख ३६ हजार ३१९ जना नेपालीहरू कामको सिलसिलामा खाडी मुलुक लगायत विभिन्न स्थानमा छन् । तीमध्ये भण्डै ३ प्रतिशत मात्र महिला रहेका छन् । अधिकांश महिलाहरू घरेलु कामको लागि जाने गर्दछन् । विभागको तथ्यांकमा आर्थिक वर्ष २०५२/५३ देखि २०६२/६३ सम्मको अवधिमा जम्मा ७ लाख ५८ हजार ६ सय ७५ पुरुष मात्र वैदेशिक रोजगारीमा गएको देखिन्छ । त्यस बेलासम्म विभागको स्थापना नै नभएको र महिला रोजगारीमा गए/नगएकोबारे कुनै तथ्यांक भेटिएको छैन । तर २०६२/०६३ यता ५ वर्षको अवधिमा वैदेशिक रोजगारीमा जानेहरूको संख्या झण्डै ७५ प्रतिशतले बढेको छ ।

विभागका अनुसार आर्थिक वर्ष २०६३/६४ देखि आर्थिक वर्ष ०६९/०७० सम्ममा १२ लाख ९७ हजार ४ सयले विभागबाट रोजगार अनुमति लिएका थिए । आर्थिक वर्ष २०६७/६८ को पहिलो ९ महिनामा ३ लाख १ हजार २ सय ९९ पुरुष र ८ हजार ७ सय २ जना महिला वैदेशिक रोजगारीमा गएका छन् । अघिल्लो वर्षको सोही अवधिको तुलनामा यस वर्ष विदेश जानेको संख्या झन्डै सतप्रतिशत बढेको हो ।

वैदेशिक रोजगारमा गएका कामदारले आर्थिक वर्ष २०६८/६९ मा ३ खर्ब ५९ अर्ब र आर्थिक वर्ष २०६७/६८ मा २ खर्ब ५३ अर्व ५५ करोड रूपैयाँ रेमिट्यान्स नेपाल पठाएका थिए । मुलुकका सबै आर्थिक परिसूचकहरू सन्तोषजनक नभए पनि रेमिट्यान्सले सोधनान्तर अवस्थामा सुधार ल्याई मुलुकको अर्थतन्त्रमा ठूलो योगदान दिएको छ । यी तथ्यांकलाई मात्रै आधार मान्ने हो भने पनि नेपालको चुलिंदो व्यापार घाटालाई रोक्न रेमिट्यान्स सञ्जीवनी बनिरहेको देखिन्छ ।

# वैदेशिक रोजगार रेमिट्यान्स र एनआरएन



सरू जोशी श्रेष्ठ

दश वर्षको द्वन्द्वमा १५ हजार भन्दा बढीले ज्यान गुमाए, तर मुलुक बाँचिमात्र रहेन, यस्तो प्रतिकूल परिस्थितिमा पनि गरिबी ४२ प्रतिशतबाट गत आवसम्ममा २३.८ प्रतिशतमा झरेको छ । कृषि, उद्योग, पर्यटन, धराशायी भएका बेला वैदेशिक रोजगार स्वतःस्फूर्त आर्थिक क्षेत्रको रूपमा स्थापित भयो । मुलुकलाई चलायमान बनाइराख्न ठूलो टेवा पुऱ्याएकोले शान्ति प्रयासमा रेमिट्यान्स पठाएर योगदान पुऱ्याउनेको पनि मोहियानी हक लाग्दछ । दैनिक करिब १५ सय र वार्षिक रूपमा ३ लाख ५० हजार नेपाली युवा वैदेशिक रोजगारीमा जाने गर्छन् । आर्थिक वर्ष २०६९/७० मा रेमिट्यान्सको रूपमा रू. ४ खर्ब ३४ अर्ब ५८ करोड स्वदेश भित्रिएको छ । यो कूल गार्हस्थ उत्पादन (जीडीपी)को एक चौथाइ बराबर हो ।

त्रिवर्षीय योजना २०६७-२०७० ले स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको उत्पादन गरी रोजगार सिर्जना र गरिबी निवारण गर्ने लक्ष्य राखेको थियो । यसलाई नियमन गर्न वैदेशिक रोजगार नीति २०६८, ऐन तथा नियमावली २०६४ बनिसकेको छ भने वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड जस्ता संरचना बनेका छन् । कामदारका लागि बीमा, मृत्यु क्षतिपूर्ति, घरेलु कामदार सम्बन्धी कार्यविधि लागू गरिएका छन् । तथापि वैदेशिक रोजगारको भूमण्डलीकरण र बहुआयमिकतालाई धान्न नेपाल सरकारको संरचनात्मक क्षमता अभिवृद्धि गर्दै यसको स्थानीयकरण गर्ने चुनौती टड्कारो छ ।

रेमिट्यान्स बढ्दा मुलुकलाई आर्थिक लाभ त हुन्छ नै, यसले कामदारको हैसियत पनि सुनिश्चित गर्छ । अर्को नेपालीले चित्त दुखाउनु पर्ने कुरा, २८ वटा विदेशी विमान सेवा कम्पनीले रेमिट्यान्सको रूपमा नेपाल आएको पैसा फेरि विदेश नै फर्काइरहेका छन् । राष्ट्रिय ध्वजावाहक नेपाल वायु सेवा निगम प्रभावकारी बन्न नसक्दा यस्तो अवस्था सिर्जना भएको हो । त्यसैले अहिले रेमिट्यान्सको प्रत्यक्ष वा परोक्ष लाभ कहाँ पुगेको छ, बहस आवश्यक छ । विदेशबाट फर्कने कामदारलाई आफ्नो सीप र कमाएको पैसा लगानी गर्ने छरितो स्कीम पस्कन सके वैदेशिक रोजगारीको उपलब्धिलाई दीगो बनाउन सकिन्थ्यो । यस्ता मिसम्याच उपर बहस र योजनाको खाँचो छ । एनआरएनले खाडी, मलेसिया जस्ता देशका नेपालीलाई ध्यान दिन आवश्यक छ किनभने रेमिट्यान्स धेरै पठाउने र जोखिममा पर्ने यिनै मुलुकमा बसोबास गर्ने नेपाली हुन् ।

एनआरएनले वैदेशिक रोजगारीमा खेल्न सक्ने प्रमुख भूमिकामा ठगी नियन्त्रण पनि मुख्य हो । वैदेशिक रोजगारीलाई जोखिमपूर्ण, महँगो बनाउन विदेशस्थित नेपालीले पनि चलखेल गरिरहेको गुनासो सुनिन्छ । यसले वैदेशिक रोजगारीलाई



अमर्यादित मात्रै बनाएको छैन, यसको सामाजिक मूल्य पनि अत्यन्तै बोझिलो बन्दै गएको छ । प्रत्येक दिन नेपाल आउने औसत ४ युवाको लाशले वृद्ध अभिभावक, बिधवा श्रीमती र टुहुरा बालबच्चाको भविष्य अन्योलतर्फ धकेलिरहेको छ । अधिकांश महिला भारतहुँदै एजेन्ट मार्फत जाने भएकाले थप जोखिममा छन्, एजेन्ट मार्फत जानेले बीमा, क्षतिपूर्ति पाउँदैनन् । सँगैको पुरूषले संस्थागत गएकाले क्षतिपूर्ति पाउने तर, महिलाले नपाउने परिस्थिति छ । वैदेशिक रोजगारले पारिवारिक विखण्डन, हाडनाता करणी, हत्या, हिंसा पनि बढाएको छ ।

यी कुरालाई सम्बोधन गर्न यरोपियन युनियन र युएन वुमनको सहयोगमा एनआरएन तथा नीड्सले एक अध्ययन गर्ने सहकार्य भएको छ । एनआरएनले उद्धार, लगानी र ग्रामीण स्तरमा सूचना प्रवाह गर्ने गरेको प्रयास सराहनीय छ । अहिले मुलुकले शान्तिपछि समृद्धि अनि आर्थिक क्रान्ति खोजेको छ । वैदेशिक रोजगारी दीगो विकल्प होइन । गाउँमा युवा निखिनु, खेत बाँझो रहनु, बढ्दो सामाजिक बेथिति राम्रा संकेत होइनन् तर यसको विकल्प पनि तत्कालै देखिंदैन । विदेशबाट आउने हरेक नेपाली राष्ट्रभक्त भएर आएका छन् । माटोको माया गर्ने नागरिक देशको सबैभन्दा ठूलो पूँजी हो । यदि वैदेशिक रोजगारी अहिलेको यथार्थ हो भने ६५ देशमा फैलिएको एनआरएनले नेपालीको पहरेदारी गर्न र वैदेशिक रोजगारीलाई व्यक्ति, परिवार र मुलुकको पक्षमा बनाउन कामदार र सरकारबवीच पुलको काम गर्न सक्छ । युरोपको आयरल्यान्डदेखि अफ्रिकाका धेरै मुलुक डायस्पोराकै कारण विकासको नयाँ श्रृंखलामा प्रवेश गरेका छन् । राजनीति सुध्रिए नेपालले पनि त्यही बाटो समाउनेमा द्विविधा छैन ।

*(श्रेष्ठ युएन वुमनको नेपालस्थित कार्यालयमा कार्यरत हुनुहुन्छ) ।*

## संयुक्त लगानी



संयोजक
जीवा लामिछाने

- सेप्टेम्बर, २०१२ मा रू. ५ अर्ब अधिकृत पूँजीको एनआरएन इन्भेष्टमेन्ट लिमिटेड कम्पनी दर्ता ।
- पाँचौं विश्व सम्मेलनपछि बसेको कार्यकारी समितिको पहिलो बैठकले सामूहिक लगानीको अवधारणा अगाडि बढाउन संयोजन गर्ने जिम्मा तय । त्यस अनुरूप सामूहिक लगानी सम्बन्धी कार्यदल गठन भई त्यसले कन्सेप्ट पेपर तयार गरी रकम संकलन शुरू ।
- रसियाको मस्कोमा राष्ट्रिय समन्वय परिषद्को बृहद बैठक र सामूहिक लगानी सम्बन्धी अन्तर्क्रिया । रू. ५ अर्ब पूँजी संकलन गर्न एकै दिन ३२ करोड संकलन ।
- युएईमा सामूहिक लगानीका लागि अन्तर्क्रिया र एकै दिन साढे तीन करोड संकलन ।
- स्वीट्जरल्याण्डमा 'नेपाली एकता, प्रगति र पहिचान, सामूहिक लगानीमा नयाँ अभियान' भन्ने नाराका साथ छैठौं एनआरएन युरोपियन बैठक र सामूहिक लगानीका विषयमा बृहद् छलफल ।
- एनआरएन सामूहिक लगानी कोष स्थापनार्थ नीतिगत सुधार गर्न सन् २०११ मा राष्ट्र बैंक, अर्थमन्त्रालय, धितोपत्र बोर्ड, बैंकर्श संघ, निजी क्षेत्रका प्रतिनिधि सहितको कार्यदल गठन ।
- साउदी अरब र कतार, जर्मनी, बेल्जियम, कोरिया, हङकङ सहितका दर्जनौं देशमा सामूहिक लगानीका लागि अध्यक्ष जीवा लामिछाने सहितको टोलीद्वारा अन्तर्क्रिया ।

## परोपकारी र सामाजिक कल्याणकारी कार्यसमिति



सह संयोजक
सपिला राजभण्डारी

- ४१ राष्ट्रिय परिषद्द्वारा शिक्षा, स्वास्थ्य, सामाजिक कल्याण र दैवी प्रकोप राहत कार्यलाई निरन्तरता र सहयोग ।
- परोपकारी कोषको स्थापना, गैरआवसीय नेपाली दिवस २०१२ का अवसरमा ४० भन्दा बढी परोपकारी कार्य सम्पन्न ।
- सम्मेलनका लागि विभिन्न व्यक्ति र संस्थाबाट प्राप्त हुने स्पोन्सर रकमको केही भागलाई परोपकारी काममा लगाउन शुरुवात ।
- व्यक्तिगत र संस्थागत गरी सन् २०११ देखि १५० परियोजना सम्पन्न, ती परियोजना मार्फत रू. ७ करोड ४० लाख सामाजिक कल्याणमा खर्च, यसमध्ये शिक्षामा २ करोड ८० लाख, स्वास्थ्यमा १ करोड ५० लाख, सामाजिक कल्याणमा २ करोड तथा राहतमा १ करोड १० लाख खर्च ।
- २ करोड ५० लाख बराबरको परोपकारी सामाजिक परियोजनाको घोषणा ।

## एनआरएन दर्ता



संयोजक
रामेश्वर शाह

- संघ दर्ताको लागि निवेदन पेश गर्नुका साथै गैरआवासीय नेपाली सम्बन्धी नियमावली २०६६ को परिच्छेद ४ को दफा १२ अनुसार २५ मुलुकका ५० जना गैरआवासीय नेपालीहरूको परिचय पत्रको प्रतिलिपि र दस्तखत संलग्न गरी परराष्ट्र सचिव समक्ष पेश ।
- २०६९ कात्तिक १४ गतेको पत्र मार्फत २०६८ मंसीर २९ गतेका दिन संघको दर्ताका लागि निवेदन परराष्ट्र सचिव समक्ष पेश ।
- संघ दर्ताको लागि भएको कानूनी प्रावधानको बारेमा वरिष्ठ अधिवक्ताहरूसँग छलफल ।

## नेपाली नागरिकताको निरन्तरता



संयोजक
रामप्रताप थापा



सह-संयोजक
क्या. हितमान गुरूङ

- तत्कालीन संविधानसभाका सभासद्, विभिन्न राजनीतिक दलका विभिन्न तहका नेताहरू सम्मलाई नेपाली नागरिकताको निरन्तरताको लागि विभिन्न चरणमा छलफल गरी उहाँहरूको समर्थन प्राप्त ।
- यस्ता विभिन्न तहको छलफल र निरन्तरको खबरदारीको उपलब्धि स्वरूप तत्कालीन संविधानसभाले तयार बनाएको संविधानको मस्यौदामा 'गैरआवासीय नेपालीलाई नागरिकता' भन्ने उल्लेख गराउन सफल ।
- सभामुख, राष्टपतिदेखि सबैसँग भेटेर हामीले माग गरेका जहाँ भए पनि नेपाली भन्ने मान्यतालाई स्थापित गर्न लाग्ने वचन ।
- एनआरएनलाई नेपाली नागरिकता किन भन्ने विषयमा सबै क्षेत्रबाट समर्थन लिनको लागि विभिन्न अभियानहरू सञ्चालन
- नेपाली नागरिकताको नरिन्तरता किन र नेपालमा सम्बन्धित निकायहरूको धारणा के छ भन्ने बारेमा नेपालमा राष्ट्रपति, प्रधानमन्त्री, राजीतिक दल, सभासद्देखि सरोकारवाला व्यक्तिहरूसँग भएका छलफल र अन्तर्क्रियाहरू सहितलाई समेटर भिडियो डकुमेन्ट्री निर्माण ।
- एनआरएनलाई नागरिकता प्रदान गर्नुहुँदैन भन्ने आशयले सर्वोच्च अदालतमा परेको रिटका सम्बन्धमा नेपालमा वरिष्ठ कानून विद्हरूसँग निरन्तर छलफल र उहाँहरूको सल्लाह र संलग्नतामा एनआरएनको नागरिकताको सम्बन्धमा बहस ।

## विदेशमा नेपालको प्रवर्द्धन कार्यदलले सम्पन्न गरेका कार्यहरू



संयोजक
तेन्जी शेर्पा

- विभिन्न देशहरूमा 'नेपाल फेस्टिवल' को आयोजना ।
- चिनियाँ पर्यटकहरू र व्यापारीहरूको समूह ९८० जनालाई नेपालमा स्वागत कार्यक्रम आयोजना ।
- हङकङको भिषा समस्याको सहजीकरणको माध्यमबाट पर्यटन प्रवर्द्धन सहयोग पुऱ्याउनको लागि पर्यटन मन्त्री पोस्टबहादुर बोगटीसँग भेटघाट ।
- राष्ट्रिय समन्वय परिषद्हरूबाट विभिन्न खेलकूद प्रतियोगिताको आयोजना ।
- चलचित्र प्रवर्द्धन बोर्डसँग अन्तर्क्रिया सम्पन्न ।
- नेपाल प्रज्ञा प्रतिस्ठानसँगको सहकार्यमा अन्तर्राष्ट्रय साहित्य संगोस्ठी २०७० सम्पन्न ।
- एनआरएनए कप फुटबल प्रतियोगिता २०१३ को आयोजना ।
- नेपाली कविताहरूको अंग्रेजी अनुवादको संकलन/प्रकाशन ।
- छैटौं विश्व सम्मेलनमा बाल कला प्रदर्शनी ।
- एनआरएनए कप गल्फ प्रतियोगिता २०१३ को आयोजना ।

# मिडिया कार्यदल



संयोजक
**डा. हेम राज शर्मा**

- संघका गतिविधिहरू सार्वजानिक गर्न परिमार्जित न्युजलेटर दुई वर्षमा ६ अंक प्रकाशन ।
- संघका १० वर्षका महत्वपूर्ण दस्तावेज संकलन र प्रकाशन साथै संघको एक दशकको गतिविधिबारे वृत्तचित्र निर्माण ।
- संघको सञ्चार नीति साथै संघका गतिविधिलाई प्रवाह गर्न आमसञ्चार माध्यमको सूची तयार ।
- संघ बारेका लेख र जानकारी संकलन तथा सूचना प्रवाहका लागि सामाजिक सञ्चाल र विद्युतीय माध्यमको उपयोग ।




# विधान संशोधन सुझाव तथा नियमावली निर्माण समिति

- हालको अन्तर्राष्ट्रिय समन्वय परिषद् पदाधिकारीहरूको निर्वाचन प्रक्रियालाई पुनरावलोकन गरी विश्व सम्मेलनलाई कम चुनावमुखी बनाउन विभिन्न सुझाव पेश । यसै सुझाव अनुसार विश्व सम्मेलन भन्दा पहिले अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न हुँदै ।
- गैरआवासीय नेपाली ऐन र संघ विधानमा एकरूपता ल्याउन परराष्ट्र मन्त्रालयका पदाधिकारीसँग छलफल ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय परिषद्हरू, क्षेत्रीय बैठक तथा अन्य माध्यमबाट विधान संशोधन सुझावहरू संकलन गरी समितिमा नियमित रूपमा छलफल । अष्ट्रेलियामा सम्पन्न सातौं क्षेत्रीय सम्मेलनमा विधान संशोधन सुझाव पेश तथा छैठौं विश्व सम्मेलनमा पेश गर्न संशोधनको तयारी ।
- विधान अन्तर्गत १३ वटा नियमावलीको निर्माण वा संशोधन गरिएको ।
- अहिलेसम्मका विधान र नियमावलीहरूलाई एकमुष्ट गरी पुस्तिकाको रूपमा (अन्य दस्तावेजको साथमा) छपाई गरिएको ।

# वैदेशिक रोजगार



संयोजक
**टीबी कार्की**

- वैदेशिक रोजगारीमा जानेको समस्या समाधान गर्न सरकारी पक्षसँग निरन्तर छलफल, ध्यानाकर्षण र ज्ञापनपत्र पेश ।
- खाडी मुलुकमा वैदेशिक रोजगारीका लागि जाने महिला कामदारहरूको स्थिति सम्बन्धमा अध्ययन गर्न सम्झौता ।
- दुबईमा अलपत्र परेका १४ जना नेपालीहरूको उद्धार गरी नेपाल फर्काउन सहयोग ।
- नाइजेरियामा बम विष्फोटमा मारिएका दुई जना नेपालीहरूको शव नेपाल ल्याउने कार्य सम्पन्न ।
- युएईमा मृत्युदण्डको सजायँ सुनाइएका अमरबहादुर बमलाई बचाउन अभियानमा सहयोग गर्न अपिल ।
- सहयोग कोषबाट दुबईमा मृत्युदण्डको सजायँ पाएका दुर्गाबहादुर सुनारलाई बचाउनको लागि क्षतिपूर्ति अन्तर्राष्ट्रिय समन्वय परिषद् कोषबाट सहयोग स्वरूप रू. २ लाख प्रदान ।

# राष्ट्रिय उत्पादन प्रवर्द्धन समिति



संयोजक
**डा. बद्री के.सी.**

- नेपालमा विभिन्न व्यापारिक संघ संस्थाहरूसँग नियमित अन्तर्क्रिया ।
- नेपाली सामानको विदेशमा प्रवर्द्धन गर्नको लागि व्होर्नुपरेको समस्याको निर्क्योल गर्ने, बसोबास गरिरहेका नेपालीहरू एवं नेपाली भोजनालयहरूले गुन्द्रुक, मस्यौरा, जिम्बु, टिम्मुर, अचार, चिया, अर्गानिक खाद्य, लगायतका समानहरू विदेशीहरूलाई प्रयोग गर्न सिकाउने वातावरण मिलाउने ।
- नेपाली समानको विदेशमा प्रवर्द्धन गर्नको लागि व्होर्नुपरेको समस्याको निर्क्योल गर्ने ।
- युरोप तथा अमेरिकामा हुने प्रदर्शनको जानकारी नेपाली उत्पादकहरूलाई गराउने तथा उनीहरूलाई प्रदर्शनमा भाग लिनको लागि सघाउने एवं नेपाल भवन निर्माणको लागि प्रोत्साहित गराउने ।
- नेपालको आफ्नै बारकोड लिनको लागि आवश्यक पहल जारी ।
- बेल्जियममा हरेक वर्ष हुने प्रख्यात अन्तर्राष्ट्रिय प्रदर्शनमा नेपाललाई गेष्ट अफ अनरको रूपमा माग लिन पाउने व्यवस्था । उक्त प्रदर्शनीमा २९ नेपाली कम्पनीहरू सहभागी हुने ।
- नेपालबाट निर्यात हुन सक्ने ठूला सम्भावना भएको हस्तकलाका कालिगड नेपालमा लोप भइरहेको अवस्थामा भक्तपुर उद्योग वाणिज्य संघको सहकार्यमा ३० जनालाई हस्तकला तालिमको व्यवस्था । तालिम पूरा गरेका सबैले रोजगारी पाइसकेका छन् ।



# वैदेशिक रोजगार सूचना केन्द्र

संयोजक
**धरम के.सी.**

- वैदेशिक रोजगारका सूचना तथा जानकारीहरूको प्रसार (विभिन्न लेख, समाचारहरूको मिडियामा प्रसारण गरेर) स्वदेशमा र विदेशमा परियोजना टिमका विभिन्न सदस्यहरूद्वारा गोष्ठी, सभा तथा अन्तर्क्रिया गर्दै वैदेशिक रोजगारबारे छलफल र सचेतना कार्यक्रम सम्पन्न ।

- वैदेशिक रोजगारमा व्याप्त श्रमिक सरोकारका विभिन्न समस्या, ठगी, शोषण, अन्याय र अनियमितताप्रति निरन्तर प्रहार गर्दै त्यस्तो प्रवृत्ति रोक्न पहल गरेको प्रवासमा नेपाली दूतावास तथा विदेश भ्रमणमा गएका नेपाल सरकारका मन्त्रीहरू, उच्चपदस्थ अधिकारीहरू र स्वदेशमै पनि सरकारी तथा गैरसरकारी निकायलाई समेत श्रम सरोकारका विभिन्न सवालहरूमा ध्यानाकर्षण गर्दै ज्ञापनपत्र बुझाएको तथा मिडिया मार्फत सूचना प्रवाह गर्दै दबाब दिएको वैदेशिक रोजगारमा जाने सबै कामदारहरूका लागि उनीहरूले जान्नै पर्ने विषयबारे पर्याप्त जानकारीहरू समावेश गरी हाते पुस्तक विश्व सम्मेलनमा प्रकाशन गर्ने ।



संयोजक
**ध्रुव सुवेदी**

# युवा कार्यदल

- सन् २०१२ अप्रिल ११ मा नेपाली युवाका आवश्यकता तथा गैरआवासीय नेपाली सञ्जाल विस्तारको उपाय खोजी गर्नेबारे सञ्चार, व्यवसाय, खेलकूद लगायत विभिन्न क्षेत्रमा सक्रिय युवा तथा गैरआवासीय नेपाली संघका सदस्यहरूसँग काठमाडौमा अन्तर्क्रिया ।

- गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय युवा फोरमको नियमावली तयार । छैटौं विश्व सम्मेलन पश्चात कार्यान्वयन गरिने ।

- गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय युवा फोरममा ३४ देशका को-अर्डिनेशन काउन्सिलका प्रतिनिधि सम्मिलित ।

- विश्वभरका युवा गैरआवासीय नेपालीलाई संगठित गर्ने उद्देश्यले 'सेकेण्ड जेनेरेशन प्रोग्राम- २०१३' शुरू । यसका अन्तिम विजेताको घोषणा छैटौं विश्व सम्मेलनमा हुँदै ।

# महिला फोरम



संयोजक
**रन्जु थापा**

- बिभिन्न समयमा भएका प्रमुख राजनीति दल, मन्त्रीहरू, नेपाल उद्योग बाणिज्य महासंघक पदाधिकारी सँगको छलफल र भेटघाटमा सहभागि ।
- करीव ३४ वटा राष्टिय समन्वय परिषद्मा महिला संयोजकको नियुक्ती गरि महिला सम्बन्धी विभिन्न कार्यक्रमहरू संचालन ।
- युके महिला फोरमको आयोजनामा जुम्लामा प्रसुति गृह निर्माण र धदूर्गम जिल्लाका बालिकाहरूको शिक्षाको लागि संचालन योजनामा सहयोग ।
- अष्ट्रेलियाको नारिनिकुंजले काभ्रे, नुवाकोट, मकवानपुर, पर्वत, बाग्लुंग, नवलपरासी र सिराहा जिल्लामा संचालन गरेको पाठेघर सल्यकृया परियोजना अन्तर्गत करीव १०० महिलाहरूको सल्यकृया गरिने योजनामा सहयोग ।
- हरेक वर्ष मनाइने अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा विभन्न मुलुकमा कार्यक्रम ।
- नेपालमा बढेको महिला हिंसा बिरूद्धको धर्ना कार्यक्रममा एक्यबद्धता जनाउदै सहभागिता ।
- महिलाहरूले वैदेशिक रोजगारमा जाँदा ध्यानदिनु पर्ने कुरा र महिला आत्म रक्षा सम्बन्धमा संचारकर्मीसँग छलफल ।
- नेपालमा महिला हितको पक्षमा काम गर्न एक अक्षयकोषको स्थापना ।
- महिला हिंसा विरूद्ध अष्ट्रलियाका गैरआवासीय नेपालीहरूले गरेको हस्ताक्षर प्रधानमन्त्री समक्ष पेश ।
- यूएइको महिला फोरमले बालमन्दिरलाई रू १ लाख सहयोग ।
- महिला फोरम क्यानडाद्धारा १ लाख ५० हजार मनमैजु विद्यालयला२ प्रौढ शिक्षाको लागि सहयोग प्रदान ।
- उदयपुरको गाइघाटमा महिला प्रौढ शिक्षा र महिला हिंसाबाट पिडित महिलाहरूलाई सहयोग गर्ने योजनाको घोषण ।
- महिला फोरम बेल्जीयमद्धारा परोपकारी परियोजनाको लागि रू २ लाख २ हजार सहयोगे ।
- युएई महिला फोरमद्धारा खाडी मुलुकका पिडित महिलाहरूको लागि सहयोग ।

# सीप, ज्ञान र प्रविधि हस्तान्तरण



संयोजक
**डा. राजु अधिकारी**



सह-संयोजक
**डा. प्रमोद ढकाल**

- खुला विश्वविद्यालय र नेपाल साइन्स फाउण्डेशनका विषयमा अष्ट्रेलियाको सिडनीमा क्षेत्रीय सम्मेलन आयोजना ।
- एनआरएन विज्ञान तथा प्रविधि स्थायी समिति र त्यस समिति अन्तर्गत एक साइन्स फाउण्डेशनको स्थापना गर्ने निर्णय ।
- नेपाल साइन्स फाउण्डेशनको स्थापना र विज्ञानसँग सम्बन्धित विभिन्न पुरस्कारको स्थापना गर्ने ।

# राष्ट्रिय समन्वय परिषद् २०११–०१३ का गतिविधि

**अष्ट्रेलिया**

- सिड्नी र मेलवर्नमा महापुराणमार्फत १ लाख डलरको समाज कल्याण कोष स्थापनाका लागि रकम संकलन, कोषले अष्ट्रेलियामा बस्ने नेपालीको हितका लागि काम गर्ने ।
- सातौं क्षेत्रीय सम्मेलन आयोजना ।
- नेपाली संस्कृति, परम्परा, खाना तथा नेपाली पर्यटनको विकासका लागि सिड्नीमा नेपाल महोत्सव- २०१२ को आयोजना । महोत्सवमा २० हजार भन्दा बढीको सहभागिता ।
- नारी निकुञ्ज अष्ट्रेलियाद्वारा पाठेघर खस्ने रोगको उपचारका लागि परियोजना सम्पन्न । परियोजना अन्तर्गत पाठेघर खस्ने रोगबाट पीडित १०० महिलाको शल्यक्रिया ।

**बेल्जियम**

- पाँचौं नेपाली महोत्सव सम्पन्न ।
- महिलाद्वारा एक युरो अभियान सञ्चालन ।
- विभिन्न दलका प्रतिनिधिसँग अन्तर्क्रिया ।

**ब्रुनाई**

- उधौली चाडका अवसरमा सांस्कृतिक प्रस्तुति मलेसिया ।
- क्वालालम्पुरमा बुद्ध नेपालमा जन्मिएको प्रचार गर्न पैदल र्‍याली ।

**क्यानडा**

- ओटावा शहरमा नारी दिवसको अवसरमा छलफल कार्यक्रम ।
- पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालसँग देशको समसामयिक विषयमा अन्तर्क्रिया ।
- विभिन्न स्थानमा शैक्षिक सामग्री वितरण, आर्थिक सहयोग, विद्यालयको पूर्वाधार निर्माण र युवा लक्षित कार्यक्रम ।
- नेपालको पहिचान र संस्कृति फैलाउनको लागि 'नेपाल हाउस' स्थापना ।
- विभिन्न समयमा रक्तदान कार्यक्रम, जनचेतनामूलक कार्यक्रम, प्रदर्शनी र खेलकूद प्रतियोगितामा सहभागिता ।
- अल्वर्टामा नेपाल लाइब्रेरी फाउन्डेशनबारे छलफल ।
- खुला विश्वविद्यालयका लागि अथाबस्का युनिभर्सिटीसँगको सहकार्यमा सहयोग ।

**चीन**

- चीनमा अध्ययनरत नेपाली विद्यार्थी र व्यवसायीबीच मैत्रीपूर्ण फुटबल आयोजना ।

**कंगो**

- राष्ट्रिय समन्वय परिषद् गठन ।

**साइप्रस**

- लाओसमा बुद्धजयन्तीका अवसरमा कार्यक्रम ।

**डेनमार्क**

- क्यान्सरपीडित बालक नीतिश खरेललाई ४८ हजार रूपैयाँ सहयोग ।

**फिनल्याण्ड**

- जलविद्युत्मा सामूहिक लगानीका लागि रकम जुटाउन छलफल कार्यक्रम ।

**फ्रान्स**

- लाकुर्नमा नेपाली सांगीतिक कार्यक्रम सम्पन्न ।
- नयाँ वर्षमा शुभकामना आदानप्रदान कार्यक्रम ।
- नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को विधान तथा नियमावली सम्बन्धी एकदिने कार्यशाला सम्पन्न ।
- नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्य एवं फ्रान्स समन्वय परिषद्का पूर्वअध्यक्ष अशोक न्यौपानेप्रति एक कार्यक्रम आयोजना गरी श्रद्धाञ्जली व्यक्त ।

**जर्मनी**

- ग्लोबल कन्फरेन्सलाई सफल पार्न १००० डलर दिने निर्णय ।
- युरोपियन हिमालयन एसोसीएसन मुन्स्टर तथा तमु समाज हाम्बुर्गसँग सहकार्य गरि आइ पिटी पीडित बालिका सरिता डिसीका उपचार खर्चको लागि सहयोग ।
- नेपाल दाङ घर भई डर्टमुन्डमा बस्दै आउनुभएका राजेन्द्र गुरूङको असामाहिक निधन भएकोमा स्वर्गीय गुरूङको परिवारलाई एनआरएनए जर्मनीको तर्फ बाट ७७० यूरो सहयोग ।
- सेती नदीमा बाढी आई ठुलो धनजन को क्षति भएकोले शोभाकर भण्डारीको संयोजकत्वमा सेती नदि बाढी पिडित राहत कोष गठन गरि ३४४८ यूरो संकलन गरी हस्तान्तरण ।
- नेपालको तराई क्षेत्रमा भएको शितलहर पीडितहरूको सहयोगार्थ एक लाख नेपाली रूपैया हेल्प नेपाल नेटवर्क लाई हस्तान्तरण ।
- युरोपियन एसोसीएसनसँग सहकार्य गरि म्याग्दी दानापानी भुरूंगमा भएको बाढी पीडितहरूको सहयोगार्थ १०१० यूरो संकलन गरि हस्तान्तरण ।
- हेल्प नेपाल नेटवर्कलाई सहयोगार्थ ३३०० यूरो हस्तान्तरण ।
- विश्व साइकलयात्री सौरब दाहालको सहयोगार्थ विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरि एक लाख ८४ हजार रूपैयाँ हस्तान्तरण ।
- दार्चुलामा महाकाली नदीबाट आएको बाढीका कारण भएका पीडितहरूको लागि ६ लाख १५ हजार ४ सय ९८ रूपैया सहयोग ।

**हङकङ**

- चीन भ्रमण सकेर नेपाल फर्किने क्रममा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहालसँग छलफल ।

**इजरायल**

- बुद्धजयन्तीका अवसरमा बुद्धको तस्वीरमा माल्यार्पण ।
- जुलाई १४ मा इजरायलका लागि नवनियुक्त राजदूत प्रल्हादकुमार प्रसाईको स्वागत ।
- नेपाली राजदूत प्रल्हादकुमार प्रसाईको आतिथ्यमा हाइफा शहरमा दीपावली र एनआरएन दिवस कार्यक्रमको आयोजना ।

**इटली**

- बुद्ध र नेपालबारे जानकारी दिन प्रचारात्मक कार्यक्रम आयोजना ।
- दोस्रो विश्वयुद्धको लडाइँमा इटालीमा सहादत प्राप्त गर्नुभएका गोर्खा सैनिकहरूको सम्फनामा रिमिनीस्थित समाधिस्थलमा श्रद्धाञ्जली कार्यक्रमको आयोजना ।
- उपप्रधान एवं गृहमन्त्री विजयकुमार गच्छदारको नेतृत्वमा आएको ८ सदस्यीय प्रतिनिधिमण्डललाई रोममा स्वागत तथा अन्तर्क्रिया कार्यक्रम आयोजना ।

## जापान

- टोकियोस्थित योयोगी पार्कमा दुईदिने नेपाल महोत्सव सम्पन्न ।
- सामूहिक लगानीका लागि अन्तर्क्रिया ।
- सिएनएन हिरो पुष्पा बस्नेत, आमा घरको प्रतिनिधि मोना गोपाली र रक्षा नेपालकी मेनुका थापालाई जनही १ लाख रूपैयाँ आर्थिक सहयोग प्रदान ।
- 'मेरो आँखामा मेरो नेपाल' शिर्षकमा बाल चित्रकला प्रतियोगिताको आयोजना ।
- स्वास्थ परीक्षणका लागि जापान आइपुगेका राष्ट्रपति डा. रामवरण यादवसँग भेटघाट ।
- पुष्पा बस्नेत र दिलशोभा श्रेष्ठको परोपकारी कामलाई रू. एक-एक लाख आर्थिक सहयोग ।
- दार्चुलाका बाढीपीडितलाई आर्थिक सहयोग ।

## केन्या

- राष्ट्रिय समन्वय परिषद् गठन ।
- विश्व साइकलयात्री विरेश दाहाल र जनार्दन खनाललाई रू. ५० हजार सहयोग ।

## दक्षिण कोरिया

- सिउलमा नयाँ नेपाल हाउस सञ्चालनमा ।
- 'प्रकृति, संस्कृति, कला, साहित्य र वास्तुकलामा समृद्ध नेपाल' भन्ने नाराका साथ नमस्ते नेपाल महोत्सव २०१३ आयोजना ।

## कुवेत

- जलविद्युत्मा सामूहिक लगानीका लागि रकम जुटाउन छलफल कार्यक्रम ।

## मकाउ

- खुल्ला करौंते प्रतियोगिताको आयोजना ।

## न्युजिल्याण्ड

- समता शिक्षा निकेतनका लागि विभिन्न शहरमा रकम संकलन ।

## नाइजेरिया

- रू. १० लाखको लागतमा विन्देश्वरी निमावि पिठुवा, चितवनमा एनआरएन चेपाङ विद्यार्थी छात्राबास निर्माणाधीन ।
- सेती बाढीपीडितलाई सहयोग रू. ३५,६०० तथा दार्चुला, महाकाली बाढीपीडितलाई रू. ३० हजार सहयोग ।
- बहराइन जेलमा रहेका खोटाङका ज्ञान राईको परिवारलाई सहयोग रू. ३१ हजार ।
- मडागस्करमा अलपत्र पारिएका नेपालीलाई सहयोग ५०० अमेरिकी डलर ।
- कृष्ण कँडेलको "पाताल वृत्तान्त" प्रकाशानार्थ रू. ५० हजार र लक्ष्मी शर्माको गीति एल्बम उत्पादनका लागि रू. ७० हजार सहयोग ।
- डा. चित्रप्रसाद वाग्लेलाई रू. १ लाख सहयोग ।
- विश्व साइकल यात्री फुर्तेम्बा शेर्पालाई १०५० अमेरिकी डलर सहयोग ।
- मध्य तथा सुदूरपश्चिमाञ्चल क्षेत्रीय गजल प्रतियोगिताका लागि रू. ५० हजार सहयोग ।

## नर्वे

- दिलशोभा श्रेष्ठद्वारा सञ्चालित आमाघरलाई ४ लाख ९० हजार सहयोग ।
- राष्ट्रिय समन्वय परिषद् नर्वेको विधिवत् दर्ता ।
- बाढीपीडितहरूका लागि केन्द्रीय राहत कोषमा रू. १ लाख ९५ हजार ८ सय ४५ जम्मा ।
- ओस्लोमा नेपाली बालबालिकाका लागि नेपाली भाषा कक्षा सञ्चालन ।

## ओमन

- नारी दिवसको अवसरमा वैदेशिक रोजगारीमा गएका महिलाहरूको समस्या र त्यसको समाधानको विषयमा अन्तर्क्रिया ।

## पोल्याण्ड

- नेपाल-पोल्याण्डबीचको सम्बन्ध सुमधुर बनाउन र पोल्याण्डमा बस्ने नेपालीका समस्या समाधान गर्न अन्तर्क्रिया ।

## पोर्चुगल

- २५२७औं बुद्ध जयन्तीमा विशाल ऱ्यालीसहित शोभायात्रा ।

## कतार

- वैदेशिक रोजगारका समस्या तथा समाधानका उपाय विषयक अन्तर्क्रिया तथा संस्थागत सीप अभिवृद्धि गोष्ठी सम्पन्न ।
- सेती बाढीपीडित तथा सिरहा आगलागीपीडितहरूलाई आर्थिक सहयोग संकलन तथा प्रदान ।
- हिराबहादुर रोक्काको रू. १ लाख ५ हजार जरिवाना मिनाहा गराउन संस्थागत सहयोग ।
- कतारमा स्थापित ४१ वटा सामाजिक संघसंस्थाहरूको सहभागितामा एनआरएनए अभियानमा संस्थागत ऐक्यवद्धता, कल्याणकारी कार्यमा सामूहिक प्रतिबद्धता विषयक बृहद् समन्वय गोष्ठी आयोजना, ९ बुँदे साझा अवधारणा तय ।
- एक एनसीसी एक परियोजना अन्तर्गत ५ विकास क्षेत्रका विद्यालयहरूमा कम्प्यूटर तथा शैक्षिक समाग्री प्रदान ।
- कतारमा स्थापित ९ वटा संघसंस्थाहरूको सहकार्यमा बृहद् रक्तदान कार्यक्रम आयोजना, हमद अस्पतालबाट रक्तदाता समुदायको रूपमा प्रशंसित ।
- पीएनसीसीसँगको समन्वयमा काठमाडौंमा आश्रयस्थल स्थापनाको लागि सहयोग ।
- नेपाली दूतावाससँग तथा कतारका सरकारी र गैरसरकारी निकायसँग निरन्तर समन्वय, छलफल ।
- कतारमा अलपत्र परेका नेपालीलाई भौतिक तथा अन्य सहयोग प्रदान । विभिन्न समयमा पीडित नेपालीहरूलाई राहतको लागि खाद्यान्न वितरण ।

## रूस

- सगरमाथा आरोहण दिवस सम्पन्न ।
- जलविद्युत्मा लगानीका लागि ५ अर्ब संकलन गर्ने लक्ष्यको अभियान शुरूवात र एकै दिन ३२ करोड संकलन ।
- पाँचौं गणतन्त्र दिवसका अवसरमा कार्यक्रम ।

## साउदी अरब

- साउदी अरबमा आएर बिचल्लीमा परेका पीडित महिलाहरूमध्ये २५ जनालाई दूतावासको माग बमोजिम स्वदेश फिर्तीका लागि हवाई टिकट उपलब्ध ।
- चन्द्रकला लिम्बु, निर्मला चौधरी र नबिना तामाङ जस्ता पीडित नेपाली महिलाहरूलाई दूतावाससंग सहकार्य गर्दै पीडितको घरैमा पुगेर दमामदेखि रियाद (दुतावासमा) ल्याइपुऱ्याएको ।

- ठगिमा परेका होमनाथ बास्कोटालाई उद्धार गरी दूतावाससँगको सहकार्यमा संघकै कोषबाट खाना खर्च तथा हवाई टिकट उपलब्ध गराई नेपाल पुगेपछि करीब रू. २ लाख क्षतिपूति दिलाएको ।
- दमाममा पीडित ५ जना कामदारहरू भोकभोकै रहेको देखिएपछि संघको कोषबाट खाना खर्च उपलब्ध गराएको, न्याय र उद्धारका लागि पहल गरेको ।
- संघका पदाधिकारीहरूबाट दमाम, रियाद र जेद्धा क्षेत्रहरूमा बिभिन्न क्याम्पहरूमै पुगी पीडित कामदारहरूसँग भेटवार्ता गरी उनीहरूका दुख समस्याहरू सुनेर समाधानका लागि सम्बन्धित निकायमा पुऱ्याइदिएको ।
- दमामको जेलमा पुग्नुभएका क्षयरोगका बिरामी भुपाल न्यौपानेका लागि औषधी सहयोग दिदै स्वदेश फिर्तीका लागि पहल ।
- रियादमा कार्यरत मृतक सदस्य धन लिम्बुको परिवारलाई रू. २५ हजार र ब्रेन ट्युमरका बिमारी मोहन खतिवडाको उपचारका लागि रू. ४० हजार आर्थिक सहयोग प्रदान ।
- चितवनको पिठुवामा चेपाङ जातिका बालबालिकाहरूका लागि छात्रावास भवन निर्माणका लागि रू. १,३०,३८७ सहयोग ।
- सेती नदीमा आएको बाढी तथा नदी कटानका कारण घरबारविहिन बन्न पुग्नुभएका संघका सदस्य राजु यादवका लागि राहत स्वरूप रू. १,०२,४६५ उपलब्ध
- चन्दा संकलन गरी रू. ५२,४८६ मुटु रोगबाट पीडित सन्देश कटुवालको लागि सहयोग ।
- दमाम, जेद्धा र रियादमा दूतावासबाट आयोजित रोजगार समस्या तथा समाधानमा केन्द्रित अन्तक्रिया कार्यक्रमहरूमा सहकार्य तथा सहभागिता ।
- पासपोर्ट नविकरणलाई सहज, निशुल्क या कम खर्चिलो बनाउन सहकार्यको प्रस्ताव ।
- नेपाल सरकारका उच्च स्तरीय भ्रमण टोली समक्ष सामुदायिक सरोकारका विषयमा ज्ञापन पत्र बुझाएको ।
- बैदेशिक रोजगारमा ब्याप्त ठगी र अनियमितता रोक्न, हुण्डी लगायतका अवैध धन्दाहरू नियन्त्रण गर्न प्रधानमन्त्रीलाई दूतावास मार्फत ज्ञापन पत्र पठाएको ।
- सम्पादक मण्डल नै खडा गरेर संघको आत्नै वेभ साइट मार्फत यहांको श्रमिक समुदायको चांसो र सरोकारका विषयहरूलाई प्रकाशन गर्दै आएको ।
- भाग्ने भगाउने प्रकृतीलाई निरूत्साहित पार्न सचेतना कार्यक्रम सञ्चालन।

### सिंगापुर
- जलविद्युत्मा सामूहिक लगानीका लागि रकम जुटाउन छलफल कार्यक्रम ।

### स्पेन
- नेपाल पर्यटन प्रवर्द्धन साँझ २०१३ सम्पन्न ।
- पर्वत र कास्की जिल्लाका विद्यालयहरूलाई ४ लाख रूपैयाँ बराबरको विद्युतीय शैक्षिक सामग्री वितरण ।

### दक्षिणी सुडान
- राष्ट्रिय समन्वय परिषद्को गठन ।

### तान्जनिया
- सात सदस्यीय महिला पर्वतारोही दललाई सम्मान ।
- राष्ट्रिय समन्वय परिषद्को गठन ।

### थाइल्याण्ड
- पतायामा लुम्बिनी भ्रमण वर्ष- २०१२ सम्पन्न ।

### युएई
- सामूहिक लगानीसम्बन्धी अन्तर्क्रिया कार्यक्रम र जलविद्युत् का लागि ३ करोड ५० लाख संकलन ।

- बिचल्लीमा परेका १४ नेपालीलाई स्वदेश फिर्ता गर्न सहयोग ।
- मूलपानी क्रिकेट मैदानमा इन्डोर सुविधा उपलब्ध गराउनको लागि ६२ लाख रूपैयाँ सहयोग गर्ने समझदारीमा हस्ताक्षर ।

### युगाण्डा
- राष्ट्रिय समन्वय परिषद्को गठन ।

### बेलायत
- काठमाडौं-कलुखोनी-हेटौंडा सुरूङ मार्गका लागि लगानी जुटाउन अन्तर्क्रिया ।
- ओलम्पिकमा सहभागी नेपाली खेलाडीहरू तथा पहिलो ओलम्पियन भुपेन्द्र सिलवाललाई लण्डनमा आमन्त्रण गरी सम्मान ।
- बेलायतमा निधन भएका विद्यार्थी अमृत बरूवालको परिवारलाई १८ लाख सहयोग ।
- अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा विशेष कार्यक्रम ।
- लण्डनस्थित नेपाली दूतावास बिक्री नगर्न नेपाली अधिकारीहरू मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र ।
- जुम्लामा प्रसूति केन्द्र स्थापना गर्न ३५ लाख प्रदान ।
- स्वदेश तथा विदेशमा कार्यरत नेपाली पत्रकारहरूको क्षमता अभिवृद्धि एवं प्रोत्साहनका लागि पत्रकारिता पुरस्कार तथा पत्रकार कल्याण कोष स्थापना गर्न च्यारिटी कार्यक्रम र १६ लाखको अक्षयकोष स्थापना ।

### अमेरिका
- सन् २०११ अक्टोबर १२ देखि १४ सम्म भएको एनआरएनएको पाँचौ विश्व सम्मेलनमा एनआरएन एनसीसी अमेरिकाको तर्फबाट सहभागिता जनाइयो ।
- सन् २०१२ जनवरीमा अमेरिका र क्यानडाको बिचमा सम्झौता पत्रमा हस्ताक्षर ।
- सन् २०१२ मा राष्ट्रिय पार्टनरसिप प्रोगाम आयोजना। एनआरएनका साझा मुद्दाहरू, उद्देश्य र लक्ष्यहरूको बारेमा छलफल ।
- सन् २०१२ मे २६ मा एक्सप्लोर नेपाल २०१२ आयोजना गरियो । नेपाललाई पर्यटकिय गन्तव्य बनाउने, आर्थिक समृद्धी हाँसिल गर्ने बारेमा छलफल ।
- २०१२ अप्रिल २८२९ सम्म नेपाल प्रोमोसन एक्जिबिसन एण्ड दी ब्ल्याक टाई इभेन्ट लस एन्जल्समा सम्पन्न ।
- बोस्टन शहरमा विभिन्न क्षेत्रका व्यवसायमा संलग्न चम्बर अफ कमर्सका प्रतिनिधिहरूको डेलिगेशन सहभागिता ।
- नेपाल उद्योग वाणिज्य महासंघको अर्न्तक्रिया कार्यक्रममा सहभागिता ।
- सन् २०१२ मै नेपाली राजदूतावासले गरेको कार्यक्रममा सहभागिता ।
- नेपलिज एसोसियसन इन साउथ इस्ट अमेरिका र एनआरएन अमेरिकाको आयोजनामा छलफल कार्यक्रम ।
- एनआरएन अमेरिका र नेपाल विमन्स ग्लोबल नेटवर्कको आयोजनामा काठमाडौँको होटल र्‍याडिसनमा च्याप्टर इस्टाबिलिस्मेन्ट कार्यक्रम ।
- मोरङको एक विद्यालयमा द्विपक्षीय सम्झौताको बारेका कार्यक्रम ।
- फ्लोरिडा नेपलिज एसोसियसन र एनआरएन अमेरिकाको आयोजनामा नेपालको सांस्कृतिक पहिचानबारे छलफल ।
- सन् २०१३ मा २०२५ सम्म ज्यूरिचमा भएको छैठौं क्षेत्रीय सम्मेलनमा सहभागिता ।

# अन्तर्राष्ट्रिय समन्वय परिषद् २०११–०१३ का गतिविधि

## सन् २०११

अक्टोबर १५ः गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्को नयाँ कार्यसमितिको पहिलो बैठक । बैठकले गरेका निर्णय यस प्रकार थिएः

- सामूहिक लगानी कोष खडा गरी १०० मेगावाटको जलविद्युत् परियोजना गर्ने । प्रत्येक एनसीसीले नेपालमा एउटा परोपकारी परियोजना सञ्चालन गर्ने ।
- स्वास्थ्य, शिक्षा तथा सामाजिक कार्यहरूमा हेल्प नेपाल तथा सामूहिक पुस्तकालय निर्माण र सञ्चालनमा नेपाल लाईब्रेरी फाउण्डेशनसँग सहकार्य गर्ने ।
- परोपकारी परियोजना र एनआरएन भवन निर्माणको लागि क्रमशः रू १५६.५ लाख र ११०.५ एवं २० हजार अमेरिकी डलर अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी र सदस्यहरू एवं एनसीसीहरूद्वारा रकमको घोषणा ।
- संरक्षक परिषद्को गठन, युवा संयोजकको मनोनयन । कार्यदलहरू र प्रोजेक्ट च्याम्पियनको गठन तथा संयोजकहरूको चयन ।

अक्टोबर १६ः सोल्टी क्राउन प्लाजाको आयोजनामा कीर्तिपुरको खेल मैदानमा भएको मैत्रीपूर्ण क्रिकेट प्रतियोगितामा संघका पदाधिकारीको सहभागिता ।

अक्टोबर १७ः अर्थमन्त्री वर्षमान पुनको अध्यक्षतामा नेपाल सरकारका सचिव एवम् प्रतिनिधिहरू र संघका पदाधिकारीबीच बैठक । सामूहिक लगानीबारे छलफल ।

अक्टोबर १७ः काठमाडौ महानगरपालिकाले आयोजना गरेको रात्रिभोज तथा छलफल कार्यक्रममा संघका अध्यक्षको नेतृत्वमा संस्थापक अध्यक्ष, संरक्षकहरू, पदाधिकारी सहित विभिन्न मुलुकका एनसीसीका प्रतिनिधिहरूको सहभागिता ।

अक्टोबर १८ः संघ र हेल्प नेपालबीच सम्झौतापत्रमा हस्ताक्षर ।

अक्टोबर १८ः उपप्रधान तथा परराष्ट्र मन्त्री नारायणकाजी श्रेष्ठको अध्यक्षतामा मन्त्रालयका प्रतिनिधिहरू, गैरआवासीय नेपाली संघ र नेपाल उद्योग वाणिज्य महासंघबीच बैठक । एनआरएनको लगानी, एनआरएनको परिभाषा र पाँचौं गैरआवासीय नेपाली विश्व सम्मेलनबारे छलफल ।

अक्टोबर १८ः गैरआवासीय नेपाली संघको प्रतिनिधिमण्डलद्वारा प्रधानमन्त्री डा. बाबुराम भट्टराईसँग भेटघाट । गैरआवासीय नेपालीका समस्याहरू विशेषगरी मध्यपूर्वमा काम गर्न जाने कामदारको पटके श्रम स्वीकृति र एनआरएन डेस्कबारे छलफल ।

अक्टोबर १६-१८ः नेपाल चलचित्र संघ, नेपाल चेम्बर अफ कमर्श लगायत अन्य संघसंस्थाहरूसँग संघका अध्यक्ष लगायतका पदाधिकारी र सदस्यहरूको भेटघाट कार्यक्रम ।

अक्टोबर १९ः गैरआवासीय नेपालीसंघ र नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारीहरूबीच बैठक । विभिन्न क्षेत्रहरूमा गैरआवासीय नेपालीहरू र निजी क्षेत्रका व्यवसायीहरूको सहकार्यमा लगानीमा विस्तार गर्ने तथा २०१२ लगानी वर्षलाई सफल बनाउन दुई संस्थाबीच सहकार्य गरेर अगाडि बढ्ने निर्णय ।

अक्टोबर १९ः नेपाल सरकारद्वारा संघका पदाधिकारीहरूको लागि आयोजना भएको रात्रिभोजमा गैरआवासीय नेपालीको परिभाषा र सामूहिक लगानीबारे छलफल । मुख्यसचिव माधवप्रसाद घिमिरेको अध्यक्षतामा नेपाल सरकारका सचिवहरू, गैरआवासीय नेपाली संघका अध्यक्ष लगायतका पदाधिकारीको सहभागिता ।

नोभेम्बर १ः टेली कन्फ्रेन्सद्वारा पदाधिकारी समितिको पहिलो बैठक । आइसीसी सदस्यहरू र सल्लाहकारहरूको मनोनयनको लागि गाइड लाइन निर्धारण, कार्यदल र प्रोजेक्ट च्याम्पियन, ३१ औं आइसीसी बैठकको एजेण्डा, वैदेशिक रोजगार प्रतिनिधिमण्डल र अन्य महत्वपूर्ण विषयहरूमा छलफल तथा निर्णय ।

नोभेम्बर १३ः साईवर कन्फ्रेन्सबाट गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को ३१ औं बैठक । संघका संरक्षक, सल्लाहकारहरू, आइसीसी सदस्यको मनोनयन, विभिन्न समितिहरू गठन, वैदेशिक रोजगारको प्रतिनिधिमण्डल सम्बन्धमा र सातौं गैरआवासीय नेपाली क्षेत्रीय सम्मलनको आयोजना लगायतका विषयहरूमा छलफल तथा निर्णय ।

नोभेम्बर २३ः बहिरा बालबालिकाहरूको प्रयाजनको लागि एनआरएन र सियाको सहयोगमा केन्द्रीय बहिरा उच्च माध्यमिक विद्यालय नक्साललाई एक समारोहबीच भ्यान हस्तान्तरण ।

नोभेम्बर २५ः प्रत्येक दुई हप्तामा एक पटक बठैक हुने निर्णय भए अनुसार अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको पहिलो बैठक । युवा उपसंयोजक, सल्लाहकार र आइसीसी सदस्यहरूको मनोयनबारे छलफल ।

नोभेम्बर २६ः ५८ औं एनसीसी जाम्बियाको गठन ।

डिसेम्बर १ः नेपाल सरकारको निर्णयअनुसार आर्थिक सल्लाहकार परिषद्मा संघका अध्यक्ष जीवा लामिछानेलाई मनोनीत ।

डिसेम्बर २ः प्रधानमन्त्रीको कार्यालयमा भएको आर्थिक सल्लाहकार परिषद्को पहिलो बैठकमा संघका अध्यक्ष जीवा लामिछानेको सहभागिता ।

डिसेम्बर २ः वैदेशिक रोजगारीमा जानेहरूका विषयमा अध्ययन गर्न गैरआवासीय नेपाली संघ, युएन ओमन र एनआइडीसीबीच सम्झौतापत्रमा हस्ताक्षर ।

डिसेम्बर ८ः अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको दोस्रो बैठक । बाँकी रहेका सल्लाहकारहरूको मनोनयन, युवा उपसंयोजकको मनोनयन, मध्यपूर्व एशिया प्रशान्त र अमेरिकाज क्षेत्रबाट आइसीसी सदस्यको मनोनयनका साथै अन्य विषयमा छलफल ।

डिसेम्बर १२: उपप्रधान तथा परराष्ट्रमन्त्रीको अध्यक्षतामा भएको उच्चस्तरीय आर्थिक कूटनीति सञ्चालन तथा अनुगमन समितिको तेस्रो बैठकमा संघका संरक्षक भीम उदास र महासचिव तेञ्जी शेर्पाको सहभागिता ।

डिसेम्बर १५: गैरआवासीय नेपालीको परिभाषा संशोधन गर्नेबारे पत्र परराष्ट्र सचिवलाई बुझाउने कार्य सम्पन्न ।

डिसेम्बर २०११: ५९ औं एनसीसी इराक गठन ।

डिसेम्बर २४: अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको तेस्रो बैठक । मनोनयन गर्न बाँकी सल्लाहकारहरू, एशिया प्रशान्त र अमेरिकाजबाट मनोयन गरिने आइसीसी सदस्यहरू,एनसीसीहरूका महाधिवेशन लगायतका विषयमा छलफल ।

डिसेम्बर २६: अन्तर्राष्ट्रिय कूटनीति सम्बन्धी गैरआवासीय नेपाली संघको प्रतिवेदन परराष्ट्र मन्त्रालयको बहुपक्षीय आर्थिक मामिला महाशाखामा पेश ।

डिसेम्बर २६: अन्तर्राष्ट्रिय न्यायालयमा भगवान् बुद्धको प्रतिमा स्थापना गर्ने बारेको पत्र परराष्ट्र मन्त्रालयमा पेश ।

डिसेम्बर ३१: एनसीसी डेनमार्कले तराईमा भएको शीतलहरबाट पीडित व्यक्तिहरूको लागि सहयोग स्वरूप रू. ७०,१६१ हेल्प नेपाललाई हस्तान्तरण ।

## सन् २०१२

जनवरी ६: गोरखा उद्योग वाणिज्य महासंघको निमन्त्रणामा इलम प्रशिक्षण केन्द्र गोरखाको भवन शिलान्यास कार्यक्रममा संघको तर्फबाट महासचिव तेञ्जी शेर्पाको सहभागिता ।

जनवरी १२: प्रधानमन्त्रीको कार्यालयमा आर्थिक सल्लाहकार परिषद्को दोस्रो बैठकमा संघको अध्यक्षका प्रतिनिधि उपाध्यक्ष रामेश्वर शाहको सहभागिता ।

जनवरी १४: अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको चौथो बैठक । सामूहिक लगानी कोष अपडेट, भिजन नेपाल २०३०, एशिया क्षेत्रीय प्रान्त र अमेरिकाजबाट आइसीसी सदस्यहरूको मनोनयन, सचिवालयको बजेट, कार्यदल गठन लगायतका विषयमा छलफल ।

जनवरी ३१: अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरूको मनोनयन ।

जनवरी ३१: नेपाल सरकार लगानी बोर्ड राष्ट्रिय निर्देशक समितिको दोस्रो बैठकमा संघका महासचिव तेञ्जी शेर्पाको सहभागिता ।

जनवरी ३१ : नेपाल सरकारबाट सन् २०१२/०१३ लाई लगानी वर्षका रूपमा मनाउन गठित समितिको सदस्यमा अध्यक्ष जीवा लामिछाने चयन ।

जनवरी ३१: आर्थिक पत्रकार स्वर्गीय विजयबाबु खत्रीको सम्मानमा विभिन्न मुलुकका एनआरएनहरूद्वारा विजयबाबु कोषमा आर्थिक सहयोग ।

फेब्रुअरी ११: अन्तर्राष्ट्रिय समन्वय परिषद्को दोस्रो पदाधिकारी बैठक । सामूहिक लगानी कोषको प्रतिवेदन र भावी कार्यक्रम, अष्ट्रेलियामा आयोजना हुने सातौं क्षेत्रीय सम्मेलन, संघको २०११-०१३ को बजेट, एनसीसी तथा आइसीसी सदस्यहरूद्वारा विभिन्न परियोजनाको लागि आर्थिक सहयोग, संघका समस्याहरू, कार्यदलहरूको पूर्णता, दोहोरो नागरिकता दलको नेपाल भ्रमणका विषयहरूमा छलफल ।

फेब्रुअरी २३: गैरआवासीय नेपालीहरूको नागरिकता निरन्तरताका सम्बन्धमा काठमाडौंमा सभासदहरूबीच अन्तर्क्रिया ।

फेब्रुअरी २३: संघका अध्यक्ष नेतृत्वको प्रतिनिधिमण्डलद्वारा नागरिकता निरन्तरता, वैदेशिक रोजगार लगायतका विषयहरूमा जानकारी दिन सभामुख सुवासचन्द्र नेम्वाङ, संवैधानिक समितिका सभापति निलाम्बर आचार्य र नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालसँग छुट्टाछुट्टै भेट ।

फेब्रुअरी २४: संघका अध्यक्ष नेतृत्वको प्रतिनिधिमण्डलद्वारा नागरिकता निरन्तताका सम्बन्धमा सम्माननीय राष्ट्रपति, उपप्रधान तथा परराष्ट्र मन्त्री, नेपाली कांग्रेसका संसदीय दलका नेतासँग छुट्टाछुट्टै भेट ।

फेब्रुअरी २४: संघको प्रतिनिधिमण्डलबाट अमृत साइन्स कलेजमा उपकरण हस्तान्तरण ।

फेब्रुअरी २५: संघका अध्यक्ष जीवा लामिछाने र एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालबीच भेट । नागरिकताको निरन्तरता, वैदेशिक रोजगार, गैरआवासीय नेपालीहरूको परिभाषा, संघ दर्ता, सामूहिक लगानी लगायतका विषयमा छलफल ।

फेब्रुअरी २६: संघको प्रतिनिधिमण्डल र नेपाली कांग्रेसका सभापति सुशील कोइरालाबीच भेट । नागरिकताको निरन्तरता, वैदेशिक रोजगार, गैरआवासीय नेपालीहरूको परिभाषा, संघ दर्ता, सामूहिक लगानी लगायतका विषयमा छलफल ।

फेब्रुअरी २७: संघका अध्यक्ष र संस्थापक अध्यक्ष सहितको प्रतिनिधिमण्डलद्वारा प्रधानमन्त्री डा. बाबुराम भट्टराईसँग नागरिकताको निरन्तरता, वैदेशिक रोजगार, गैरआवासीय नेपालीहरूको परिभाषा, संघ दर्ता, सामूहिक लगानीका साथै अन्य सम्बन्धित विषयहरूमा छलफल ।

फेब्रुअरी २९: गैरआवासीय नेपाली संघका अध्यक्ष जीवा लामिछानेले म्याग्दीमा एनआरएन युकेको सहयोगमा उपलब्ध भएको ३ वटा एम्बुलेन्स हस्तान्तरण । कार्यक्रममा एनसीसी यूकेका अध्यक्षको सहभागिता ।

मार्च १: संघको काठमाडौ सचिवालयमा एक कार्यक्रमको आयोजना गरी अध्यक्ष जीवा लामिछानेले विभिन्न परोपकारका योजनाका लागि नगद र सामानको हस्तान्तरण ।

मार्च २: नेपाली सामानहरूलाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन गैरआवासीय नेपालीहरूको भूमिकाबारे नेपालका उद्योग व्यवसायीहरू र गैरआवासीय नेपाली प्रतिनिधिमण्डलबीच अन्तर्क्रिया ।

मार्च ३: संघका अध्यक्षको नेतृत्वमा नेकपा एमालेका अध्यक्ष झलनाथ खनालसँग नागरिकताको निरन्तरता, सामूहिक लगानीका साथै अन्य सम्बन्धित विषयहरूमा छलफल ।

मार्च ४: नेपाली लगानी वर्ष २०१२ मा सञ्चालन गरिने विभिन्न परियोजनाहरू र सामूहिक लगानीबारे संघका अध्यक्ष लामिछाने

र उपाध्यक्ष रामेश्वर शाहद्वारा नेपाल सरकार लगानी बोर्डका कार्यकारी अधिकृत राधेश पन्तसँग छलफल ।

मार्च ५ः संघका अध्यक्षद्वारा अर्थसचिवसँग सामूहिक लगानी र कम्पन्नी दर्ता सम्बन्धी विषयमा छलफल ।

मार्च ७ः संघका अध्यक्षद्वारा नेपालमा गर्न लागेको सामूहिक लगानीबारे कतारमा रहेका नेपालीहरूलाई महत्वपूर्ण क्षेत्रमा लगानी गर्न आग्रह ।

मार्च ९ः युएईको दुवईमा सामूहिक लगानीबारे छलफल ।

अक्टोवर ११ः गैरआवासीय नेपाली दिवस कार्यक्रमको आयोजना ।

मार्च १७ : अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको छैठौं बैठक । संघका अध्यक्षको नेतृत्वमा आएको प्रतिनिधिमण्डलको भ्रमण, कतार र युएईमा भएको सामूहिक लगानी कार्यक्रम सम्बन्धी भ्रमण, संघ दर्ता, आगामी कार्यक्रमहरूका साथै संघको अन्य सम्बन्धित पक्षबारे छलफल ।

मार्च १८ः नेपालमा लगानी प्रबर्द्धन कार्यदलको दोस्रो बैठक । सामूहिक लगानीमा हालसम्म भएका अन्तर्क्रियाहरूको बारेमा विश्लेषण र भावी कार्य योजनाबारे छलफल ।

मार्च २४ः हङकङमा जलविद्युत् लगायत पर्यटन, चिकित्सा, भौतिक पूर्वधारका क्षेत्र, कृषि तथा अन्य क्षेत्रमा लगानी गरिनेबारे छलफल ।

मार्च २६ः चीनको ग्वाङ्भाउमा सामूहिक लगानी कोष, लगानी गर्ने क्षेत्रको पहिचान, यसको महत्व लगायतका विषयमा छलफल ।

मार्च २९ः जापानको टोकियो शहरमा सामूहिक लगानी सम्बन्धी अन्तर्क्रिया । जलविद्युत्मा लगानी गर्न एनआरएन जापानले ५० करोड जम्मा गरेर पठाउने घोषणा ।

मार्च ३१ः कार्यकारी सचिवालयको सातौं बैठक । अध्यक्षको सामूहिक लगानी सम्बन्धी भ्रमण, एनसीसी मकाउको विषय लगायतमा छलफल ।

मार्च ४ः परराष्ट्र मन्त्रालयमा परराष्ट्र नीतिको कार्यान्वयन तथा आर्थिक कूटनीतिका विभिन्न क्षेत्रहरूका बारेमा ओरियन्टेशन कार्यक्रममा गैरआवासीय नेपालीहरूको लगानी सम्बन्धमा संघका उपाध्यक्ष रामेश्वर शाहद्वारा प्रस्तुतीकरण पेश ।

मार्च ५ः काठमाडौंमा नेपाल सरकारका नवनियुक्त राजदूतहरू र संघका पदाधिकारीबीच परिचयात्मक कार्यक्रम ।

अप्रिल ११ः संघको युवा फोरमबाट आवासीय र गैरआवासीय नेपाली युवाहरूको शिक्षा, खेलकूद तथा उद्यमशीलताको विकासमा योगदान सम्बन्धी अन्तर्क्रिया ।

अप्रिल २४-मे ६ः संघका अध्यक्षद्वारा राष्ट्रपति, प्रधानमन्त्री, सभामुख, संवैधानिक समिति, संसद् सचिवालय, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, नेपालका राजनीतिक दलका नेताहरू, संविधानसभाका सभासदहरू, नागरिक समाज र कानूनविद्हरू माफ गैरआवासीय नेपाली संघ, नेपाली नागरिकता निरन्तरता कार्यदलले तयार पारेको नेपाली नागरिकता निरन्तरता सम्बन्धी अवधारणा पत्रबारे जानकारी गराई यसप्रति सम्पूर्ण सरोकारवालाहरूको समर्थनको लागि पहल ।

अप्रिल २५-२६ः श्रम मन्त्री र सचिवसँग मन्त्रालयका सचिवसँग मध्यपूर्वमा वैदेशिक रोजगारीमा गएका श्रमिकहरूको विविध समस्याका बारेमा छलफल ।

मे ९ः युएईमा परिबन्दमा परेका नेपाली नागरिक अमरबहादुर बमलाई युएई सरकारले मुत्युदण्डको फैसला सुनाएपछि संघद्वारा अमर बचाउ अभियानमा सहयोग गर्न अपिल ।

मे २०ः खुला विश्वविद्यालय पूर्वाधार विकास समिति (गठन) आदेश २०६९ को दफा ३ अनुसार समितिको एनआरएनको तर्फबाट क्यानडाका आइसीसी सदस्य डा. प्रमोद ढकाल सदस्यमा नियुक्त ।

मे २१-२३ः सबै राष्ट्रिय समन्वय समितिहरूबाट नागरिकता निरन्तरता लगायत विषयमा नेपाली दूतावासहरू मार्फत नेपाल सरकारलाई ज्ञापनपत्र ।

मे २३ः नेपाल उद्योग वाणिज्य महासंघले आयोजना गरेको शान्ति सद्भाव सभामा संघका पदाधिकारीहरूको सहभागिता ।

जुन १७ः वैदेशिक रोजगार कार्यदलको टोलीद्वारा श्रम सचिव र परराष्ट्र सचिव समक्ष वैदेशिक रोजगार र दूतावास स्थापनाको लागि ज्ञापनपत्र पेश ।

जुन १८ः आ.व. २०६९/०७० को लागि संघको नेपाल सरकारको बजेटमा नीतिगत व्यवस्था गर्नुपर्ने सुझावहरू अर्थसचिव समक्ष पेश ।

जुलाई ४ः प्रधानमन्त्रीको आर्थिक सल्लाहकार परिषद्को तेस्रो बैठक सम्पन्न ।

जुन १८ः संघ र जाइका प्रतिनिधिहरूबीच एक अनौपचारिक बैठक सम्पन्न । मुख्यतः गैरआवासीय नेपाली संघको क्रियाकलाप र लगानीबारे छलफल ।

जुलाई ११ः संघको प्रतिनिधि मण्डलद्वारा पर्यटन मन्त्री र पर्यटन सचिवसँग भेट । नेपालको पर्यटन प्रवर्द्धनका साथै लुम्बिनी भ्रमण वर्षको बारेमा छलफल ।

जुलाई ११ः नेपालका निजी क्षेत्रका व्यवसायीहरू र चिनियाँ उद्योगपतिहरूबीच छलफल ।

जुलाई १३ः प्रस्तावित नेपाल खुला विश्वविद्यालयको व्यावसायिक योजनाको आधारपत्र प्रस्तुत गर्न शिक्षा मन्त्रीको अध्यक्षतामा एक गोष्ठीको आयोजना ।

जुलाई १९ः परराष्ट्र मन्त्रालयद्वारा विदेशस्थित नेपालका दूतावास तथा कुटनीतिक नियोगमा एनआरएन डेस्क स्थापनाको लागि परिपत्र जारी ।

जुलाई २४ः धितोपत्र बोर्डमा एक छलफल कार्यक्रम सम्पन्न ।

अगस्ट ७ः राष्ट्रिय समन्वय समितिबाट लिइएको परामर्श र तत्पश्चात भएको अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकको निर्णय अनुसार संघको दर्ता सम्बन्धी कार्यदलले सम्पूर्ण प्रक्रिया टुंग्याई गैरआवासीय नेपाली संघ नेपालमा कानूनी रूपमा दर्ता गर्न नेपाल सरकार समक्ष पुनः निवेदन पेश ।

अगस्ट १५ः संघका अध्यक्ष एनआरएन सल्लाहकार बोर्डको बैठकमा सहभागी ।

अगष्ट ३० - सेप्टेम्बर १ः अष्ट्रेलियाको सिड्नीमा सातौं गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन सम्पन्न ।

सेप्टेम्बर ५: एनआरएन सिंगापुरको आयोजना संघका अध्यक्षको उपस्थितिमा सामूहिक लगानी सम्बन्धी अन्तर्क्रिया कार्यक्रम आयोजना ।

सेप्टेम्बर १४: नेपाल सरकारको अनुरोधमा दुबईमा मृत्युदण्डको सजाय सुनाइएका दुर्गाबहादुर सुनारलाई बचाउनको लागि क्षतिपूर्ति सहयोग स्वरूप २ लाख रूपैयाँ सहयोग ।

सेप्टेम्बर १५: एनआरएन फिनल्याण्डको आयोजनामा संघका अध्यक्षको उपस्थितिमा सामूहिक लागानी सम्बन्धी कार्यक्रम सम्पन्न ।

सेप्टेम्बर १७: युगाण्डामा गैरआवासीय नेपाली संघको ६२औं राष्ट्रिय समन्वय परिषद् गठन ।

सेप्टेम्बर २२: संघको पदाधिकारी समितिको चौंथो बैठक सम्पन्न । मुख्यतयाः गैरआवासीय नेपाली दिवस- २०११, परोपकारी परियोजना, सामूहिक लगानी, संघको दर्ता र अन्य समसामयिक विषयमा छलफल ।

सेप्टेम्बर २३: दक्षिण सुडानमा गैरआवासीय नेपाली संघको ६३औं राष्ट्रिय समन्वय परिषद् गठन ।

सेप्टेम्बर २४: गैरआवासीय नेपालीहरूको मतदान सम्बन्धी व्यवस्थाबारे निर्वाचन आयोगमा बैठक ।

सेप्टेम्बर २७: ३३औं विश्व पर्यटन दिवस कार्यक्रममा संघका महासचिव र कार्यकारी निर्देशकको सहभागिता ।

अक्टुबर १०: तान्जानियामा गैरआवासीय नेपाली संघको ६४औं राष्ट्रिय समन्वय परिषद् गठन ।

अक्टुबर ११: प्रधानमन्त्रीको प्रमुख आतिथ्यमा काठमाडौंमा गैरआवासीय नेपाली दिवस सम्पन्न ।

अक्टुबर १४: राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा एनआरएन सल्लाहकार बोर्डको दोस्रो बैठक सम्पन्न । संघका अध्यक्षको सहभागिता ।

अक्टुबर २०: नेपाल सरकारका सचिवहरू र संघका पदाधिकारीहरूबीच रात्रिभोज सम्पन्न ।

नोभेम्बर ३०: एनआरएन इन्भेष्टमेन्ट कम्पनीको लागि संयुक्त लगानी संकलनका लागि समय सीमा १ जनवरी २०१३ सम्म थप्ने निर्णय ।

डिसेम्बर: ५-१२ सम्म संघका अध्यक्षद्वारा नेपालका विभिन्न सरोकारवाला नागरिकता, लगानी र गैरआवासीय नेपाली सम्बन्धमा बनेको ऐन र नियमावली आदिबारे छलफल ।

डिसेम्बर ९: राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा एनआरएन सल्लाहकार बोर्डको तेस्रो बैठक सम्पन्न । एनआरएनको परिभाषा, परिचयपत्र, संघ दर्ता लगायतका विषयमा छलफल ।

डिसेम्बर १२: संघका अध्यक्षद्वारा राष्ट्रपति डा. रामवरण यादवसँग भेट गरी संघ दर्ता र गैरआवासीय नेपालीको नागरिकता लगायत विषयमा जानकारी ।

डिसेम्बर १५: ३५औं आइसीसी बैठक सम्पन्न । एनआरएन सामूहिक लगानी कोषको प्रगति विवरण, नागरिकता निरन्तरता, वैदेशिक रोजगार, संघ दर्ता, सातौं क्षेत्रीय सम्मेलन र गैरआवासीय नेपाली दिवसको प्रतिवेदन, नेपाल पूर्वाधार कम्पनीसँग सम्झौतामा हस्ताक्षर, महिला विश्व सम्मेलन, सामाजिक सशक्तीकरण च्याम्पियनका साथै अन्य सरोकारका विषयमा छलफल ।

## सन् २०१३

जनवरी ९: संघका अध्यक्ष चितवन महोत्सवमा सहभागी ।

जनवरी १५: रसुवा जिल्लामा रहेको तल्लो मेलुङ हाइड्रोपावर प्रोजेक्टको अवलोकन ।

जनवरी १७: काठमाडौं-हेटौंडा सुरूङमार्ग निर्माणमा सहकार्यका लागि संघ र नेपाल पूर्वाधार विकास कम्पनी लिमिटेडबीच सम्झौतापत्रमा हस्ताक्षर ।

जनवरी १७: पूर्वसभामुख सुवासचन्द्र नेम्वाङ र कानूनविद्हरू राधेश्याम अधिकारी, खिमलाल देवकोटा र अग्नी खरेलसँग भेट गरी गैरआवासीय नेपालीहरूको नागरिकताको निरन्तरता र हालै दोहोरो नागरिकता विरूद्धमा सर्वोच्चमा परेको रिटबारे छलफल ।

जनवरी १८: संघका अध्यक्ष नेतृत्वको प्रतिनिधिमण्डलद्वारा उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठसँग भेटघाट । मूख्यतयाः संघ दर्ता, सामूहिक लगानी, गैरआवासीय नेपाली परिचयपत्र सम्बन्धमा छलफल ।

जनवरी १९: एनसीसी युकेको सहयोगमा गैरआवासीय नेपाली संघ परोपकारी परियोजना अन्तर्गत जुम्ला जिल्लाको मितेरी प्रसूति गृहलाई सहयोग । संघका अध्यक्ष र एनसीसी युकेका अध्यक्षद्वारा संयुक्त रूपमा चेक एक्सन वक्स नेपाल (एवोन) का अध्यक्ष राधा पौडेललाई हस्तान्तरण ।

जनवरी २०: गैरआवासीय नेपाली संघ र नेपाल उद्योग वाणिज्य महासंघबीच सम्झौतापत्रमा हस्ताक्षर । महासंघको भवनको चौथो तल्ला थप्नका लागि १० लाख सहयोग प्रदान ।

जनवरी २०: सिन्धुली र रोल्पाका द्वन्द्वपीडित बालबालिकाहरू, क्यान्सरपीडित बालिकालाई आर्थिक सहयोग ।

जनवरी २१: संघको महिला फोरमद्वारा नेपालमा भइरहेको महिला हिंसा विरूद्धको धर्नामा ऐक्यवद्धता जनाउँदै सहभागिता ।

जनवरी ७-२७ सम्मः संघका अध्यक्षद्वारा नेपाल भ्रमण । नेपाल सरकारका साथै विभिन्न सरोकारवालाहरूसँग एनआरएनका हकहितको लागि भेटघाट तथा छलफल कार्यक्रममा सहभागिता ।

मार्च १६: आइसीसीको ३६ औं बैठक साइबर कन्फरेन्समार्फत सम्पन्न । उक्त बैठकमा विशेषगरी गैरअवासीय नेपाली विश्व सम्मेलन, संघको अन्तर्राष्ट्रिय महाधिवेशन, क्षेत्रीय बैठकहरूका विषयमा छलफल गरी निर्णय ।

मार्च २४: संघका अध्यक्षको चुनावी मन्त्रिपरिषद्का अध्यक्ष सम्माननीय खिलराज रेग्मीसँग भेट ।

मार्च २९: संघको सहकार्यमा मध्यपूर्वमा रहेका महिला वैदेशिक रोजगार सम्बन्धी सर्वेक्षणको प्रारम्भिक प्रतिवेदन कार्यक्रम युएन वोमन तथा निड्सको आयोजनामा सम्पन्न ।

अप्रिल ८ः भक्तपुर उद्योग वाणिज्य संघले एनसीसी रसियाको सहयोगमा सञ्चालन गरिएको काष्ठकलाका प्रशिक्षार्थी समापन कार्यक्रममा संघका पदाधिकारीहरूको सहभागिता ।

अप्रिल १०ः नेउवा महासंघको ४७ औं साधारणसभामा संघका पदाधिकारीहरूको सहभागिता ।

अप्रिल १४ः संघका अध्यक्षको उपस्थितिमा ६५ औं राष्ट्रिय समन्वय परिषद् चेक रिपब्लिकको गठन ।

अप्रिल २७ः अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको ११ औं बैठक सम्पन्न ।

मे २ः संघका अध्यक्षको नेतृत्वमा परराष्ट्र मन्त्रीसँग भेटघाट । एनआरएन विश्व सम्मेलन, एशिया प्रशान्त र युरोपेली क्षेत्रीय बैठक, बुद्धको प्रतिमा प्रतिस्थापना, खुला विश्वविद्यालय, कागजात प्रमाणीकरण, महावाणिज्य दूतावास स्थापना, गैरआवासीय नेपाली ऐनको प्रावधान तथा कार्यान्वयनमा देखा परेका समस्या साथै अन्य सरोकारका विषयहरूमा छलफल ।

मे ४ः नेपाल उच्च माध्यमिक विद्यालय रत्ननगर चितवनमा विद्यालय सूचना प्रविधिको प्रयोग कार्यक्रमको उद्घाटन । कार्यक्रममा संघका अध्यक्षको सहभागिता ।

मे ९ः संघका अध्यक्षको अर्थमन्त्रीसँग भेटघाट । मुख्यतया सीआइपी, एनआरएनहरूको लगानीका साथै गैरआवासीय नेपालीका आर्थिक सरोकारका विषयमा छलफल ।

मे १२ः संघका अध्यक्ष र शिक्षा मन्त्रीबीच भेटघाट । मुख्यतया खुला विश्वविद्यालयको बोर्ड सहकार्य साथै अन्य शिक्षा सम्बन्धी विषयमा छलफल।

मे १३ः संघका अध्यक्षले एनसीसी नाइजेरियाद्वारा परोपकारी परियोजना अन्तर्गत उपलब्ध गराएको रकम पुस्तक प्रकाशनमा सहयोग गरेवापत् सञ्चारकर्मी तथा मानवअधिकारकर्मी कृष्ण कँडेललाई हस्तान्तरण ।

जुन ४ः संघका उपाध्यक्ष एवं संघ दर्ता कार्यदलका संयोजकद्वारा संघ दर्ता प्रक्रियाबारे कानूनविद्हरू सुभाष नेम्वाङ, राधेश्याम अधिकारी, अग्नी खरेल लगायतसँग छलफल ।

जुन ५ः हेगस्थित अन्तर्राष्ट्रिय अदालतमा करिब २ फिट अग्लो र बुद्ध नेपालमा जन्मेको विवरणका साथै बुद्धको सन्देश कुँदिएको प्लेट नेपाली दूतावास बेल्जियम पठाउने कार्य सम्पन्न ।

जुन २४ः नेदरल्याण्डको हेगस्थित अन्तर्राष्ट्रिय कार्यालयको परिसरमा भगवान् बुद्धको प्रतिमा एक कार्यक्रमबीच प्रतिस्थापना ।

जुन २८ः परराष्ट्र मन्त्रीको अध्यक्षतामा आयोजना भएको उच्चस्तरीय आर्थिक कूटनीति सञ्चालन तथा अनुगमन समितिको बैठकमा संघका सल्लाहकार कुलचन्द्र गौतम र कार्यकारी निर्देशकको सहभागिता ।

जुलाई १७ः संघका अध्यक्ष नेतृत्वको प्रतिनिधिमण्डलले मन्त्रिपरिषद् का अध्यक्ष खिलराज रेग्मीलाई प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषको खातामा जम्मा हुने गरी पहिलो चरणमा उपलब्ध कूल ५० लाख रुपैयाँका दुईवटा चेक हस्तान्तरण ।

जुलाई १८ः राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा गैरआवासीय नेपाली सल्लाहकार बोर्डको बैठक सम्पन्न । छैटौं एनआरएन विश्व सम्मेलन सम्बन्धी तयारी, एनआरएन परिचय-पत्र, संघ दर्ता लगायतका विषयमा छलफल ।

अगष्ट ४ः अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको १२औं बैठकमा छैठौं गैरआवासीय नेपाली विश्व सम्मेलनको ब्यानर, ब्याच, कार्यक्रम तालिका, बजेटबारे छलफल ।

सेप्टेम्बर ६ः छैठौं विश्व सम्मेलन, अन्तर्राष्ट्रिय महाधिवेशन र राष्ट्रिय महाधिवेशनका सम्बन्धमा छलफल गर्न संघको बैठक सम्पन्न ।

सेप्टेम्बर ९ः नेपाल सरकारद्वारा गठित छैठौं गैरआवासीय नेपाली विश्व सम्मेलन आयोजक उच्चस्तरीय समितिको प्रथम बैठक गृह तथा परराष्ट्र मन्त्री माधवप्रसाद घिमिरेको अध्यक्षतामा परराष्ट्र मन्त्रालयमा सम्पन्न । विश्व सम्मेलनको तयारी, संघ दर्ता, वैदेशिक रोजगार र लगानी सम्बन्धमा छलफल ।

सेप्टेम्बर १०-११ः संघका अध्यक्षले आगामी संविधानसभाको निर्वाचनको लागि नेपालका प्रमुख राजनीतिक दलका घोषणापत्रमा समावेश गर्नका लागि गैरआवासीय नेपाली संघका तर्फबाट तयार गरिएको सुझावहरू बुझाउने कार्य सम्पन्न ।

सेप्टेम्बर १५ः संघका अध्यक्षले परोपकारी परियोजना अन्तर्गत राष्ट्रिय समन्वय परिषद् जर्मनीबाट दार्चुला बाढीपीडितको लागि उपलब्ध गराएको रकम रू. ६,१५,४९८.१५ जिल्ला स्वास्थ्य कार्यालय दार्चुलाका प्रतिनिधिलाई हस्तान्तरण ।

सेप्टेम्बर २३ः छैठौं विश्व सम्मेलनको कार्यक्रम तय गर्न, सम्मेलनको उद्घाटन एवं समापन कार्यक्रमहरूको लागि प्रमुख अतिथिहरूलाई आमन्त्रण गर्ने तथा अन्य सरोकारका विषयहरूमा छलफल गर्न विश्व सम्मेलन आयोजक उच्चस्तरीय समितिको दोस्रो बैठक गृह तथा परराष्ट्र मन्त्री माधवप्रसाद घिमिरेको अध्यक्षतामा परराष्ट्र मन्त्रालयमा सम्पन्न ।

सेप्टेबर २५ः परोपकारी परियोजना अन्तर्गत काभ्रे जिल्लाको भैंसेपाटी, साँगा क्षेत्रका १००० जना स्थानीय बासिन्दाहरूको स्वास्थ्य परीक्षण तथा औषधि वितरण ।

सेप्टेम्बर ३०ः छैठौं विश्व सम्मेलनमा वैदेशिक रोजगारीका विषयहरू सम्बोधन गर्न कस्ता कार्यक्रमहरू सञ्चालन गर्नेबारे श्रम तथा रोजगार मन्त्रालयमा छलफल ।

अक्टोबर १ः विश्व सम्मेलनमा वैदेशिक रोजगारीका विषयहरू सम्बोधन गर्न कस्ता कार्यक्रमहरू सञ्चालन गर्नेबारे वैदेशिक रोजगार क्षेत्रमा कार्य गरिरहेका संघसंस्थासँग छलफल ।

अक्टोबर ९ः नेपालको आर्थिक कूटनीति प्रभावकारी परिचालनमा एनआरएनको भूमिका) विषयक अन्तर्क्रिया कार्यक्रमम ।

अक्टोबर १०ः गैरआवासीय नेपाली संघ (एनआरएनए) र नेपाल प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा काठमाडौंमा अन्तर्राष्ट्रिय नेपाली साहित्य संगोष्ठी । उक्त गोष्ठीमा गैरआवासीय नेपाली संघ (एनआरएनए) र नेपाल प्रज्ञा प्रतिष्ठानबीच गैरआवासीय ने पाली (डायस्पोरा) का साहित्यलाई प्रवर्द्धन गर्ने सम्झौता ।

अक्टोबरः १९-२२ छैठौं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय महाधिवेशन ।



**लण्डन:** एनआरएनको पहिलो बैठकका सहभागी, अगष्ट २००३ ।



पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग एनआरएनहरू ।




दोस्रो विश्व सम्मेलन ।



तेस्रो विश्व सम्मेलनलाई सम्बोधन गर्दै गिरिजाप्रसाद कोइराला ।




पहिलो विश्व सम्मेलनका सहभागीहरू ।




चौथो विश्व सम्मेलनमा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल लगायत ।



पाँचौ विश्व सम्मेलनमा तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई लगायत ।




सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्दै ।




चौंथौ विश्व सम्मेलनको उद्घाट गर्दै
राष्ट्रपति डा. रामवरण यादव ।




पाँचौ क्षेत्रीय सम्मेलन २०६७, दुवई ।




चौंथौ गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन ।



सातौं क्षेत्रीय सम्मेलन,
सिड्नी, अष्ट्रेलिया ।




पाँचौ विश्व सम्मेलनबाट
निर्वाचित पदाधिकारी ।




छैटौं क्षेत्रीय सम्मेलन, मस्को ।



उपराष्ट्रपति परमानन्द झाले आयोजना
गरेको चियापानमा एनआरएनहरू ।




दोस्रो क्षेत्रीय
सम्मेलन, जर्मनी ।




विश्व सम्मेलनका अवसरमा आयोजित
क्रिकेट प्रतियोगिताका खेलाडी ।




अन्तर्राष्ट्रिय नेपाली साहित्य सङ्गोष्ठी
२०७० मा सहभागी ।



एनआरएन दोहा ।




अन्तर्राष्ट्रिय विमानस्थलमा ट्रली
हस्तान्तरण कार्यक्रम ।



पाँचौं विश्व सम्मेलनको अवसरमा
आयोजित रक्तदान कार्यक्रम ।



२१ असोजमा काठमाडौंमा सम्पन्न नेपालको आर्थिक कूटनीति प्रभावकारी
परिचालनमा एनआरएनको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम ।



सर्वोच्च शिखर सगरमाथामा
एनआरएनको झण्डा ।